केसर पुस्तकालय

शतवार्षिक महोत्सव

Kaiser Library: a Centenary (1908-2008 AD)

१०० वर्ष

स्मारिका

२०६५

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

केसर पुस्तकालय

केसर महल, काठमाण्डौं

नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर महल



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर पुस्तकालय

केसर पुस्तकालय शतवार्षिक महोत्सव

Kaiser Library: a Centenary (1908-2008 AD)

स्मारिका

२०६५

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
केसर पुस्तकालय
केसर महल, काठमाण्डौं
नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक

केसर पुस्तकालय

केसर महल, काठमाडौ, नेपाल

फोन नं.: ४४११३१८

फ्याक्स नं.: ४४४२०१०

E-mail: info@klib.gov.np

Website: www.klib.gov.np

प्रकाशित लेखहरुमा व्यक्त गरिएका विचारहरु लेखकका आफ्नै विचारहरु हुन

स्मारिका प्रकाशन समिति

श्री भोला कुमार श्रेष्ठ

श्री दुर्गा प्रसाद पाठक

श्री गणेश वैठा

श्रीमती शुसिला घिमिरे

पोष्ट कार्ड प्रकाशन समिति

श्रीमती लिला सिंह खनाल

श्री ललिता देवी मानन्धर

श्री अमुल्यनारायण कण्ठ

श्रीमती निमा धिताल

कार्यक्रम व्यवस्थापन समिति

श्री सिताराम श्रेष्ठ

श्रीमती शुभद्रा वास्कोटा

श्री कृष्ण प्रसाद घिमिरे

श्री माधव प्रसाद ढकाल

श्री शेषानन्द घिमिरे

कम्प्युटर तथा आवरण साजसज्जा

हरि अधिकारी, फोन नं :४४३६३७७,५५३८४९७

प्रिन्टिङ्ग: भेराइटी प्रिन्टर्स, कुलेश्वर, काठमाण्डौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

(..शाखा)

फोन नं. ४४११७०४, ४४१२०१३, ४४१८१९१, ४४१८७८४

पत्र संख्या:- ०६४/०६५

चलानी नं.:-

केशरमहल,
काठमाडौं, नेपाल ।

मितिः ....२०६५।०२।०८........

विषय :- शुभकामना ।

केसर पुस्तकालयले आफ्नो १०० बर्ष पुगेको उपलक्ष्यमा केसर पुस्तकालय शतवार्षिक महोत्सव स्मारिका २०६५ प्रकाशन गर्न लागेको जानकारी पाँउदा मलाई खुशी लागेको छ ।

केसर पुस्तकालयको स्थापना केसर शमशेरको निजी पुस्तकालयको रूपमा भएको भएतापनि नेपाल सरकारलाई हस्तान्तरण पश्चात् (सन् १९६८ देखि) सर्वसाधारण नेपाली जनताले समेत यसको प्रयोग गर्दै आएका छन् । शिक्षा र समाजको सर्वाङ्गिण विकासको लागि पुस्तकालय एउटा सशक्त माध्यम हो भन्ने कुरा २०६४ मा पारित पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीतिले पनि स्पष्ट पारेको छ । यस अवस्थामा केसर पुस्तकालयले नेपाली जनताहरूलाई जीवनपर्यन्त अध्ययन गर्ने सँस्कृतिमा सघाउ पुऱ्याउँन ठूलो भूमिका खेल्नु पर्दछ । तथापी केसर पुस्तकालयले निरन्तर रूपमा स्वदेशी तथा विदेशी विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता र सर्वसाधारणलाई पुऱ्याएको योगदान प्रशंसनीय छ ।

केसर पुस्तकालय स्थापनाको १०० औं वर्ष पुगेको उपलक्ष्यमा प्रकाशन हुन लागेको स्मारिकाले केसर पुस्तकालयको समग्र पक्षलाई समेट्दै अगाडि बढोस् र आगामी दिनहरूमा यसले प्रभावकारी सेवा प्रदान गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दै स्मारिका प्रकाशनसँग सम्वद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

....

बालानन्द पौडेल
सचिव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

(..शाखा)

फोन नं. ४४११७०४, ४४१२०१३, ४४१८१९१, ४४१८७८४

पत्र संख्या:- २०६४।६५
चलानी नं.:-

केशरमहल,
काठमाडौं, नेपाल।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
केशरमहल काठमाडौं नेपाल

मिति: २०६५।२।२०

विषय :- **शुभ-कामना ।**

केसर शमशेरको निजी पुस्तकालयको रुपमा स्थापना भएको केसर पुस्तकालय सय वर्ष पुगेको उपलक्ष्यमा स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

संस्कृति संम्पदाको धरोहरको रुपमा रहेको केसर पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण भएपछि यसले स्वदेशी तथा विदेशी पाठकहरुलाई पुऱ्याउँदै आएको योगदानलाई म प्रसंशा गर्दछु । लोकतन्त्रको जँग वलीयो वनाउन पुस्तकालयको अपरिहार्य आवश्यकतालाई हामीले विर्सनु हुन्न । आउने दिनहरुमा सूचना प्रविधिको युग अनुकूल यस पुस्तकालयले अझ बढी प्रभावकारी सेवा र योगदान प्रदान गर्न सकोस भन्ने शुभ-कामना व्यक्त गर्दै स्मारिका प्रकाशनसँग सम्वद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, केसर पुस्तकालयको शतवार्षिक महोत्सवको पूर्ण सफलताको कामना गर्दछु ।

(शंकर प्रसाद पांण्डे)
सचिव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्पादकीय

सर्वप्रथम साधुवाद केसर शमशेरलाई, यो ज्ञानको महासागर (केसर पुस्तकालय) वनाउने व्यक्तिगत लगावका लागि । स्कुल, पुस्तकालय खोल्न अपराध मानिने राणा शासक परिवारमा जन्मेका केसर शमशेरमा सानै उमेरदेखि पुस्तकप्रति मोह थियो । सन् १९०८ मा ब्रिटेनको ब्रिटिश म्युजियम् पुस्तकालयको अवलोकनबाट केसर शमशेरमा पुस्तकालय खोल्ने प्रेरणा प्राप्त भयो । सोही प्रेरणाको फल हो केसर पुस्तकालय ।

करीव ६० वर्ष यो पुस्तकालय केसर शमशेरको निजी पुस्तकालयको रुपमा रहेको थियो । राणा शासनको समयमा सर्वसाधारणले यो पुस्तकालयको प्रयोग गर्न पाउने त कुरै थिएन, तर पनि केही स्वदेशी तथा विदेशी विद्वानहरुले यसको प्रयोग नगरेका त होइनन् । यसमा विख्यात फ्रेन्च विद्वान सिल्भान लेभी, सिसिल वेण्डाल, भारतीय विद्वान हरप्रसाद शास्त्री, जुसेप टुचि, पर्सिभल लाण्डनले यसको प्रयोग गरेका थिए । भारतीय प्रधानमन्त्री जवाहारलाल नेहरुले समेत यस पुस्तकालयको दुई चोटी अवलोकन भ्रमण गरेका थिए ।

२००७ साल पछि भने नेपाली विद्वानहरुलाई पनि यस पुस्तकालयको प्रयोगको लागि केही सहजता भयो । केसर शमशेरले आफ्नो जीवनकालको धेरै समय, शक्ति र पैसा यो पुस्तकालयको विकासमा खर्च गरेका थिए । जसले गर्दा आज पनि देशले गर्व गर्न सकिने पुस्तकालयको रुपमा केसर पुस्तकालय रहेको छ । केसर शमशेरको मृत्यु पश्चात् उनको इच्छाअनुसार श्रीमती कृष्णचन्द्रदेवी र उहाँका परिवारले केसर पुस्तकालय, केसरमहल, स्वप्न वगैचा र यसले ओगटेको साँढे बत्तीस रोपनी जग्गासहित केसर पुस्तकालयको नाममा सरकारलाई सन् १९६८ सेप्टेम्वर ११ मा हस्तान्तरण गरे । यसरी नेपाल सरकारको स्वामित्वमा आएको पनि ४० वर्ष भईसक्यो । जसरी केसर शमशेरले आफ्नो तन, मन, धन लगाएर यसको विकास गरेको थियो, नेपाल सरकारमा आएपछि यसको विकास गति त्यति हुन सकेन ।

हाल केसर पुस्तकालयमा केसर शमशेरबाट प्राप्त अट्ठाईस हजारसमेत गरी करीव पचपन्न हजार पुस्तक, पत्रपत्रिकाहरु पुगेको छ । ६ सय थान भन्दा वढी हस्तलिखित ग्रन्थहरु, तस्वीरहरु, वाघ भालुका टाउकाहरु र चित्रकलाले केसर पुस्तकालय सजिएको छ ।

सन् १९६८ देखि सर्वसाधारणलाई खुल्ला गरिएको यस पुस्तकालयले पाठक सेवालाई नै आफ्नो धर्म सम्झेको छ । पाठकहरुको इच्छा, आकांक्षा र आवश्यकतालाई भावी दिनहरुमा पनि उच्च प्राथमिकता दिइने छ ।

केसर पुस्तकालय १०० वर्ष पुगेको उपलक्ष्यमा यो स्मारिका प्रकाशन गरी नयाँ नेपालका जनताहरुमा अर्पण गर्न पाउँदा केसर पुस्तकालय परिवार गौरवान्वित भएको छ । लेखहरु उपलब्ध गराई सहयोग गर्नु हुने सर्जकहरुप्रति पुस्तकालय परिवार हार्दिक कृतज्ञता व्यक्त गर्दछ । साथै यो स्मारिका प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने श्री दशरथ थापा, श्री जुजुभाई डंगोल, श्री अनिलचन्द्र श्रेष्ठ, श्री यादवचन्द्र निरौलाप्रति हार्दिक आभार व्यक्त गर्दछौ ।

अन्तमा, शिक्षा तथा खेलकुद मंन्त्रालयबाट प्राप्त सहयोगको लागि पनि पुस्तकालय परिवार कृतज्ञता प्रकट गर्दछ ।

पुस्तकालय परिवार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय सूची

क्र.सं.	शीर्षक	लेखक	पृष्ठ
१.	केसर शमशेर र उनका अमर कृति	डा. रमा (पाण्डे) शर्मा पौडेल	१
२.	केसर पुस्तकालयको १०० औं वर्षमा	भोला कुमार श्रेष्ठ	१२
३.	केसर महलको बगैंचा-वनस्पतिको संगमस्थल	लोकभक्त राणा	१८
४.	सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको अवस्था, अवसर तथा चुनौतिहरु	जुजुभाई डंगोल	२४
५.	केसर पुस्तकालय	मुरारिविनोद पोखरेल	३६
६.	स्वप्न बगैंचामा मेरो अनुभव	अरुणकान्त पौडेल	४०
७.	केसर पुस्तकालयका हस्तलिखित ग्रन्थहरुको सिघ्र संरक्षणको खाँचो	लिला सिंह खनाल	४२
८.	पुस्तकालय धर्म र आचारसंहिता	इन्द्र प्रसाद अधिकारी	४५
९.	केसर पुस्तकालयका पिता-फिल्ड मार्शल केसर शमशेर	रमेशनाथ पाण्डे	५०
१०.	पुस्तकालय तथा सूचना व्यवस्थापनः सिंगापुरबाट सिकेको पाठहरु	यादव चन्द्र निरौला	५१
11.	Kaiser Shumsher, his library and his Manuscript Collection	Dragomir Dimitrov and Kashinath Tamot	56
12.	National Library: Its existence in Nepal	Dasharath Thapa	68
13.	The Nightingale of Kaiser Library	Jagadish Shumsher JBR	77
14.	Library and Information Science Education in Nepal	Dr. Madhusudan Karki	81
15.	Kaiser Shmusher among the Archaeologists	Sukra Sagar Shrestha	90
16.	Kaiser Library: New Section and Its Services	Ganesh Baitha	96
17.	Photo Gallery		99

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर शमशेर र उनका अमर कृति

डा. रमा (पाण्डे) शर्मा पौडेल*

केसर शमशेर जङ्गवहादुर राणा धीर शमशेरका नाति तथा चन्द्र शमशेरका साहिला सुपुत्र थिए । केसरको जन्म वि.सं. १९४८ पौषमा लोकभक्त लक्ष्मीको कोखबाट थापाथली दरवारमा भएको थियो । उनको आफ्नो मुमा पट्टीका दाजुभाइहरूमा मोहन शमशेर, बवर शमशेर, सिंह शमशेर र कृष्ण शमशेर थिए भने कान्छी मुमातर्फबाट विष्णु शमशेर, शङ्कर शमशेर र मदन शमशेर थिए । उनी श्री ३ राणाका सन्तति भएकाले वाल्यवस्था सुख-शयल र ऐस आरामकासाथ व्यतीत भएको थियो । उनको प्रारम्भिक शिक्षा पनि दरवारभित्र योग्य र विषयगत शिक्षकहरूबाट सम्पन्न भएको थियो । उनी इमान्नदार, मेहनती, परिश्रमी र अनुशासनपूर्ण भएकाले आफ्नो गुरुहरूका प्यारा थिए । उनको स्मरणशक्ति र वाकपटूताले शिक्षकहरू र सहपाठीहरू प्रसन्न (उनीसित) थिए । उनी इन्ट्रेन्स अध्ययनका लागि कलकत्ता गई अध्ययन गर्न थाले । त्यहाँ पनि आफ्नो कक्षामा सवैको लागि लोकप्रिय नै भएका थिए । उनलाई उनका साथीहरूले हिड्ने विश्वकोष भन्ने उपाधी प्रदान गरेका थिए । हुन पनि उनमा जसले जति वेला जे प्रश्नको उत्तर खोज्यो तत्काल सही उत्तर दिन सक्ने क्षमता थियो । यसैले त उनी इन्ट्रेन्सको अन्तिम परीक्षामा पनि सर्वोत्कृष्ट अङ्क प्राप्त गर्न सफल भएका थिए । तत्पश्चात् उनी नेपाल फर्की आफ्नै महलमा विभिन्न पुस्तकहरू खरिद गरी अध्ययन गर्ने, पुस्तक, पत्रपत्रिकाहरू सङ्कलन गर्ने कार्य जारीनै राखेकाले अन्त्यमा पुस्तकालयको जन्म भएको थियो ।[१] उनी आफ्नो पुस्तकालयमा दिनमा १६ घण्टा अध्ययन गर्ने समय-समयमा प्रकाण्ड विद्वान तथा प्रतिष्ठित व्यक्तिहरू जस्तै राष्ट्रपति डा. राजेन्द्र प्रसाद, डा. सर्वपल्ली राधाकृष्णान, प्रधानमन्त्री जवाहारलाल नेहरू आदिसँग राष्ट्रियहितका वार्तालाप गर्नुका साथै नेपाली साहित्यकार तथा कलाकार चन्द्रमान मास्के, लैनसिंह वाङ्देल, कवि शिरोमणी लेखनाथ पौडेल, धर्मराज थापालाई प्रोत्साहित गर्ने गर्दथे । उनी सरस्वतीका उपासक तथा साधक भएकोले होला आफ्नो पुस्तकहरू कुन तलाको कुन आलमारीमा कति पृष्ठमा के विषय उल्लेख छ भन्ने वारे कण्ठै थियो । अतएवः उनको वौधिक क्षमता र हेक्का शक्ति देखेर सवैले Photo graphic memory भन्ने गर्दथे ।[२]

उनी प्रायः एकमुष्ट धनराशी नै बेलायतका प्रकाशकहरूलाई पठाई त्यहाँवाट प्रकासन हुने सम्पूर्ण पुस्तकहरू आफूकहाँ उपलब्ध गराइदिन आग्रह गर्दथे । उनी सँस्कृत, नेपाली, अंग्रेजी, हिन्दी भाषाका साहित्यहरू, ज्योतिषशास्त्र, दर्शन, धर्म, कला, सँस्कृति, राजनैतिक शास्त्र आदि पुस्तकहरू अध्ययन गर्न अभिरुची लिनुका साथै त्यस्ता पुस्तकहरू पनि सङ्कलन गर्दथे । उनले सादा जीवन उच्च विचारको सुत्रलाई आफ्नो व्यवहारिक जीवनमा लागू गरेको हुँदा स्वदेशी पोशाक लवेदा सुरुवाल र खास्टो सदैव प्रयोग गर्ने गर्दथे ।

उनी धर्म सँस्कृति परम्पराप्रति ज्यादै निष्ठा राख्दथे । उनी ईश्वरप्रति ठूलो आस्था र विश्वास राख्ने भएकाले महलमा ठूलासाना सवै चाडवाडहरू उल्लासका साथ मनाइने प्रचलन थियो । उनी विष्णुका परम भक्त थिए । उनी प्रायः मध्य रातमा सुनको थालमा जल भरी कुशद्वारा तान्त्रिक साधना गर्ने गर्दथे ।[३]

*सहप्राध्यापक, सरस्वती क्याम्पस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनको नवग्रह र पञ्चकुमारीप्रति अक्षण्ण विश्वास र भक्ती थियो । उनको शयन कक्षका भित्ताहरू, पूजा कक्षका द्वारको तोरण, महलको मूलद्वार, वगैचा तथा स्वप्न वगैचाको मूलद्वार सामुन्ने रहेका देव देवताहरूको मूर्ति तथा पिठहरू नै यसका ज्वलन्त उदाहरण हुन् ।[४]

उनी धुरन्धर ज्योतिषविद् भएकाले समयसमयमा जन्मकुण्डली, लग्नकुण्डली, गर्भकुण्डली आदि समस्याको समाधान आफै दृष्टि गोचर गर्दथे । उनी ज्योतिष शास्त्रसँग सम्वन्धित जातका भरण र मानसागरी जस्ता हिन्दी पुस्तक अध्ययन गर्ने पनि गर्दथे । उनलाई ज्योतिषसम्वन्धी समस्या आईपरे तात्कालीक पं. हेमराज पाण्डेसँग परामर्श लिने गर्दथे । त्यसोत उनको वेलाएतका ज्योतिष विद्हरूसित पनि संगत नभएको होइन तर उनीहरूसँग प्रश्नको उत्तर खोज्ने प्रयास गर्दा एकपटकमा ३ गीनी खर्च हुने हुँदा स्वदेशकै प्रतिष्ठित ज्योतिषविद्हरूसँग सम्पर्क राख्ने गर्दथे । उनले एकपटक जन्मकुण्डली र गर्भकुण्डलीबाट आयुको के विचार प्राप्त हुन्छ भन्ने प्रश्नका साथै अन्य जटिल प्रश्न पत्र पठाएका थिए । उक्त प्रश्न पत्र पढेर पं. हेमराज पाण्डेले आफनो सल्लाहाकार भुवन नाथ पाण्डेलाई सो प्रश्नको उत्तर दिन लगाए छन् । तर भुवन नाथले निकै दिनसम्म विभिन्न ज्योतिषका पुस्तकहरू अध्ययन गरेका थिए भन्ने उल्लेख छ ।[५]

केसर अंग्रेजीका ज्ञातानै भएपनि कालिदासद्वारा रचित विक्रमोर्वशी नाटकको शुद्ध नेपाली भाषामा हुवहु रुपान्तरण गरी नेपाली वाङ्मयको इतिहासमा अमिट छाप पार्न सफल भए । डेनिल राइटले ग्रन्थ प्रकाश गरेको पचास वर्षपछि नेपाली भाषामा अनुवाद गरेर राइटको कुराको खण्डन गरेको पाइन्छ ।[६]

सुरा, सुन्दरी जुवाप्रति ध्यान आकृष्ट हुनु सामन्तीहरूको जन्मसिद्ध अधिकार जस्तै भएकाले उनी पनि अति नै जुवा खेल्ने गर्दथे । उनको पितालाई भने छोराको यो आदत पटक्कै मनपर्दैन थियो ।[७] केसरले जुवा खेलेर जितेको धनवाटै स्वप्न वगैंचा निर्माण गर्न लगाएका थिए भन्ने भनाई छ ।[८]

विवाह

उनको विवाह श्री ५ पृथ्वीवीरविक्रम तथा श्री ५ माहिली बडामहारानी लक्ष्मीदिव्यश्वरी शाहको ज्येष्ठ सुपुत्री श्री ५ शाहज्यादि लक्ष्मीराज्यलक्ष्मीदेवी शाहसँग १३ वर्षको कलिलो उमेरमा सम्पन्न भएको थियो । वि.सं. १९६० मा उनको विवाह हुँदा श्री ३ चन्द्र शमशेरले राजगद्दी हडप्ने नीति लिएर वेलायतको संसदीय व्यवस्थामा छोरीले राजसिंहासन प्राप्त गर्ने परम्परा नेपालमा पनि लागू गरी श्री ५ को पद कव्जा गर्ने सजिलो पार्न प्रयत्न गरेका थिए ।[९] तर विभिन्न कारणवस केसर शमशेर र शाहज्यादि बिचको दाम्पत्य जीवनमा सुमधुर सम्वन्ध कायम हुन सकेको थिएन । तात्कालीक समयमा शाहज्यादि माथि सौता हाल्न नपाइने नियम हुनाले केसरले ४० वर्ष पछिमात्र श्री ३ जुद्ध शमशेरको कान्छी महारानीको हुकुम प्राप्त गरे पश्चात् बाजुराका राजा मुकुन्द सिंहकी नातिनी श्री वीरविक्रम सिंह तथा शारदादेवी सिंहकी कान्छी सुपुत्री कृष्णचन्द्रदेवीसँग वि.सं. २००० साल वैशाखमा विवाह सुसम्पन्न भयो ।[१०]

सन्तान

केसर शमशेरका छोराहरू साम्राज्य शमशेर, अरविन्द शमशेर, मुरारी शमशेर, केयूर शमशेर, तथा लोकभक्त राणा हुन् भने छोरीहरूमा दुर्गा दिव्यश्वरी, टीका राज्यलक्ष्मी, नयपाल राज्यलक्ष्मी, फूलकुमारी, इन्दिरा राज्यलक्ष्मी तथा सोम प्रभा ।[११]

पेशा

चन्द्र शमशेरले आफू श्री ३ प्रधानमन्त्री भए पश्चात् वि.सं. १९५८ मा प्रधानमन्त्रीको रोल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कममा १० वर्षीय केसर शमशेरको नाम पनि समावेश गरी श्री ३ को हक प्रदान गर्न भ्याएका थिए। केसरले सर्वप्रथम १६ वर्षको उमेरमा लेफ्टिनेण्ट जनरलको पदमा सैनिक जीवनमा प्रवेश गरे। उनले सो पदमा २५ वर्षसम्म निरन्तर सेवा गरेकाले वि. सं. १९८९ भाद्र १९ गते श्री ३ जुद्ध शमशेरवाट उनलाई तेस्रो जनरल पदमा पदोन्नत गरियो। श्री ३ जुद्धले वि.सं. १९९० साल ५ गते 'ग' वर्गका राणाहरूलाई प्रधान मन्त्रीको रोलकमबाट हटाईदा रुद्रशमशेर तेज शमशेरलाई समेत हटाएकाले रिक्त रहन आएको दक्षिण कमाण्डिङ् पदमा केसरलाई नै पदोन्नती गरे। यसै प्रकार श्री ३ पद्‌म शमशेरको प्रधानमन्त्रीकालमा केसरलाई पूर्व कमाण्डिङ् जनरल पद प्रदान गरियो। श्री ३ मोहनले २००५ सालमा आफ्नो शासन कालमा उनलाई पश्चिम कमाण्डिङ् जनरले पद प्रदान गरे। पूर्व-उत्तर र दक्षिण कमाण्डिङ् जनरल भनेको प्रशासनिक र सामान्य सैनिक प्रमुख हुन्थे जसको काम प्रधानमन्त्रीको निर्देशन पालना गरी आवश्यक सुझाव दिने हो तर पश्चिम कमाण्डिङ् जनरल भनेको तीन कमाण्डिङ् जनरलभन्दा ठूलो जसलाई जंगी लाठ गनिन्थ्यो। उनी (प.क.ज.) सैनिक प्रशासनको प्रमुख हुनुको साथै प्रशासकीय विभागको कार्य सम्हाल्ने अवसर प्राप्त गर्नुका साथै वार्षिक आम्दानी ५० देखि ६० हजारसम्म तलव र वडिगार्ड दिने व्यवस्था समेत थियो। अन्त्यमा श्री ५ महेन्द्रबाट २०१३ सालमा उनलाई शाही नेपाली सेनाको फिल्ड मार्शल (अतिरथी) पदले विभुषित गरे।[१२]

राजनैतिक जीवन

केसरले श्री ३ जुद्धकै शासन कालमा दैनिक प्रशासनमा विशेषरूपले हस्तक्षेप गरेको पाइन्छ। उनी पनि आफ्नो पिताकै समान महत्त्वाकांक्षी र कुटनीति जान्ने भएकाले ववर शमशेरलाई मिलाई जुद्धलाई 'ग' वर्गका राणाहरूलाई निस्कासन गर्न भूमिका खेलेका थिए भन्ने भनाई छ।[१३] वि. सं. २००५ सालमा उनले श्री ३ मोहन शमशेरलाई देशको आन्तरिक अवस्था सुधार्न ठूलो सहयोग गरेका थिए। वि. सं. २००६ सालमा नेपाल अधिराज्यभर राणा शासनको व्यापक विरोध भईरहँदा भारत सरकारको मध्यस्तताको आग्रह गर्न श्री ३ मोहनको साथमा केसरलाई राष्ट्रसभाको सभापति पदमा मनोनित गरेका थिए। तत्पश्चात् केसरले सवैधानिक सुधारलाई अगाडि वढाउन प्रयत्न गरे। श्री ३ राणा प्रधानमन्त्रीहरूले श्री ३ को विशेष अधिकार समेत प्रयोग गर्नुका साथै मौसुफको सम्मानमा समेत आँच पुऱ्याउने चेष्टा गरेको तथा राष्ट्रिय धनको दुरुपयोग गरेकाले श्री ५ त्रिभुवनले आफू र नेपाली जनताको हक र हितका लागि राजगद्धी त्यागी भारत तर्फ प्रथान गर्दा केसर शमशेर विशेष दूतको रुपमा दिल्ली पुगी भारत सरकारसँग मध्यस्थताको भूमिकाद्वारा विद्रोह दवाउन अपिल गरेका थिए।

तर भारत सरकारले श्री ५ त्रिभुवनको समर्थन गरेकाले तत्काल हैदरावाद गेष्ट हाउसमा पुगी श्री ५ त्रिभुवन सहित सकल परिवारको दर्शन भेट गरी कुटनैतिक विचार विर्मश गरी फर्किएका थिए।[१४] तत्पश्चात् केसरले श्री ५ को तरवार गद्दीमा राखेर शासन चलाउन श्री ३ मोहनलाई सुझाव दिए।[१५] मोहन शमशेरलाई उनको यो आग्रहमान्य नभएकोले कार्तिक २२ गते श्री ५ त्रिभुवनलाई राजगद्धिवाट पदच्यूत गरी माहिला नाती श्री ५ ज्ञानेन्द्रलाई राजा वनाउन प्रस्ताव राखे। मोहन शमशेरले उक्त प्रस्तावलाई सभाका २५८ जनाले स्वीकार गरी हस्ताक्षर गरेकामध्ये पहिलो बबर शमशेरपछि दोस्रो हस्ताक्षर गर्ने केसर शमशेर थिए।[१६] श्री ५ त्रिभुवन स्वदेश फर्किए पश्चात् उनले (केसरले) राजासँगको दर्शन भेटमा "सरकार, ढुकुरहरू त उडिसके, म यही वस्ने प्रण गरेको छु" भन्ने भाव व्यक्त गरेका थिए।[१७] श्री ५ त्रिभुवनबाट तेस्रो मन्त्रीमण्डल गठन गर्दा केसर शमशेरलाई रक्षामन्त्री पदमा नियुक्त गरेका थिए।[१८] त्यसो त केसरले २००७ सालमा नै खुकुरी दलले देशमा उत्पात् मचाएको अवस्थामा मोहन शमशेरवाट आफ्नो अन्तिम रक्षाको लागि त्यस दललाई समर्थन गरी सहयोग गर्न आदेश दिंदा श्री ५ महाराजधिराजको आदेश पाए मात्र विजुली गारतलाई लड्न पठाउनेछु भनी त्यस दिनको सङ्कट टारेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थिए । यसरी केसरले समय समयमा राष्ट्रिय सङ्कट टार्ने प्रयासलाई निरन्तरता प्रदान गर्दै आएको पाईन्छ । मातृकाप्रसाद कोईरालाको मन्त्रिमण्डल विघटन भए पश्चात् श्री ५ त्रिभुवनबाट केसरलाई परामर्श दात्रीसभाको प्रधान परामर्शदाताको पदमा घोषित गरेका थिए ।[१९]

केसर शमशेरले आफू परामर्शदाताको पदमा नियुक्त भएपश्चात् २००९।५।१ का दिन नेपाल व्यापार संघको चिया पार्टीमा उनले "श्री मातृका प्रसादजी प्रधानमन्त्री हुनु भएपछि सर्वप्रथम वहाँ शहिदहरूलाई पुष्पाञ्जली चढाउने ठाउँमा जानु भएको थियो । परामर्श दाताको पद श्री ५ महाराजधिराजबाट मलाई बक्सेपछि म पनि एउटा शहिद कहाँ गएँ । सानो देवतालाईभन्दा ठूलो देवतालाई म वढ्ता महत्त्व दिन्छु शहिदहरूमा पनि जिउदो शहिद श्री मातृका प्रसादजी कहाँ म आफ्नो श्रद्धा प्रकट गर्न गए" भनेका थिए ।[२०] यसरी उनले मृत आत्मालाईभन्दा जीवीत आत्मालाई आदर गर्ने गर्दथे भन्ने महसुस हुन्छ ।

श्री ५ महाराजधिराजबाट २०११ वैशाख १ गते केसर शमशेरलाई सल्लाहकार सभामा मनोनित गरेका थिए । यसै प्रकार २०११।९।२८ गते सत्याग्रह विषय सल्लाहकार सभामा सरकारी पक्षको उत्तरमा उनले कांग्रेसको माग कुनै पूरा गरिएको छैन केवल आश्वासनसम्म दिइएको हो । कांग्रेसका कतिपय यस्ता मागहरू छन् पूरा गर्ने आश्वासनसम्म पनि दिइएको छैन भनेका थिए । यसरी उनी २०११ माघ महिनामा सल्लाहाकार सभा विघटन भएपश्चात् आफ्नो प्रशासनिक जीवनबाट पृथक भए[२१]। २०१४ सालमा श्री ५ महेन्द्रवाट उनलाई नेपाली सेनाको सर्वोच्च पद फिल्डमार्शल पद्वी प्रदान गरेका थिए ।

केसर शमसेरका कृति

क) कालिदाशद्वारा रचित विक्रमोवर्शी नाटकको ठेट नेपालीमा रुपान्तरण गरे ।[२३]

ख) नेपाली समाजमा गैडाको महत्त्व भन्ने पुस्तक बम्वइको नेचुरल हिस्ट्री अफ सोसाइटीबाट प्रकाशित गरे [२४]

केसर शमशेरका योगदान

क) नेपाल साँस्कृतिक परिषदका अध्यक्षको पदमा रहँदा विभिन्न पुस्तकहरू प्रकाशन गराई सामाजिक र शैक्षिक उत्थानमा योगदान पुऱ्याए ।

ख) उनी लुम्विनी पुरातात्विक सर्भेक्षण समितिको अध्यक्ष भई काम गर्दा उत्खनन् कार्यको सुरुआत हुन गएको थियो ।

ग) श्री ५ महाराजधिराज महेन्द्रवीरविक्रम शाहदेवको शुभराज्यभिषेक समारोह समितिको अध्यक्ष भई कार्य गरे ।

घ) उनले प्रथम विश्वयुद्धको अवसरमा नेपाल सरकारको आदेशमा अंग्रेज सरकारको सहयोगका लागि ३ रेजिमेण्ट फौजको नेतृत्व गरी भारतको उत्तर पशिचम सिमानामा क्याम्प खडा गर्न काठमाण्डौबाट रमाना भए ।

ङ) उनी काठमाण्डौ म्युनिसिपालिटीको मेयर पनि भएका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनको सामाजिक योगदान

क) वि.सं. १९९० सालको भुकम्पमा उनले व्यक्तिगत तवरबाट एक लाख भुकम्प पीडितहरूको लागि राहत पुऱ्याउन चन्दा प्रदान गरे ।

ख) वि.सं. २००७ सालपछि नेपाल साँस्कृतिक परिषद्लाई व्यक्तिगत रुपबाट रु. एकलाख चन्दा प्रदान गर्नुका साथै त्यस कार्यालयको लागि घर समेत दिएका थिए ।

ग) सेन्ट जेवियर्स स्कुलको छात्रवासको लागि गोदावरीस्थित आफ्नो व्यक्तिगत घर उनले स्कुललाई दिए ।

घ) विभिन्न संघसंस्थाहरूले उनको उदार हृदयको कदर गर्दै आफ्नो पनि संरक्षक हुन अनुरोध गर्ने गर्दथे ।

विदेश भ्रमण

केसर शमशेरले वेलायत, अमेरिका, फ्रान्स, स्विटजरल्याण्ड, जीसर मोनाको, रुस, चीन, जापान आदि देशहरू विभिन्न कामको सिलसिलामा भ्रमण गर्ने अवसर प्राप्त गरेका थिए ।

मान पदवी तक्मा

क) नेपाल तारा प्रथम श्रेणी
ख) गोरखा दक्षिण वाहु प्रथम श्रेणी
ग) ओजस्वी राजन्य प्रथम श्रेणी
घ) त्रिशक्ति पट्ट प्रथम श्रेणी
ङ) नाइट ग्र्याण्ड क्रस अफ द भिक्टोरियन अर्डर
च) नाइट अफ द व्रिटिश एम्पाएर
छ) अर्डर नेशनल दे ला लिजन द अनर दोश्रो
ज) श्री ५ त्रिभुवन रजत जयन्ती पदक १९९३
झ) श्री ५ त्रिभुवन शुभराज्य भिषेक पदक्
ञ) श्री ५ महेन्द्र शुभराज्याभिषेक पदक २०१३
ट) सैनिक दीर्घ सेवा पट्ट
ठ) सैनिक सेवा पदक
ड) भूकम्प पीडितोद्धारक पदक वि.सं. १९९० [२५]

विशेष उपाधि

सन् १९६३ सालमा श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट श्री केसर शमशेरको अगाध देशभक्तिको कदर गर्दै His Highness को विशेष उपाधि प्रदान गरेको थियो ।[२६]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृत्यु

जन्मे पछि मृत्यु हुने शाश्वत सत्यलाई नकार्न कसैले पनि नसक्ने हुदाँ उनको पनि २०२१ जेष्ठ १४ गते वेहोस भई जेठ २५ गते cerebral hae morage भई देहावसान भयो । उनको शरीर नभए पनि उनको आत्मा भने प्रत्येक कोठाका आलमारीहरू भित्रका पुस्तक, हस्त लिखित ग्रन्थ, सङ्कलित वाघ, गैडा, अर्नाको टाउकाहरू तथा स्वप्न बगैचा आदिमा रहेको छ र पुस्तकालयले उनलाई सदैव अमर गराईरहने छ ।

उनको मृत्युलाई लिएर स्व. श्री ५ महेन्द्रबाट उनको स्वर्गारोहणको सूचना प्राप्त भए पश्चात् केसर शमशेरको निधनमा राष्ट्रलाई अपुरणीय क्षती भएको छ भनी शोक प्रकट गरेका थिए । यसरी एक चेतनशील, सभ्य, विद्वान, तथा दुरगामी एवम् प्रतिभाशाली व्यक्तित्वको शरीरले आत्मालाई त्यागे पनि आत्मा त अमर नै हुने भएकोले तथा उनको कृतिले नै सदा जीवन्त वनाई राखेका छन्, भन्दा अत्युक्ति नपर्ला ।

उनका अमर कृति - केसर पुस्तकालय

पुस्तकालयको सामान्य अर्थ पुस्तक आलय अर्थात पुस्तकको घर भन्ने वोध हुन्छ । पुस्तकालय भन्नाले पुस्तकमात्र नभई पत्रपत्रिकाहरू, फिल्म, मानचित्र, हस्तलिखित ग्रन्थ, ग्रामोफोन रेकर्ड, तथा अन्य पठनीय सामाग्रीहरूको संग्रह गरेको घरलाई मानिन्छ । पुस्तकालय धेरै प्रकारका हुन्छन् राष्ट्रिय पुस्तकालय, सार्वजनिक पुस्तकालय, व्यवसायी पुस्तकालय, सरकारी पुस्तकालय, चिकित्सा पुस्तकालय, विश्वविद्यालय तथा शिक्षण संस्थाको पुस्तकालय आदि । विश्वमा सर्वप्रथम पुस्तकालयको व्याख्या प्राचीन मीसुमा थियो । राजा ओसीमडियाले पुस्तकालयको स्थापना गरेका पाइन्छ । उनले पुस्तकालयको ढोकामा आत्माको औषधी भन्ने शीर्षक दिई टासेका थिए । मीसु पछि ग्रीस, रोम, भारत आदि राष्ट्रमा पुस्तकालयको स्थापना एवम् विकासले निरन्तरता प्राप्त गर्दै गएको छ । [२६]

काठमाण्डौ केसर महलमा स्थापित केसर पुस्तकालयको स्थापना सन् १९०८ मा आफ्ना पिताका साथ वेलायत भ्रमण गर्न जाँदा त्यहाँको पुस्तकालयवाट प्रभावित भई फर्के पश्चात आफ्नो महलमा पुस्तकहरू एवम पत्र पत्रिका खरिद गरी सङ्कलन गरेवाट पूर्ण रुप लिएको थियो । उनको जीवित अवस्थामा करीव २८००० जति पुस्तकहरू सङ्कलन भएका थिए हाल ५५,००० भन्दा वढी पुस्तकहरू छन् । यो पुस्तकालयले नेपालको जेठो पुस्तकालय मात्र नभई एशियाकै निजी पुस्तकालयहरूमध्ये एक मानिएको छ । वास्तवमा केसर पुस्तकालयको स्वदेशी तथा विदेशी विद्वानहरूवाट मुक्तकण्ठवाट भारी प्रसंसा भएको पाइन्छ । यसका धेरै कारणहरू छन् जो तल देहाय वमोजिम चर्चा गरिन्छ । जस्तैः

१) दुर्लभ पुस्तकहरु (हस्तलिखित ग्रन्थ)

केसर शमशेरले आफू अंग्रेजी भाषाप्रति विशेष झुकाव भएतापनि हजारौ वर्ष पुराना ताडपत्र, भोजपत्र, काचो कागत आदिमा तयार पारेका तथा विभिन्न लिपीहरूमा उल्लेख गरिएको ग्रन्थहरू सङ्कलन गरी पुस्तकालयको गरिमा वढाएका थिए । ती हस्तलिखित ग्रन्थहरू गोमोल, लिबिगोमोल रञ्जना, नेवारी , मिथिला, भोटे, देवनागरीलिपीमा तयार भएका केही ग्रन्थहरू जस्तै हितोपदेश, अष्ट साहस्रिका, वाध ग्रन्थ, पञ्चरक्षा, वौद्ध अस्तोत्र, लंकावतार वौधकथा, महाभारत, विराटपर्व, भैरव तन्त्र, शप्तशति चण्डी, स्कन्दपुराण, वरघर रहस्य कथा, महावीर चरित्र, जैन विषय, नमकर्ण विधि तान्त्रिक पुस्तक, क्रियाकाण्ड त्र्मावलि आदि । यहाँका केही हस्तलिखित ग्रन्थ पुरातत्व विभागमा माइक्रो फिल्म गरी सुरक्षित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको पाइन्छ। यस प्रकार धर्मसँस्कृति तथा इतिहासका विद्यार्थीहरूका लागि प्राथमिक श्रोत पहिल्याउने प्रमुख श्रोत भएको छ।

२) विभिन्न विषयका पुस्तकहरू

केसर शमशेरले आफ्नो थुप्रै पुस्तकहरू सङ्कलन गरेर पुस्तकालय खडा गरेका थिए। ती अमुल्य पुस्तकहरूमा साहित्यिक, कला, धर्म, सँस्कृति, इतिहास, विज्ञान, भूगोल, दर्शन आदि वहुमुल्य विषयका छन् जस्तै: People of all Nations, Land of People, The Lady & the Panda, Arthur Me's book of the Flag, Subject of the Day, The Makers of the Civilization, Transactions of the first World Power Conference, Imperial Gazetteer of India, African Camp Fires, The Chinese Classics, Japan Album, The Grenville Memories, (1814-1860), Who Was Who 1916-1928, The Worlds Library & Best Books Wonder Women in History, Greek Thinkess, Forty Years of the Raj Kumar college, The Story of My life, Medicine disease, Bird Medicine, Natural History of Animals, Mammals, Respiratory System, History of Animals, Chemistry Fossil Cold Blooded Vertebrates, Folk Lore English Grammar, Costume Folk lore, Public Related Services Costumes, Public Administration in Social Problems, Private Law, Constitutional Law, Law of Wars, Law of Nations, Inter National Relation, Economics, Democracy Government, Political Science, Religions Methodology, Applied Psychology, Episternology, Telepathy, Arts, France Poetry, American Humor English Poetry तथा विश्वका नक्शाहरू छन्।

३) पत्रपत्रिकाहरू

The Journal of the Royal Society for the encouragement of Arts, Journal of the Asiatic Society Letters, Journal of the Bombay National History Society, Chinese Literature, Proceedings of the Zoological Society of London, Journal of the Horti cultural. Society, The Geographical Journal, Department of Archeology India, East of West, Garden Digest, Vedic Studies, The National Geographic Magazine, Australian Science index, Due Troche Kunstund Kultarr in Germannischen National- Museum आदि केसर शमशेरले सङ्कलन गरेका ती पुस्तकहरू अध्ययन अवलोकन गरेका प्रतिष्ठित विद्धानहरू जस्तै सिल्भान लेभी, सिसिल वेण्डाल, हर प्रसाद शास्त्री, जुसेप टुचि, पर्सिवेल लाण्डन, आदिवाट भारी प्रशंसा भएको थियो, जवाहरलाल नेहरूले त यस पुस्तकालयमा सन १९५२ र सन १९६० मा दुई पटकसम्म अवलोकन गरेका थिए।

४) दुर्लभ जन्तुहरू

केसर शमशेर शिकारमा सौखिन भएकाले आफूले समय समयमा मारेका शिकारका Sruff अर्थात् आन्द्रा भुडी निकालेर चर्मकारद्वारा सुरक्षित गराई अर्थात् टयाक्स डर्मि गरी सङ्कलन गराएका थिए। त्यस्ता शिकारहरू सङ्कलन गरेकामध्ये बाघ, गैडाको खप्पर, अर्नाको टाउको, जरायो आदि सुरक्षित गरिएको छ। त्यसमध्ये पनि एक वाघको सिंगो शरीर छ। जो अन्य वाघहरूमध्ये लामो र अग्लो (ठूलो) छ। यस किसिमको वाघ विश्वमानै दुर्लभ छ। अर्को कुरा वन्य जन्तुहरू नासिदै लोप हुँदै गएको अवस्थामा ती Sruff हरू उत्तिनै महत्त्वपूर्ण मानिन्छन्।

५) प्रतिष्ठित व्यक्तिहरू तथा ऐतिहासिक तस्विरहरू

जति पछि भयो त्यति नै महत्त्व वृद्धि हुँदै जाने तस्विरहरू जस्तै क्रमसँग केसर शमशेर, श्री ५ त्रिभुवन, कृष्णचन्द्रदेवी राणा, श्री ५ पृथ्वी वीरविक्रम शाह, श्री ५ विरेन्द्र, हरप्रसाद शास्त्री, श्री ५ महेन्द्र, कीलवर्ण, सिल्भान लेभी, मोतिराम भट्ट, मिसेज स्मिथ, भानुभक्त, कुलवीर थापा, जंङ्गवहादुर, महारानीहरू, बवर शमशेर, श्री ५ राजेन्द्रका महारानीहरू, श्री ३ चन्द्र शमशेर र उनका रानीहरू, कान्छी वडामहारानी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बालकुमारी, लोकराज्य लक्ष्मी, श्री ५ त्रिभुवनको वाल्यवस्थाको, लक्ष्मी राज्यलक्ष्मी, दिव्य राज्य लक्ष्मी, पाटन दरवार, केसर शमशेरले चितवनमा गैडाको शिकार खेलेको, वि.सं. १९४३ मा श्री ३ वीरको हनुमान ढोकामा राज्याभिषेक गर्दाको, दोश्रो महायुद्धवाट फर्केको, श्री ३ जुद्धले ग्यालरी वैठकमा राजदूतसँग भेट गरेको, राज्यभिषेक पूर्व वेलायत पुगेका, डा. राजेन्द्र प्रसाद-गान्धी, माओत्सेतुङ, सन्यातसेन, जवाहरलाल नेहरू, कृष्ण शमशेर, अमलेख गन्जमा श्री ५ त्रिभुवन N.G.R. रेलवे भित्र प्रवेश गर्न लागेको, मोहन शमशेरले गैडाको शिकार गरेको, लियो टाल्सटवाय, जर्ज पन्चम, शेक्शपियर, भ्लादिमिर इलिच लेनिन, विलियम कैजर, नेपोलियन वोनापार्ट, साम्राज्य शमशेर, श्री ३ देव शमशेरको राज्याभिषेक, कृष्ण- जुद्ध- नारायण शमशेरको संयुक्त तस्विर, जुद्ध शमशेरले मार्च पाष्ट गर्दा केसरले सलामी दिएको, TOJOKO George Washington, प्रीन्स ओटोमोन, विसमार्क, चर्चिल, १९६१ मा भएको नेपाल चीन सिमासन्धी प्रथम विश्व युद्धको अवसरमा केसर आफ्नो क्याम्पमा, पं. माहिला गुरुज्यू, माउण्ट वेटन, डा. राधाकृष्णनन्, दिल्ली दरवार, वृटिश राजदूत विथाम, निजाम, सन् १९२१ को प्रीन्स अफ वेलेजलीले ठोरीमा शिकार, हिटलरले श्री ३ जुद्धलाई तक्मा दिएको, निलकण्ठ महादेव आदि ।

६) कलाकौशल

केसर पुस्तकालय कला कौशलको दृष्टिकोणबाट समेत महत्वपूर्ण छ ।

क) बास्तुकला

काठमाण्डौ उपत्यकामा मात्र राणाकालिन दरवारहरू लगभग ४२ ओटा वनेकामध्ये धेरै काठमाण्डौमा थोरै पाटनमा र भक्तपुरमा पटक्कै छैनन् । काठमाण्डौ र पाटनका ती पुराना भवनहरूमध्ये धरहरामा अवस्थित सन. १८०५ मा निर्माण भएको हरिभवन मानिन्छ । तत्पश्चात् सन १९०२ मा निर्माण भएको नक्सालको शाहा महल र सन् १९०३ मा निर्माण भएको सिंहदरवार मानिन्छ । केसर महल सन् १८९५ मा निर्माण भई श्री ३ चन्द्रले खरिद गरी आफ्नो परमप्रिय सुपुत्र केसरको विवाह पश्चात् उपहारस्वरुप प्रदान गरेका थिए । राणाकालिन दरवारहरूको निर्माण कार्यमा डिजाइन गर्ने इन्जिनियरहरूमध्ये किसोर नरसिंहको निर्देशनमा केसरमहल वनेको भन्ने उल्लेख पाईन्छ । अन्य थुप्रै दरवारहरूको वास्तुशैली कै समान केसर महल पनि वेलायतको वकिङ्घम दरवार, युरोपीय र मुगल वास्तुशैलीमा आधारित भएको पाइन्छ । तुलनात्मक दृष्टिकोणवाट अध्ययन गर्दा यस महलको वास्तुशैली पुल्चोकस्थित हरिहर भवनको वास्तुशैलीसँग धेरै मिल्दोजुल्दो पाइन्छ । तीनओटा पखेटायुक्त यस महलमा करीव ६०-७० वटा कोठाहरूको व्यवस्था भएको पाइन्छ । सुत्ने कोठा (खोपी) मा रहेको आतसखानले यसलाई सुन्दरता प्रदान गरेको छ ।

ख) मूर्तिकला

घर निर्माण गर्दा वास्तुशैली राम्रो भएर मात्र हुँदैन त्यहाँ वरिपरिको क्याम्पा, वगैचा, फलफूलका वृक्षहरू, पोखरी, छहरा तथा ठाँउठाँउमा राखिएका प्रतिमा तथा मुर्तिहरूको पनि उत्तिकै भूमिका हुन्छ । यस महलमा पनि त्यस्ता सजावटप्रति उचित ध्यान पुऱ्याइएको पाइन्छ । यस महलको मुख्यद्वारको एकापट्टि खोपामा सरस्वती मयुरमाथि विणा वजाइरहेकी मूर्ति छ, भित्र वगैचामा अन्य विभिन्न प्रतिमाहरू सजाइएका छन् । जस्तैः चउरमा एकातिर श्री कृष्ण मुरलीको धुनमा अर्कोतिर सैनिक पोशाकमा केसर शमशेरको प्रतिमा, सानो पोखरी जहाँ वालकहरू उल्लासकासाथ आपसमा मिलेर खडा भएका छन्, मार्वलका सिढीहरू जहाँ ठाउँठाउँमा पक्तिबद्धरुपमा वाघका युगल जोडीहरू होसियारीका साथ पहरा दिइरहेका छन्, जटायु जो पखेटा फिजाएर खडा छ । यी मूर्तिहरूमा भावुकता, स्वभाविकता तथा आकर्षण पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसै प्रकार कोठाभित्र प्रवेश गरे पश्चात कुचो उठाइ रहेकी अर्धनग्न युवतीका प्रतिमा जसको केश छोटो, पछाडिबाट लामो पछेउरीले शिर ढाकिरहेकी घाटीमा हार लगाएकी, लामो लत्रिएको लुगा लगाएकी छे भने अर्कोतिर हट्टाकट्टा शरीर मोटा-मोटा जुगा शिकार खेल्ने तयारीमा पुरुष खडा भएको छ माथिल्लो तला जाने सिढीमा हातमा रुमाल थापी रहेकी केही मागी रहेकी सेतो र कालो रङको प्रतिमा छ, कालो रङको युवतीको प्रतिमाले कसैको आवाज ध्यान दिएर सुन्न खोजीरहेको जस्तो छ । ती पुतलीहरूको मुखको हिसी, शरीरको ढाचा, भावपूर्ण दृश्य र सुन्दरताले ओतप्रोत छाएको छ । यसैगरी फलामका सैनिकहरू सँस्कृतिको प्रतिनिधित्व गरेको छ । अस्त्र-शस्त्रले युक्त घडीहरू युरोपेली मूर्तिकलासँग मिल्दोजुल्दो छ । मन्दिर जान लागेका नेवारी समुदायका पुरुषहरू जो वाजागाजाका साथमा उल्लासका साथ पक्तिवद्धरुपमा पाइन्छ ।

ग) चित्रकला

यस महलको अर्को आकर्षण भित्ते चित्र तथा अन्य व्यक्तिहरूको चित्रहरूनै हो । सर्वप्रथम केयुर शमशेर, लोकभक्त राणा, इन्दिरा राणा, सोमप्रभा राणाको चित्रमा कलाकारले सफलता प्राप्त गरेको महसुस हुन्छ । अर्को निलकण्ठ महादेव, वासुरी नृत्य, नारदले करतल वजाएको, स्नानगर्न लागेकी महिला, धुवाजाने घर, स्वयम्भुको मन्दिर, आर्यघाट, बौद्ध स्तुप, भक्तपुरको पाचतले मन्दिर, Echo सुनिरहेकी पुतली आदि चित्रकलाले आफ्नो कलामा सफलताको पराकाष्ठ पार गरेको छ । यसको साथसाथै श्री विष्णु भगवानको दश अवतार, भित्ताको चारैतिर हरियाली दृश्य, ठाउँ ठाउँमा मयुर नाचिरहेको, थुप्रै पंक्षी आदि भित्ते चित्रहरूमा मानिसहरूको हृदयलाई आकर्षित र संवेदनशील पार्न सफल पाएको छ । साथै सवैको मन जित्न प्रयास गरेको छ ।

घ) काष्ठकला

यस महलको काष्ठकलावारे प्रकाश पार्नुपर्दा सर्वप्रथम काठका कलात्मक टेवुलहरू, ऐना, सोफा, काठका खाटहरू, वाकसका साथै पुजाकोठाको द्वारमाथिको तोरणमा देवीको तान्त्रिकभावले परिपूर्ण पूर्ति रहेको छ जसले काष्ठकलाको क्षेत्रमा कलाकारले सफलता प्राप्त गरेको पाइन्छ ।

७) सैनिक पोशाक

केसर शमशेरले आफू सैनिक सेवामा कार्यरत हुँदाको स्मरण सहित सैनिक पोशाक तथा तक्माहरू सहित आलमारीभित्र सुरक्षित गरी राखेका पाइन्छ ।

८) स्वप्न वगैचा

दर्शनको अभ्यास प्राकृतिक सौन्दर्यवाटनै पर्याप्त हुने हुँदा केसर शमशेरलाई एक मनोहर, रमणीय तथा सुन्दर उद्यान जसको सजावट अपूर्व प्रकारवाट गर्ने इच्छा उत्पन्न भएको थियो भन्ने सङ्केत मिल्दछ । सपनामा देखेका विषय वस्तुहरू पूर्ण हुन पनि सक्छ नहुन पनि सक्तछ । तर मनले आटेका अभिलाषाहरू पूर्ण भए पश्चात मानिस सन्तुष्ट हुनु स्वाभाविक मानिन्छ । उनले पनि सपनामा देखेका वगैचा हो वा विपनाको इच्छा हो, आफ्नो महलको सामुन्ने वगैचाको निर्माणगरी स्वप्न वगैचा नामाकरण गरे । यो यस्तो वगैचा हो जहाँ चराचुरुङ्गीहरूको मधुर स्वर, ठूला-ठूला वृक्षहरूको शितल हावा वहनुका साथै थरिथरिका फूलहरूका सुगन्धले युक्त भएको पाइन्छ । बाह्रै महिना ६ ऋृतुहरूमा फुल्ने थरिथरिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फूलहरू, चउरमा हरियो थुम्का-थुम्की वुट्टा, आरामसाथ वस्ने आसनहरू, साना-साना पोखरी जहाँ माछाहरू पौडिरहेका, घाम पानीवाट ओत लाग्ने छहारी तथा स्थल, ठाउँ-ठाउँमा धाराहरू, फोहराहरूले युक्त यस उद्यानको मनोरम दृश्यको अवलोकनवाट कसको हृदयमा छाप पर्दैन होला । यसै प्रकार एकातिर Bar अर्कोतिर रेष्टुरा जसले वगैचाको नामाकरणलाई सार्थक पारेको छ । यसरी यो वगैचा एशियाकै निजी वगैंचामध्ये एक मानिएको छ ।

उपरोक्त सम्पूर्ण विषयवस्तुहरूवाट यस पुस्तकालय एक संग्रहालयको रुपमा विद्यमान छ । यस पुस्तकालय सन् १९६८ मा श्री ५ को सरकारलाई हस्तान्तरण गरिएको हो ।

सुझाव

Photo copy Machine, CCTV को वन्दोवस्त गरेर कुशल प्रशासनको जग वसेपनि भविष्यमा योजना तर्जुमा गर्दा तलका केही सुझाव स्वीकार गरी कार्यान्वयन भएमा सुनमा सुगन्ध हुने थियो । जस्तैः-

१) केसर शमशेरको सम्पूर्ण तस्विरहरू सङ्कलन गर्ने,

२) केसर शमशेरको जीवनीको अध्ययन अनुसन्धान गरी पुस्तक प्रकाशन गर्ने,

३) उनले प्रयोग गर्ने गरेका र प्राप्त भएसम्मका अन्य सामानहरू सङ्कलन गरी पुस्तकालयमा स्थान दिने ।

४) चारै वेद, अठार पुराण, उपनिषद् आदि प्राचीन ग्रन्थहरूको व्यवस्था गर्ने, आदि ।

पाद टिप्पणी

१) पुरुषोत्तम शमशेर, कुवर राणाजीहरूको वृहत वंशावली, पाञ्चायन प्रकाशन, थापाथलीः २०५९ पृष्ठ ८०

सोमध्वज विष्ट शाही सैनिक इतिहास, श्री हरिप्रेस, वाराणसी : वि.सं. २०२० पृष्ठ २३५ २३६

२) उही

३) अन्तवार्ताद्वारा जानकारी

४) अन्तवार्ताद्वारा जानकारी

५) नयराजपन्त जनरल केसर शमशेरको ज्योतिष विषयको अध्ययनमा रुचि, पूर्णिमा, वर्ष ३ अङ्क ४ पुष्ठ ८०

६) उही

घटराज भट्टराई नेपाली लेखनकोष, लक्ष्मी प्रसाद देवकोटा प्रतिष्ठानः काठः २०५६ पृष्ठ १५६

७) अन्तवार्ताद्वारा जानकारी

८) अन्तवार्ताद्वारा जानकारी

१०) क) सोमध्वज विष्ट पुर्ववत पृष्ठ २३९

ख) अन्तवार्ताद्वारा जानकारी

११) अन्तवार्ताद्वारा जानकारी

१२) क) पुरुषोत्तम शमशेर, पुर्ववत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ख) सोमध्वज विष्ट पुर्ववत पृष्ठ ८०-८२

१३) नयराज पन्त, पुर्ववत्

केसर वहादुर विष्ट नेपाल आफटर रिभोल्युसन, शारदा प्रकाशन, काठ : २०३२ पृष्ठ २५

१४) प्रमोद शमशेर, पूर्ववत पृष्ठ ३२०

एड्रिन सेभर नेपाल अण्डर द रानाज एण्ड आई. एस. वि. एन. प्रा.लि. अक्सफोर्ड १९९३ पृष्ठ ३९२

१५) विष्ट, पूर्ववत

१६) ग्रीष्म वहादुर देवकोटा नेपालको राजनैतिक दर्पण, ध्रुव कुमार देवकोटा, ज्ञानेश्वर : २०३६ पृष्ठ २६-२७

१७) सोमध्वज, पुर्ववत पृष्ठ ३३७

१८) ग्रीष्मवहादुर, पूर्ववत

१९) ग्रीष्म बहादुर, पूर्ववत

२०) ग्रीष्म बहादुर, पूर्ववत

२१) ग्रीष्म वहादुर, पूर्ववत

२२) विष्ट, पुर्ववत पृष्ठ ३४०

२३) नयराज, पूर्ववत घटराज भट्टराय, पूर्ववत

२४) विष्ट, पूर्ववत पृष्ठ ८३

२५) हिन्दी विश्वकोश खण्ड ७ नागरिक प्रचारिणी सभा, वाराणसी .२०२३ पृष्ठ २९५

२६) प्रत्यक्ष अवलोकन ।

"पुस्तकालय आन्दोलन नै यस्तो अस्त्र हो जसले सफलतापूर्वक अशिक्षाजनित समस्याको समाधान गर्न सक्छ । पुस्तकालय विना जनतामा राजनैतिक, राष्ट्रिय एवं शैक्षिक चेतनाको उदय हुन पाउँदैन ।"

- डा. सि.वि. रमण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर पुस्तकालय १०० औं वर्षमा

भोला कुमार श्रेष्ठ*

ऐतिहासिक पृष्ठभूमि

केसर शमसेर राणा प्रधानमन्त्री चन्द्र शमसेरका साहिला छोरा हुन् । केसर शमसेर १५ वर्षको उमेरमा प्रधानमन्त्री चन्द्र शमसेरसँग सन् १९०८ मा ब्रिटेन भ्रमण गर्ने मौका पाए । त्यहाँ उनले पुस्तकालय, संग्राहालय आदिको अवलोकन गरे । जसले गर्दा उनको कलिलो मनमा पुस्तकालयप्रति गहिरो अभिरूची जाग्यो । त्यही नै उनले पुस्तकहरूको संकलन गरी साथै लिएर आए । त्यही संकलित पुस्तकहरूवाट नै केसर पुस्तकालयको जन्म हुन गयो । केसर शमसेर शासक र सम्पन्न परिवारको छोरा भएकोले पुस्तकहरु किन्न, संकलन गर्न गाह्रो काम थिएन तर यति धेरै विषयका महत्वपूर्ण पुस्तकहरूको संकलन गर्नु भने निकै चुनौतीपूर्ण र कठीन काम थियो । पुस्तकालयको सुरूवात भएको सय वर्ष लाग्यो । आज पनि यस पुस्तकालयको गरिमा, केसर शमसेरकै धरोहर, राष्ट्रिय सम्पत्ति देशले गौरव गर्ने ठाउँको रूपमा रहेको छ ।

नेपालको इतिहासमा १०४ वर्षको राणाकाललाई अन्धकारमय, सर्वसाधारण नागरिक शिक्षावाट वञ्चित हुने युगको रूपमा लिइन्छ । त्यस समयमा स्कूल, पुस्तकालय खोल्नु अपराध मानिन्थ्यो । पुस्तकालय खोलेर राणा शासकको अगाडि अपराध गर्न तम्सेका लक्ष्मीप्रसाद देवकोटा सहित साहसिक ४६ जना युवाहरू समातिए र जनही १०० रूपैया जरिवाना पश्चात् मात्र छाडिए । पुस्तकालयप्रेमी केसर शमसेरले "पुस्तकालय खोल्ने विचार त नराम्रो होइन" भनेर युवाहरूको पक्षमा बोलेका थिए भनेर भनिन्छ । यो घटना प्रधानमन्त्री भीम शमसेरको समय सम्वत् १९८६ सालको हो । जसलाई "पुस्तकालय पर्व" को रूपमा लिइन्छ । यसरी केसर शमसेरले विद्याप्रतिको आफ्नो मोहलाई दर्शाएको छ । तर पनि केसर शमसेरको निजि पुस्तकालयमा रहेका पुस्तकहरू सर्वसाधारणले हेर्न पाउने कुरै थिएन तर विदेशी र केही स्वदेशी विद्वानहरुले यसको प्रयोग नगरेका त होइनन् । यसमा विख्यात फ्रेन्च विद्वान सिलभान लेभी, सिसिल वेण्डाल, भारतीय विद्वान हरप्रसाद शास्त्री, जुसेप टुचि, पार्सिभल लाण्डन आदिले यस पुस्तकालयको प्रयोग गरेका थिए । भारतीय प्रधानमन्त्री जवाहारलाल नेहरूले समेत यस पुस्तकालयमा सन् १९५२ र सन् १९६० गरी दुई चोटी अवलोकन गरेका थिए ।

केसर शमसेरको जीवनकालसम्म यो पुस्तकालय व्यक्तिगत पुस्तकालयको रूपमा रहेको थियो । वि.सं. २००७ सालपछि भने केसर शमसेरको व्यक्तिगत सम्पर्क नेपाली विद्वानहरुसँग पनि हुन थाल्यो । सम्बत् २००८ सालमा केसर शमसेरकै संरक्षकत्वमा नेपाल साँस्कृतिक परिषद्को स्थापना भयो, जसमा पहिलो वैठक कविशिरोमणी लेखनाथ पौड्यालको घरमा भएको थियो । इतिहासकार वालचन्द्र शर्माले केसर शमसेरको परिचय यसरी गरेका थिए ।

* पुस्तकालय प्रमुख, केसर पुस्तकालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामी उपस्थित भएका माझ कलाविषयक ज्ञाता धेरै भएता पनि श्री केसरजस्तो प्रत्येक कला-स्कन्धको समानरूपेण पारखी अरू अहिले पाउनु मुश्किल छ।" यसको प्रतिउत्तरमा केसर शमसेरले भनेका थिए। "मैले आफ्नो जीवनभरी साहित्य र कलाको जति सामग्री एकत्र गर्न सकेको थिए, त्यसमा तपाईहरूको यस महान् प्रयतनले गर्दा गतिशीलताका साथै राष्ट्रिय उपयोगिता पनि थपिन गएकोले मलाई साह्रै प्रसन्नता छ।" यस प्रकारवाट केसर शमसेरले आफ्नो विचार प्रकट गरेवाट उनको इच्छा यो पुस्तकालय सवैले प्रयोग गर्न पाउन् भन्ने थियो भन्ने वुझिन्छ। उनको मृत्यु पश्चात् मात्रै यो सपना साकार भयो। सन् १९६४ जुन ७ को दिन ७२ वर्षको उमेरमा केसर शमसेरको देहावसान भयो। यो देहावसानलाई एउटा ठूलो संयोगको रूपमा लिन सकिन्छ। पण्डित जवाहरलाल नेहरूलाई केसर शमेसरले आदर्श व्यक्तिको रूपमा लिने गर्दथे। जव नेहरूको देहावसानको खवर पाए, तुरून्तै भारतीय राजदुतावासमा गएर दुःख प्रकट गरेर फर्के। आफ्नो अध्ययन कक्षमा वसे। नेहरूको जीवनी पढ्न थाले। पढ्दापढ्दै त्यही वेहोस भए। वाह्र दिनसम्म वेहोसीको अवस्थामा रहेर उहाँ परलोक हुनु भयो। केसर शमसेरको निधनको ४ वर्षपछि सन् १९६८ मा उनकी श्रीमती कृष्णचन्द्रदेवीले केसर पुस्तकालय, केसर महल, स्वप्न वगैंचा र यसले ओगटेको साँडे वत्तीस रोपनी जग्गा सहित केसर पुस्तकालयको नाउँमा सरकारलाई हस्तान्तरण गरे। यो दानको एउटा ठूलो उदाहरण थियो। सरकारको स्वामित्वमा आएपछि सर्वसाधारणका लागि यो पुस्तकालय खुल्ला भयो।

केसर पुस्तकालयको उद्देश्य

यस पुस्तकालयले शिक्षाको गुणस्तर वृद्धिमा सहयोग गर्ने र अध्ययन गर्ने बानीको विकास गर्ने लक्ष्य लिई निम्नानुसार उद्देश्यहरु लिएका छन्:

- शैक्षिक सामाग्रीहरुको सङकलन, संरक्षण र संवर्द्धन गर्ने।
- पुस्तकालय तथा सूचना सेवाको पहुँच सर्वसाधारण समक्ष पुऱ्याउने।
- स्कुल तथा सार्वजनिक पुस्तकालय विकासको लागि तालिम, गोष्ठी कार्यशालाको आयोजना गर्ने तथा परामर्श सेवा उपलव्ध गराउने।
- स्वदेश तथा बिदेशका पुस्तकालयहरुसित सम्बन्ध एवम् समन्वय कायम गर्ने।
- केसर शमसेरबाट प्राप्त सामाग्रीहरूलाई विशेष महत्व दिई संरक्षण र सवर्द्धन गर्ने।

केसर पुस्तकालयको संकलन

केसर शमसेरले यस पुस्तकालयलाई पुस्तकालयको साथै संग्राहालयको रूपमा विकास गरिएको थियो। जुन हालसम्म पनि रही रहेको छ। पुस्तकालय सरकारलाई हस्तान्तरण गर्दा करीव २८ हजार पुस्तक, पत्रपत्रिका, हस्तलिखित ग्रन्थहरुको संकलन रहेको थियो। यसमा अंग्रेजी भाषाका पुस्तकहरुको प्रधानता थियो। केसर शमसेर विविध विषयमा रूचि राख्दथे भन्ने कुरा, यहाँ संकलित विभिन्न विषयका पुस्तकहरुवाट प्रष्ट्याउँछ। केही महत्वपूर्ण विषयका पुस्तकहरुमा जस्तै इतिहास, धर्म, दर्शन, खगोल, समाज विज्ञान, विज्ञान, प्रविधि, चिकित्सा, शिकार, खेलकूद, कला, वगैचा, सैनिक विज्ञान, जीवनी, शब्दकोष, अंग्रेजी साहित्य आदि छन्। हिन्दी, नेपाली, संस्कृत भाषाका पुस्तकहरुको संकलन ज्यादै थोरै छ, यसमा वेद, रामायण, महाभारत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदिको पुस्तकहरु छन् ।

अर्को महत्वपूर्ण संकलनमा हस्तलिखित ग्रन्थहरु छन । जुन विभिन्न भाषा, लिपी र विषयका ६ सयभन्दा बढी महत्वपूर्ण हस्तलिखित ग्रन्थहरु छन् । धेरैजसो हस्तलिखित ग्रन्थहरु, टाडपत्रमा लेखिएका छन् भने केही भोजपत्र र नेपाली कागजमा लेखिएका छन् । यसमा तन्त्रशास्त्र, हिन्दुधर्म, चिकित्सा, ज्योतिषशास्त्र, बुद्धधर्म आदि प्रमुख रूपमा रहेका छन् । हजार वर्षभन्दा पुरानो सहोत्तर तन्त्र जुन वैशज्य विज्ञानमा लेखिएको सबभन्दा पुरानो हस्तलिखित ग्रन्थ हो । सबै हस्तलिखित ग्रन्थहरुको माइक्रोफिल्म गरिसकेको छ । माइक्रोफिल्म कपि राष्ट्रिय अभिलेखालयमा र अर्को कपि बर्लिनको स्टेट लाइब्रेरीमा सुरक्षित छ ।

नयाँ संकलन

सन १९६८ मा केसर पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण भइसकेपछि नयाँ पुस्तक, पत्रपत्रिकाहरु थपिने काम भइरहेको छ । यसमा प्रत्येक वर्ष विभिन्न विषयका विशेष गरी नेपालसँग सम्वन्धित र नेपालवाट प्रकाशित पुस्तकहरु खरिद र उपहारवाट प्राप्त गरिन्छ । युनेस्कोका निमित्त राष्ट्रिय सचिवालयको करीव तेत्तिससय पुस्तक तथा प्रतिवेदनहरु पनि थपिएको छ । यसरी हाल केसर पुस्तकालयमा केसर संकलन समेत गरी पचपन्न हजार पुस्तक पत्रपत्रिकाहरुको रहेको छ ।

केसर पुस्तकालयमा छुट्टै पत्रिका कक्षको पनि व्यवस्था छ । प्रत्येक वर्ष विभिन्न शीर्षकका दैनिक, साप्ताहिक ,मासिक पत्रिकाहरु खरिद गरिन्छ भने केही पत्रिकाहरु उपहारबाट पनि प्राप्त हुन्छ । केसर पुस्तकालय स्थापनाको सय वर्ष पुगेको उपलक्ष्यमा वाल शाखाको पनि व्यवस्था गरिएको छ ।

पाठकहरु

नेपाल सरकारलाई हस्तात्तरण भएपछि सर्वसाधारणलाई खुल्ला गरिएको यस पुस्तकालयले पाठक सेवालाई नै आफनो धर्म सम्झेको छ । पुस्तकालय प्रयोग गर्ने, पाठकहरुको संख्या दिनपरदिन वढ्दो छ । यहाँ आउने पाठकहरुमा विद्यार्थी, शिक्षक,कर्मचारी,अनुसन्धानकर्ता र सर्वसाधारण रहेका छन् । पुस्तकालय अवलोकन तथा अध्ययन गर्ने विदेशीहरुको आउने क्रम पनि वढ्दो छ ।

पुस्तकालय संरचना तथा कर्मचारी

केसर पुस्तकालय शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत रहेको छ । पुस्तकालय सूचारू रूपमा संचालन गर्नको लागि ५ वटा शाखाहरुमा विभाजन गरिएको छ । क) प्रशासन ख) प्राविधिक ग) पुस्तकालय तथा सूचना सेवा घ) पुस्तक,पत्रपत्रिका संकलन र ङ) संरक्षण सम्वर्धन । हाल केसर पुस्तकालयमा २० जना कर्मचारीहरुको दरवन्दी रहेको छ । जसमा पुस्तकालय प्रमुख, पुस्तकालय अधिकृत, पुस्तकालय सहायक र अन्य प्रशासनिक कर्मचारीहरु रहेका छन् ।

केसर पुस्तकालयको सेवा र सुविधाहरु

यस पुस्तकालयमा हाल करीव पचपन्न हजार पुस्तक, पत्रपत्रिकाहरुको संकलन रहेको छ । केसर संकलन र नयाँ संकलनलाई छुट्टाछुट्टै राखिएको छ । हस्तलिखित वाहेक सबै शैक्षिक सामाग्रीहरु खुल्ला दराजमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राखिएका छन् । यो पुस्तकालय रेफरेन्स पुस्तकालय भएकोले, यहाँ भित्र बसी पढ्न पाउने सुविधा सबैको लागि प्रदान गरिएको छ । यहाँ स्वदेशी मात्र नभई विदेशीहरू समेत अध्ययन र अवलोकन गर्न आउने गरेका छन् । यहाँको संकलनलाई वेभसाइटमा समेत राखिएको छ । वेभसाइटको ठेगाना www.kliv.gov.np हो ।

यस पुस्तकालयमा उपलब्ध सेवाहरू

- पढ्ने कोठाको सुविधा
- सन्दर्भ सेवा
- फोटोकपी सेवा
- अन्तर पुस्तकालय सापटी सेवा
- इन्टरनेट सेवा
- वेभसाइट सेवा
- रेफरल सेवा

प्रयोगकर्ताहरूलाई आवश्यक पर्ने सूचनाको लागि टेलिफोन, फ्याक्स, इमेल अथवा हुलाकवाट पनि सम्पर्क राख्न सकिन्छ ।

पुस्तकालयको विशेषताहरू

केसर पुस्तकालय रहेको केसर महल प्राचीन युरोपियन दरवारिया शैलिमा वनेको छ । केसर महलको निर्माण सन १८९५ भएको थियो । केसर पुस्तकालय प्रवेशको सिंढिमा र प्रवेशद्वारमा ठूल-ठूला सिंहहरू छन् । यहाँ राणाकालीन तस्वीरहरुको पनि राम्रो संग्रह रहेको छ । केही फोटोहरु हराइसकेको भएता पनि ६ सय थानभन्दा वढी विभिन्न स्वदेशी तथा विदेशी व्यक्तित्वहरुको फोटोहरु अझै पनि सुरक्षित छन् । वैठक, कोरिडोर र कोठाहरुमा आकर्षक रूपमा राजा, महाराजा, राणा प्रधानमन्त्री, ख्यातिप्राप्त कलाकार, साहित्यकारहरूका फोटोहरु सजाइएको छ । यसको साथै महत्वपूर्ण शिकारसँग सम्बन्धित चित्रकला पनि सजाइएको छ ।

यस पुस्तकालयको अर्को आकर्षण भनेको ट्याक्सिडर्मि गरिएका बाघ, भालु, हरिण, अर्ना, गैडाका टाउका, छालाहरु छन् । यसको साथै कलात्मक मूर्तिहरू, भव्य महल, सुन्दर स्वप्न वगैंचा विद्यमान छ । यहाँको दृश्यले जोकोहीलाई पनि मनमोहक वनाउँछ । शहरको मध्य भागमा अवस्थित यो क्षेत्र प्रदुषण मुक्त छ र यसमा प्रवेश गर्ने वित्तिकै एउटा छुट्टै आनन्दको अनुभूति हुन्छ ।

केसर शमसेर

केसर शमसेरको जन्म ८ जनवरी १८९२ मा राणा प्रधानमन्त्री चन्द्र शमसेर र लोकभक्त लक्ष्मीदेवी राणाको कोखबाट साहिलो छोराको रूपमा भएको थियो । नौ वर्षकै उमेरमा उनलाई मेजर जनरलको रूपमा नियुक्त गरिएको थियो । सन् १९५६ मा उनी फिल्ड मार्सल भए । उनले राष्ट्रिय संग्राहालय, पुरातत्व विभागका महानिर्देशकको रूपमा पनि कार्य गरेका थिए । भने ब्रिटेनको राजदूत र दुई पटक अर्थ र डिफेन्स मन्त्री समेत भए । उनले कालिदासको नाटक विक्रोमोर्वशीको नेपालीमा अनुवाद गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तीन पर्ष भित्र गरिएका केही कार्यहरु

- पाठकहरुको सुविधालाई ध्यानमा राखी १० वजे देखि नै पाठकहरुको प्रवेशलाई सजिलो वनाइएको छ ।
- पुस्तकालयको संकलनलाई वेभसाइटमा राखिएको छ । जसले गर्दा पाठकहरुले पुस्तकालयमा भएको पुस्तकहरुको विवरण घरमा वसेर इन्टरनेटद्वारा हेर्न सकिन्छ ।
- पुस्तकालयको सुरक्षार्थ १० वटा क्यामेरा जडित CCTV जडान गरिएका छन् ।
- केसर पुस्तकालय रहेको सभाकक्षलाई रंगरोगन र माइकको समेत व्यवस्था गरी मिटिङ्ग, गोष्ठी, तालिम, छलफलको लागि प्रयोग योग्य वनाइएको छ ।
- केसर पुस्तकालय सय वर्ष पुगेको उपलक्ष्यमा बाल बालिकाहरुको लागि बाल कक्षको व्यवस्था गरिएको छ ।
- थोत्रो अवस्थामा रहेको पुरानो एतिहासिक महत्वका ५ वटा सोफासेटलाई लोकभक्त राणाको सौजन्यबाट मर्मत गरिएको छ ।
- पुस्तकालयमा भएका पुराना हस्तलिखित ग्रन्थ, मूर्ति, गैंडाको टाउकाकोलागि शोकेश वनाएर प्रर्दशन गर्ने काम भएको छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection





निष्कर्ष

राणाकालीन अवस्थामा व्यक्तिगत पुस्तकालयको रूपमा विकास गरिएको यो पुस्तकालय नेपालको सबभन्दा आकर्षक पुस्तकालयको रूपमा लिइन्छ । सर्वसाधारणको लागि खुल्ला गरिएपछि यस पुस्तकालयबाट धेरै सर्वसाधारण, विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ताले फाइदा लिइसकेका छन् । स्वदेशी मात्र नभई विदेशी अनुसन्धानकर्ता र पर्यटकहरु पनि प्रशस्त आउने गरेको यस पुस्तकालयलाई शिक्षा तथा खेलकुद मंत्रालय सिंहदरवारमा सरेपछि केसरमहल र यसले ओगटेको क्षेत्रलाई पुस्तकालय परिसरको रूपमा विकास गरी देशकै सांस्कृतिक सम्पदा, अध्ययन र अनुसन्धानको केन्द्र विन्दु वनाउनु नितान्त आवश्यक भैसकेको छ । यो समस्त नेपालीको चाहना पनि हो ।

सन्दर्भ सामग्री

1. Amatya, Saphalya (1991) Art and Culture of Nepal. Jaipur, Nirala, 1991
2. Dimitrov, Dragomir and Tamot, Kashinath (2007) Kaiser Shamsher his library and his manuscripts collection. Newsletter of the NGMCP, No.3, 2007 pp.26-36
3. Erickson, W (1961) Libraries in Nepal. Wilson Library Bulletin (35); 1961 pp. 446-451

"A man will turn ouver half a library to make one book" - Samuel Johuson

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर महलको बगैंचा-बनस्पतिको संगमस्थल

लोकभक्त राणा *

साविकमा लगभग १९० रोपनी जग्गामा फैलिएको केसर महलमा अधिकांश भाग बोटबिरूवाले ढाकेको थियो । हाम्रो देशको विभिन्न भेगहरूमा पाइने रूख, फल, फूलहरूदेखि लिएर संसारको बिभिन्न ठाउँहरूमा पाइने रूख, फल, फूलहरूले सजिएको थियो । अर्को शब्दमा भन्नु पर्दा यस क्षेत्र एउटा अघोषित वनस्पति उद्यान (Botanical Garden) को रूपमा रहेको थियो । केही बोटविरूवाहरूका नाउँ लिनुपर्दा- हिमाली भेगमा हुने लालीगुँरास, सुनाखरी, अति गरम ठाउँमा खास गरी दक्षिण भारतमा हुने फुल्ने अशोकाको र कदमको वृक्ष, मधेशमा हुने सिमल, चाँप, पलाँसको बृक्षहरू, जलचर क्षेत्रमा हुने विभिन्न रङ्गका कमलहरू, जापानको जङ्गलमा हुने acer palamatum का बृक्षहरू जुन बृक्षहरूको पात जाडो महिनामा पहेंलो हुँदै रातो रङ्गमा वदलिँदै जान्छ, जापानी अजेलिया (Japanese azalea) चीनमा हुने पियोनी (peony), wisteria को लहरा, युरोपमा हुने magnolia फूलको रूख, daffodil, narcissus, आदि ।

माथि उल्लिखित पुष्प एवं वृक्षहरूका नाम सुन्नासाथ वनस्पतिको क्षेत्रमा अलिकति पनि अनुभव एवं दख्खल भएको व्यक्तिलाई आश्चर्य लाग्नु स्वभाबिक हुन्छ । ५०-६० बर्ष अघिको काठमाडौं अहिलेको भन्दा धेरै चिसो थियो । गरम ठाउँमा हुने अधिकांश बोट बिरूवाहरू जाडो महिनामा मरिहाल्थे । त्यस वेला ती बोट बिरूवाहरू जोगाउन plastic sheets पाइँदैन थियो । त्यस्तो प्रतिकूल परिस्थितिमा कसरी ती अति गरम मौसममा हुने बोट बिरूवाहरू हुर्के, बढे ? यस पछाडि के तालिम प्राप्त वगैंचेहरू थिए ? थिएनन् । सामान्य वगैंचेहरू त थिए तर यस पछाडि तत्कालीन समयमा अति विद्वान कहलिएका एवं अध्ययनशील एक व्यक्ति थिए जसको नाउँ थियो केसर शम्शेर ।

केसर शम्शेरका विलक्षण प्रतिभाहरू थिए जसमध्ये एउटा प्रतिभा थियो-photographic memory उहाँले कुनै पनि विषयको पुस्तक एक पटक पढ्नु भएपछि फेरि पढ्नु पर्दैन थियो किनभने उहाँको मस्तिष्कमा त्यो कितावको फोटो खिचेर राखेको जस्तो हुन्थ्यो । उहाँलाई वनस्पति क्षेत्रमा अति शोख थियो र उहाँको पुस्तकालयमा वनस्पति सम्वन्धी धेरै राम्रा पुस्तकहरू थिए । ती सबै पुस्तकहरू उहाँले पढ्नु भएको थियो । फलस्वरूप कुन बोट बिरूवा कस्तो ठाउँमा हुन्छ, कस्तो वातावरण चाहिन्छ भन्ने कुरा अध्ययनको माध्यमवाट उहाँलाई राम्रो हेक्का थियो । आफ्नो शोख एवं अध्ययनलाई मूर्त रूप दिन उहाँले आफ्नो घर-जग्गामा एउटा नमूना वगैंचाको परिकल्पना गर्नुभएछ । यसको अतिरिक्त उहाँ संसार घुम्ने प्रथम नेपाली हुनुहुन्थ्यो । शायद

*कानुन व्यवसायी, सर्वोच्च अदालत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही भ्रमणको सम्झनामा उहाँले संसार भरिका सुन्दर बोटबिरूवाहरू एवं हाम्रो देशको विभिन्न भेगमा पाइने विभिन्न बोट विरूवाहरू एउटा सीमित क्षेत्रमा एकैसाथ लगाई हेर्ने इच्छा गर्नुभएछ । अचेलको fusion music जस्तै एउटा fusion garden को परिकल्पना गर्नुभएछ । यही परिकल्पनाले सन् १९२० को दशकवाट मूर्त रूप लिन थालेछ ।

यस वगैंचा निर्माण गर्ने श्रोत जुटाउने घटना पनि रोचक रहेको छ । तत्कालीन अवस्थामा पनि सो बगैंचा निर्माण गर्न ठूलै धनराशी लाग्ने रहेछ- करिब ५, ६ लाख रूपैयाँ । यत्रो धनराशी खर्च गरी बगैंचा निर्माण गर्दा तत्कालीन अवस्थामा जनतामा प्रतिकूल सन्देश जानसक्ने भएकोले केसर शम्सेरका पिताले वगैंचा निर्माण नगर्न सल्लाह दिनुभएछ । आफ्नो सपना पूरा नहुने भएपछि उहाँलाई ठूलो पीर परेछ । उपायको खोजीमा लाग्नु भएछ । त्यसवेला जुवा खेल्न प्रतिबन्धित भए पनि दशैं र तिहारमा केही दिनको लागि जुवा खुल्ने रहेछ । केसर शम्सेरको ज्योतिष शास्त्रमा पनि ठूलो दख्खल थियो । आफ्नो ग्रहगोचर अनुकूल भएको मौकापारी सिंहदरवारमा जुवा खेल्न जानुभएछ । नभन्दै ५-६ लाख रूपैयाँ जित्नु भएछ । रकम जित्नासाथ आफ्ना पितालाई यस रकमको सदुपयोग गर्ने प्रस्ताव राख्नु भएछ । कसरी सदुपयोग गर्छौ भनेर पिताले सोध्नु हुँदा यही वगैंचा निर्माण गर्छु भन्नु भएछ । पिता अप्ठ्यारोमा पर्नु भएछ र हुन्न भन्न सक्नु भएनछ । यसको प्रमाण वर्षा गृहको अगाडि रहेको लक्ष्मीको मूर्ति हो । साबिकमा सो मूर्ति उत्तरतर्फ फर्किएको थियो । छेउमा लक्ष्मीको वाहन लाटोकोसेरो थियो भने ठाडो रूपमा रहेको ५ वटा कौडाहरू थिए । उहाँले पञ्जा दाउ लिएर सो रकम जित्नु भएको हुँदा पाँचवटा ठाडो कौडाहरू वनाइएका हुन । अहिले सो लक्ष्मी कुनै नेपालीले हेरेमा प्रथम दृष्टिमा नै लक्ष्मीको मूर्ति हो भन्ने अवश्यै लाग्दैन । कुनै लडाकु विदेशी महिला जस्तो देखिन्छ । लामो समयको वेवास्ता (neglect) पछि सो मूर्ति जीर्ण भएको हुँदा स्वप्न बगैंचा प्रोजेक्टले एक विदेशी महिलालाई सो मूर्ति पूनर्निर्माण गर्ने जिम्मा दिएको थियो । ती महिला अनुभवी भएता पनि हाम्रो देवताको मूर्ति वनाउन गाह्रै परेछ । यसको प्रमाण हाल विद्यमान रहेको लक्ष्मीको उक्त मूर्ति नै हो । हाल लाटोकोसेरो पनि छैन । एउटा समसामयिक प्रसंग उठ्दछ- हाम्रो देशमा हाल भइरहेको विदेशी हस्तक्षेप र चलखेलको । हामी नेपालीले नयाँ नेपाल निर्माण नगरी विदेशीको इशारामा नयाँ नेपाल निर्माण गरिएमा नयाँ नेपालको अनुहार सो लक्ष्मीको अनुहार जस्तो हुनेछ र लाटोकोसेरो उडेको जस्तै हाम्रो संस्कृति र परम्परा पनि उडी जानेछ । बगैंचाको बर्णन गर्नुपूर्व सो बगैंचा निर्माण गर्दाको एक रोचक तथ्य यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ । वगैंचाको रूपरेखा कोरिई सकेपछि सो डिजाइन वास्तु शास्त्र अनुकूल छ, छैन भनी उहाँले हेर्न थाल्नु भएछ । उहाँ वास्तुशास्त्रको पनि ज्ञाता हुनुहुन्थ्यो । वास्तु शास्त्रको दृष्टिकोणवाट दक्षिणतर्फ पोखरी राख्न उपयुक्त नहुने रहेछ तर डिजाइनमा दक्षिणतर्फ लामो पोखरी र पोखरी माथि दुईवटा कलात्मक पुलहरू रहेछन् । यी पुलहरू अति सुन्दर भएका र यी पुलहरू हटाउँदा समग्र सुन्दरतामा केही कमी आउन सक्ने भएकोले ती पुलहरू यथावत् राखिएछन् तर पोखरीको ठाउँमा गुलाफ लगायत अन्य फूलहरू लगाउने स्थान बनाइएछ । दक्षिण तर्फ रहेको बगैंचाको पुराना फोटोहरू हेरिएमा ती पुलहरू देखिन्छन् । स्वप्न बगैंचा पुनर्निर्माण गर्ने क्रममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस स्थानमा पुन: केही पोखरीहरू निर्माण गरिएका छन् ।

केसर महलभित्र रहेका बगैंचाहरू मध्ये दक्षिणतर्फ रहेको वगैंचा (हाल स्वप्न बगैंचा भनी नामाकरण गरिएको) सबैभन्दा बिशिष्ठ थियो । पूर्व पश्चिम लम्बाई रहेको यस बगैंचा शिक्षा तथा खेलकुद मन्त्रालयको मूल द्वारदेखि ठमेल, भगवान बहालको वाटोसम्म रहेको थियो । यस बगैंचामा मुख्य आकर्षणको रूपमा नेपालको ६ ऋतुहरू (वसन्त, गृष्म, बर्षा, हेमन्त, शरद र शिशिर) का नाउँका गृहहरू (pavilions) थिए । हाल बसन्त, गृष्म र वर्षा गरी जम्मा तीन गृहहरू मात्र बाँकी रहेका छन् । Architecture को दृष्टिकोणले ती गृहहरू अति उत्कृष्ट थिए । मुख्यत: ती गृहहरू सम्वन्धित मौसम अनुकूल बस्न उपयुक्त गरी बनाइएका थिए । जस्तै जाडो महिनाको शिशिर ऋतुको गृहमा बन्द झ्याल ढोका भएको, दक्षिणतर्फ मोहडा भएको, भित्रपट्टी काठको भुइँ भएको न्यानो किसिमको थियो भने गरम महिनाको गृष्म ऋतुको गृहमा पूरै खुल्ला झ्याल ढोका नभएको, ठूला ठूला वृक्षहरू वरपर रहेका, दक्षिणतर्फ वन्द रहेको थियो । ती गृहहरूका आसपास बिशेषत: सम्बन्धित ऋतुमा फुल्ने perennial किसिमका फूलहरू लगाइएका थिए जस्तै बसन्त गृहको छेउछाउमा बसन्त ऋतुमा फुल्ने गुनकेशरी (narcissus), daffodil, गुलाफ, विस्टेरिया, पियोनी, लाली गुँरास, चिनियाँ गुँरास, आदि फूल, बृक्षहरू समेत थिए भने शिशिर गृहको नजिकै एक ठूलो green house रहेको थियो जसभित्र जाडो महिनामा पनि फूलहरू फुल्दथे । अर्को शब्दमा भन्नु पर्दा ती ऋतु गृहहरू आसपास विशेषत: आ-आफ्ना ऋतुहरूमा फूलहरूले ढकमक्क हुन्थे । मेरो वाल्यकालदेखि नै मैले ती ऋतुहरू देखिरहेको भएर मलाई ती ऋतुहरूको नाउँ क्रमानुसार कण्ठै आउँथ्यो । म कक्षा ६ मा हुँदा नेपाली गुरूले ऋतुहरूका बारे पढाउने क्रममा सबै विद्यार्थीहरूलाई ऋतुहरूका नाउँ सोध्नु भयो । म वाहेक कसैले पनि ऋतुहरूका नाउँ भन्न सकेनन् । गुरूलाई आश्चर्य लागेछ । पढाउनुअघि नै यस विद्यार्थीलाई कसरी ऋतुहरूको नाउँ थाहा भएछ ? उहाँले मलाई यस विषयमा विभिन्न प्रश्नहरू गर्न थाल्नु भयो । दुई चार प्रश्नहरू गर्दैमा उहाँले मेरो पिताको नाउँ थाहा पाइहाल्नु भयो र मलाई गर्वकोसाथ भन्नु भयो "ए तिम्रो पिताको बगैंचामा ६ वटा ऋतु गृहहरू छन् नि । मैले पनि एकपटक हेर्ने मौका पाएको छु ।" यसपछि गुरूले सो बगैंचाको बर्णन गर्दा गर्दै त्यस दिनको क्लासको समय नै वित्यो र त्यस दिन होम-वर्क पनि दिन भुल्नुभयो ।

माथिका प्रकरणमा वर्णित ऋतु गृहहरूको पश्चिमतर्फ एउटा ठूलै खालको पोखरी थियो । यस पोखरीमा गरम महिनामा टन्नै रङ्गरङ्गका कमलहरू फुल्दथे- नीलो, पहेंलो, रातो, सेतो, गुलाबी, आदि । यसको ठीक पश्चिमतर्फ एउटा पूरै नेपाली शैलीमा निर्मित झिंगटीको छाना भएको घर थियो जसलाई "केसर घर" भनिन्थ्यो । सो घर वरिपरि ठूलो बगैंचा थियो बगैंचाको पूर्वी भागमा एउटा कृत्रिम पहाड र पहाड मुनि सानो गुफा थियो । यस वगैंचामा विशेषत: नेपालमा पाइने रूखहरू जस्तै: चाँप, सिमल, पलाँस, सिरिस, गुँरास, विभिन्न किसिमका वाँसहरू आदि थिए । ती रूखहरूमा नेपाली सुनाखरीहरू लटरम्मै फुल्थे । घरको खोपाहरूमा र वरिपरि देवदेवीहरूका ढुङ्गाका उत्कृष्ट मूर्तिहरू थिए । चाँप फुलेको याममा यस क्षेत्र सुगन्धले भरिपूर्ण हुन्थ्यो । सिमलको भुवा उडेको हेर्न मलाई अति रमाइलो लाग्थ्यो । गुँरास फूलको रस चुसेर खाँदाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वाद अझै मेरो मुखबाट गएको छैन ।

केसर घरको उत्तरतर्फ करिब १५-१६ रोपनी जग्गामा एउटा ठूलो पोखरी थियो । यस पोखरीमा ठूला- ठूला गुलाबी कमलहरू फुल्थे । यस पोखरीमा डुङ्गा चल्थ्यो । फेवातालमा देखिने डुङ्गाहरूभन्दा केही ठूलो डुङ्गा थियो । सो पोखरीमा जाडो महिनामा विभिन्न किसिमका करिव ४-५ सय जंङ्गली हाँसहरू (migratory wild ducks- teal, mallard, shoveler, pochard, bar (headed goose, ruddy shelduck, etc.) आई बस्थे । ती हाँसहरूलाई दिनहुँ धान खान दिइन्थ्यो भने हप्ताको १-२ दिन पानीमा मही हालिन्थ्यो । ती हाँसहरूका सुरक्षाको निमित्त पोखरीभित्रै स-साना दुईवटा तीन कुने टापुहरू निर्माण गरिएका थिए । ती टापुहरूमा papyrus का झाङ्गहरू थिए । यसबाट ती जङ्गली हाँसहरूले जङ्गली विरालोहरू एवं बाजहरूवाट सुरक्षा पाउँद थिए । यी जङ्गली हाँसहरू पानीवाट उड्दाको दृश्य, आकाशवाट उडी पानीमा अवतरण गरेको दृष्य, आकाशमा वाज देख्दा सबै जङ्गली हाँसहरू पानी मुनी एकै पटक पसेको दृष्यहरू अति मनोरम हुन्थे । ती जङ्गली हाँसहरू विभिन्न प्रकारका हुन्थे- कसैको नीलो टाउको, कसैको हरियो टाउको, कसैको रातो टाउको, कुनै साना, कुनै मझौला खालका, कुनै ठूला ठूला हुन्थे । यिनीहरूलाई कसैले पनि मार्न, धपाउन समेत पाउँदैन थिए । अर्को शब्दमा भन्नु पर्दा यिनीहरूलाई आफ्नो परिवार जस्तै गरी माया गरिन्थ्यो र वसुन्जेल खाना, सुरक्षाको उचित प्रवन्ध गरिएको थियो । जङ्गली हाँसहरूका अतिरिक्त सीम कुखुराहरू (white-breasted waterhen) पनि थिए । सीम कुखुराहरू आकाशमाथि उडी पर जान नसक्ने भएकाले त्यस वेलाका सीम कुखुराका सन्तानहरू अझै केसरमहल क्षेत्रभित्र सीमित रूपमा रहेका छन् । सानैदेखि यस्तो वातावरणमा हुर्किएको हुँदा मलाई जङ्गली जनावर, पशु-पंछीहरूप्रति मोह रहेको छ । करिव २५ बर्ष अधिको एउटा घटना हो- एक पटक एक जना मेरो दाजुको साथीले मलाई मनोहरा फाँटमा शिकार खेल्न लैजानु भयो । शुरूमा त उत्सुकताकै कारणबाट गइहालें तर त्यहाँ जङ्गली हाँस मार्ने योजना रहेछ भन्ने कुरा त्यहाँ पुगेर मात्र थाहा पाएँ । मलाई पीर पऱ्यो । कसरी ती जङ्गली हासँहरू भगाउने भन्ने सोंचमा परें । तपाई शिकार खेल्नुस् म परैवाट हेर्छु भनें । जब उहाँ जङ्गली हाँस बसेको ठाउँनिर पुग्नु हुन्थ्यो मैले उफ्रेर हुन्छ कि दौडेर हुन्छ ती जङ्गली हाँसहरू उडाई दिन्थें । त्यस दिन उहाँले एउटा पनि शिकार पाउनु भएन । पछि अरूलाई "यस्तो मानिससँग पनि शिकार जानु" भनी टिप्पणी गर्नुभएछ ।

केसर महलको करिब आधा क्षेत्रमा घना जङ्गल थियो । यस जङ्गलमा विभिन्न जातिका चराचुरुङ्गीहरू बस्दथे । केही चराहरूका नाउँ लिनुपर्दा- विभिन्न किसिमका बकुल्लाहरू (egret, bittern, heron), विभिन्न किसिमका लाटोकोसेरोहरू (great horned owl, spotted owlet, barn owl, forest eagle owl,etc) विभिन्न किसिमका वाजहरू (harrier, falcon, merlin, kestrel, osprey, eagle,etc), चाहा (snipe), भद्राई (shrike), ढुकुर (dove), जङ्गली परेवा (wood pigeon), कोइली (cuckoo), फाप्रे (hoopoe), माटोकोरी (king-fisher), कुथुर्के (barbet), wood-pecker, drango, रानी चरी (scarlet minivet), जुरेली (bulbul), फिस्टो (warbler), thrush, tit, खन्जन (wagtail), humming bird, मुनिया (munia), दमाई चरी, भ्याक्कुर, लामपुछ्रे (magpie),

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिवे (fly catcher), तोप चरा (weaver), धोबी चरा (robin), चाँचर, कालचरी, कपथ विचप एवं नामै थाहा नभएका बिभिन्न किसिमका चराहरू । बकुल्लाहरू हाल स्वप्न वगैंचाको बेगमवेलीको लहराले ढाकिएको एउटा ठूलो eucalyptus को रूखमा वस्थे । हाल ती बकुल्लाहरू त्यहाँबाट लखेटिएका छन् । गुँडै लगाउने उपयुक्त ठाउँ नपाई तिनीहरू राजदरवारको पश्चिमतर्फको काँगियोको रूखहरूमा बस्दछन् । ती रूखहरू गुँड लगाउन उपयुक्त नभएको कारणवाट तिनीहरूका आधा जस्तो वच्चाहरू गुँडवाट बाटोमा खसी मर्ने गर्दछन् ।

वगैंचाको बिभिन्न भागहरूमा भएका फलफूलका वोटहरूका वर्णन गर्नैपर्ने हुन्छ । खास गरी यस वगैंचाको आलुबखडा प्रख्यात थियो । केसर महलको उत्तर पश्चिम कुनातिर बिभिन्न किसिमका आलुवखडाको घारी नै थियो । आलुवखडा पाकेको वेला आलुबखडा टिप्न प्रशस्तै केटाकेटीहरू पर्खाल चढी आउँदथे । त्यसवेला शान्ति विद्या गृह स्कूलमा अध्ययन गर्ने कतिपय विद्यार्थीहरूले पर्खाल चढी आलुवखडा टिप्न गएको र विद्यालयको गुरूले थाहा पाएर पिट्नु भएको कहानीहरू मलाई आजसम्म पनि सुनाउँदछन् । बगैंचामा विभिन्न किसिमका भोगटेहरू पनि लगाइएका थिए । भोगटेका बोटहरू लगाइएको ठाउँमा एउटा छुट्टै बगैंचे मुकरर गरिएको थियो । ती वगैंचेले जसलाई जे भन्नु परे पनि पहिले "हेरी" भन्ने थेगो प्रयोग गरी वाक्य शुरू गर्दथे । हामीहरूले निजको नाउँ नै "हेरी" भन्ने राखेका थियौं । हामीहरूले भोगटे टिप्न गयौं भने यो बोटको स्वादिलो छ, त्यो वोटको स्वादिलो छैन भनी देखाउँदथे । धेरै पछि हामीहरूले के थाहा पायौं भने निजले हामीहरूलाई कम स्वादिलो भोगटेको वोट देखाइदिने रहेछ र स्वादिलो बोटको फल आफै खाने रहेछ । उपरोक्त उल्लिखित फलफूलका वोटहरूका अतिरिक्त वियाँ नभएको अम्वा, सुन्तला, मौसम, काँचैमा खाने हलुवाबेद, दाँते ओखर, मुन्तला, किम्वु, आदि थिए । विदेशवाट राम्रो जातका विरूवाहरू मगाई लगाइएका हुँदा ती सवै फलफूलहरू अति स्वादिला थिए ।

केसर महलको उत्तरतर्फको मध्य भागमा एउटा सानो घर रहेको थियो जसको नाउँ थियो "कुन्ज कुटी" । यस घरको वरिपरि करीब ४०-५० जातिका चिनियाँ गुँरासहरू (camellias) एवं जापानी अजेलियाहरू (Japanese azaleas) लगाइएका थिए । मैले अझैसम्म एकै ठाउँमा यत्ति धेरै किसिमका चिनियाँ गुँरासहरू र अजेलियाहरू देखेको छैन । वसन्त ऋतुमा ती फूलहरू फुल्दा त्यस ठाउँ त अति नै सुन्दर देखिन्थ्यो ।

यसै गरी केसर महलको पूर्वतर्फको मध्य भागमा एउटा माटोको ठूलो ढिस्को थियो । यसलाई हामीहरूले पहाड भन्थ्यौं । त्यो ढिस्को करीब ५०-६० फिट अग्लो थियो भने गोलाई पनि निकै फैलिएको थियो । त्यस पहाडमाथि चढ्ने ढुङ्गाको भरेङ्गहरू बनाइएका थिए । पश्चिम र उत्तरतर्फ भिरालो परेको थियो र त्यसतर्फ विभिन्न किसिमका बाँसहरू लगाइएका थिए । सो पहाडको टुप्पामा अलिकति सम्म परेको ठाउँ थियो जसमा एउटा काठै-काठले निर्मित एक कोठे घुम्ने घर थियो । यो घर रेलको लिक जस्तो माथि रहेको थियो र करीव दुई जना व्यक्तिले त्यो घर सजिलै घुमाउन सक्थे । सो पहाडमा टन्नै ठूला-ठूला वृक्षहरू थिए । दक्षिणतर्फ मुख रहेको एउटा सानो गुफा पनि थियो र गुफाको मुखनिर एउटा कुमारीको मन्दिर थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर महलको बगैंचामा कसरी लालीगुँरास हुर्की बढी ठूलो वोट भई फुल्यो होला भन्ने कुरा मलाई अझै पनि आश्चर्य लाग्दछ । लालीगुँरासको वोट कसरी काठमाडौंको जमीनमा हुर्काउन सक्छ भन्ने विषयमा मैले करीब २५ वर्ष अघि करीव ४-५ वर्ष लगाई निक्कै खोजी एवं अनुसन्धान गरें र २-४ वटा लाली गुँरासको बिरूवा जमीन मै हुर्काई फूलाउन सफल भएँ । मुख्यत: माटोको उपचार गर्नुपर्ने रहेछ र लाली गुँरासलाई उपयुक्त हुने अम्लियपना (ph.level) कायम गर्नुपर्ने रहेछ । Ph.level घटाउने वढाउने विभिन्न प्रविधीहरू रहेछन् र सो गर्न केही बर्ष लाग्ने रहेछ तर त्यसवेला यी कुराहरू कसरी पत्ता लगाई लाली गुँरास फुलाइयो ? पक्कै पनि केसर शम्शेरको विद्याको कमाल हुनुपर्दछ । यसैगरी सो बगैंचामा त्यसवेला कसरी फुल्ने अशोकाको बृक्ष, कदमको बृक्ष हुर्काई वढाई फुलाइयो ? मैले आजसम्म पनि काठमाडौंमा फुल्ने अशोकाको बृक्ष देखेको छैन । रामायणमा वर्णन भए अनुसार सीतालाई रावणले अपहरण गरी लैजानु भएपछि, अशोक बाटिकामा बन्दी बनाई राखिएको, सीता अशोकाको बृक्ष मुनि वस्नुभएको र त्यही बृक्षमा हनुमान जानुभई लुकी सीतालाई श्रीरामको सन्देश पुऱ्याउनु भएको उल्लेख भएको छ । Tropical climate मा हुने यी बृक्षहरू त्यसबेलाको काठमाडौंको जाडोमा हुर्काई वढाई फुलाउने कार्य अवश्यै अति चुनौतीपूर्ण हुनुपर्दछ । बास्तवमा मलाई अहिले यी कुराहरू लेख्नलाई पनि केही संकोच लागिरहेको छ- कि पाठकहरूले नपत्याउने हुन् कि भनेर ।

यत्तिका बोटविरूवाहरूमा केसर शम्सेरलाई बिशेषत: कुन वोटविरूवा मन पर्दथ्यो भन्ने कुरा उत्सुकताको विषय हो । उहाँलाई सवैभन्दा मनपर्ने म्याग्नोलिया फूलको रूख हो । म्याग्नोलिया भनेको चाँपको प्रजाति भएपनि यस बृक्ष नेपालमा हुँदैन । धेरै समयअघि बेलायतबाट ल्याएर लगाइएको रहेछ । यस वृक्ष हालको स्वप्न बगैंचामा निर्मित maze को बीचमा रहेको थियो । करीव ३०-४० फिट अग्लो थियो । यस बृक्षको वर्णन गर्नुपर्दा शरद ऋतुको अन्तमा सबै पातहरू झर्दछन् । पौष महिनाको अन्तिम हप्ताबाट बोटनै ढाकेर फुल्न शुरू हुन्छ । फूलको रंङ्ग सेतो र गुलाफी मिसिएको हुन्छ र हल्का बास्ना पनि आउँदछ । पौष, माघमा टन्न हुस्सु लागी वरपर केही नदेख्ने बेलामा यस बृक्षको फूल प्रष्टै देखिन्छ । सेतो वादलको बीच फूल फुलेको जस्तो लाग्ने हुन्छ । हाल सो बृक्ष त्यहाँ छैन । Maze निर्माण गर्न भनी स्वप्न बगैंचा प्रोजेक्टले एक्कासी काटेछ । यसमा पिताको परिवारहरूको चित्त दुखाई छ । अन्य किसिमका म्याग्नोलियाहरू हाल बिभिन्न नर्सरीहरूमा उपलब्ध भएपनि ठूलो रूख हुने म्याग्नोलिया पाइन गाह्रो छ । करीव पन्ध्र बर्षअघि मैले सोही बृक्षको एउटा सानो हाँगामा air-layering प्रविधी अवलम्बन गरी एउटा बिरूवा निकालेको थिएँ । सो बृक्ष मेरो घरमा छ । यस बृक्ष फुलेको जसले देखे पनि आँखा अन्त लैजान गाह्रो पर्दछ । कुनै दिन फेरि यही बृक्ष स्वप्न बगैंचामा हुर्काई बढाई फुलाउने मेरो धोको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको अवस्था, अवसर तथा चुनौतीहरू

जुजुभाई डंगोल*

१) भूमिका

स्वतन्त्रता, समुन्नती र विकास गर्न पाउने हरेक मानव र समाजका अविच्छिन्न अधिकार हुन् । सुसूचित नागरिक मात्र प्रजातान्त्रिक अधिकारको प्रयोग गर्दै उल्लिखित अधिकार प्राप्त गर्न सक्षम हुन्छन् । गुणस्तरीय शिक्षा, संस्कृति र सूचनामा निःशुल्क र निर्वाध पहुंचले मात्रै सही अर्थमा स्वतन्त्रताको प्रयोग र समुन्नतिको ढोका खुल्न सक्छ । मद्दत पुऱ्याउँछ । सार्वजनिक पुस्तकालय सूचनाको स्थानीय केन्द्र हो जहाँ नागरिकको रुचीअनुसारका सूचना र ज्ञानका सामाग्री प्राप्त गर्न सकिन्छ । सार्वजनिक पुस्तकालय सेवा समाजका हरेक वर्ग, समुदाय, भाषाभाषी, जातजाति, धर्म, लिङ्गमा विना भेदभाव समानताको आधारमा प्रदान गरिन्छ ।

भाषिक भिन्नता, अन्धा, अपाङ्ग र कैदीहरूलाई विशेष प्रकारको सेवा प्रदान गर्नु सार्वजनिक पुस्तकालयको विशेष जिम्मेवारी हो । समाजका हरेक उमेरका व्यक्तिले आफ्नो रुचीअनुसारका सामाग्री प्राप्त गर्ने थलो भनेकै सार्वजनिक पुस्तकालय हो ।

विभिन्न शैक्षिक संस्था, कार्यालय, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय संस्थाका उद्देश्य र कार्यलाई सहयोग गर्न स्थापित पुस्तकालय बाहेक नेपाल सरकारको तर्फबाट समाजका विभिन्न वर्ग, समुदाय, जातजाति, पेशा र उमेरका दृष्टिले विभिन्न तहका जनसमुदायलाई आफ्नो व्यवसाय, रुची, शैक्षिकस्तर वृद्धि गर्न आवश्यक पर्ने सूचना उपलब्ध गराउन सार्वजनिक पुस्तकालय सेवा स्थापनासम्वन्धी पहल भएको पाँइदैन ।

नीति निर्माता, योजनाविद्, शिक्षाविद्हरूले समेत पुस्तकालयको भूमिकालाई हलुका ढङ्गले लिने गरेकाले होला दशौं पञ्च वर्षीय योजना पूरा भए पछि मात्र पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४ पारित भएको छ । यस राष्ट्रिय नीति कार्यान्वयनकोलागि ऐन, नियम तर्जुमा हुन बाँकी नै छ ।

२) सार्वजनिक पुस्तकालयको परिभाषा

समाजका प्रत्येक नागरिक वाल, युवा, वयस्क, किसान, विद्वान, पेशेवर, शिक्षक, गृहिणी सवैका लागि तिनका रुची, स्तर, भाषा सवै विचार गरेर समुदायमा उनीहरू सवैलाई उपयोगी हुने पाठ्यसामाग्रीको संयोजनमा खोलिने पुस्तकालयलाई सार्वजनिक पुस्तकालय भनिन्छ । यसमा सामुदायिक स्रोतकेन्द्र, सामुदायिक वाचनालय, ग्राम, घुम्ती, वाकस पुस्तकालय जस्ता पद्धति हाल चलनचल्तीमा छन् । खास गरी सार्वजनिक पुस्तकालय सूचना प्रवाहको यस्तो थलो हो जहाँ सवै खालका पाठ्यसामग्री पाठकले उपयोग गर्न सक्ने व्यवस्था गरिएको हुन्छ ।

* व्यवस्थापक, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

IFLA/UNESCO Guidelines for Development काअनुसार: सार्वजनिक पुस्तकालय समुदाय वा स्थानीय, क्षेत्रीय, केन्द्रीय सरकार वा अन्य प्रकारका सामुदायिक संस्थाको सहयोग र सहायतामा स्थापित एवम् सञ्चालित संस्था हो । यसले समुदायका सवै सदस्यहरूलाई जातियता, राष्ट्रियता, उमेर, लिङ्ग, धर्म, वर्ण, भाषा, अपाङ्ग, आर्थिक र रोजगार एवम् शैक्षिक स्तरको विभेद नगरी सवैलाई समान रूपले विभिन्न प्रकारका ज्ञान र सूचना एवम् कल्पनाशील सामग्री एवम् सेवामार्फत पहुंच प्रदान गर्दछ ।

३) सार्वजनिक पुस्तकालयको उद्देश्य

सार्वजनिक पुस्तकालयको देश र समाजका हरेक वर्ग र पेशागत समुदायको आत्मोन्नतिको लागि आवश्यक पर्ने सवै प्रकारका पठनपाठन सामाग्री समान रूपले सुलभ र सरल तरिकाबाट निःशुल्क उपलव्ध गराउने उद्देश्य हुन्छ । सार्वजनिक पुस्तकालय हरेक देश, राजधानी वा शहरको गहनाको रूपमा रहनुका साथै वौद्धिक र भौतिक विकासका साथै शिक्षा र संस्कृतिको धरोहरको रूपमा रहेको हुन्छ । विशेष गरी सार्वजनिक पुस्तकालयहरू निम्न उद्देश्यहरूबाट अभिप्रेरित भएका हुन्छन् :

- देशका साक्षर जमातलाई शिक्षितमा परिणत गर्नु (सवै तहका लागि शिक्षा),
- शैक्षिक ज्ञान र उपकरणको जानकारी दिलाई सम्पूर्ण जनतालाई विज्ञानतर्फ आकृष्ट गरी देशमा व्यावहारिक विज्ञानको विकास गराउँदै विकसित समाजको दाँजोमा देशलाई पुर्‍याउनु,
- ठीक र वेठीकको चेतना ल्याई समाजमा अनुशासित वन्दै आफ्नो उत्तरदायित्व पुरा गर्न सक्ने दक्षता मानिसमा ल्याउनु (व्यक्तिगत विकास),
- वालबालिकाहरूमा सानै उमेरदेखि पढ्ने बानीको विकास र यसलाई वलियो पार्ने (पठन संस्कृति),
- समाजमा भएका धार्मिक वन्देज, आर्थिक बेमेल, साँस्कृतिक भिन्नता, जातिपातीको भेदभाव आदि प्रथालाई क्रमशः निर्मुल पार्दै लग्नु (साँस्कृतिक विकास),
- दक्ष जनताबाट अन्ततोगत्वा देशको नैतिक वल बढाएर यसलाई पूर्ण स्वावलम्वी वनाउनु (सामाजिक विकास),
- देशको चौतर्फी विकासको लागि आवश्यक पर्ने शैक्षिक सामाग्री जुटाई समाजमा यसको पूर्ण फैलावट गरी जति सकियो कम समयमा धेरै शैक्षिक, विद्वता र प्रविधीका उपलब्धी हाँसिल गर्न सक्ने स्थितिको सिर्जना गर्नु (आर्थिक विकास) आदि ।

४) सञ्चालनमा आएका केही सार्वजनिक पुस्तकालयहरूको अवस्था र सेवाहरू

नेपालमा सरकारीस्तरबाट गरिएको प्रयासका अतिरिक्त देशका विभिन्न भागहरूमा शिक्षाप्रेमीहरूको सक्रियतामा निजी तथा सार्वजनिक पुस्तकालय स्थापना गर्ने कार्यमा एक किसिमको लहर आएको देखिन्छ । जनस्तरबाट स्थापित नेपालको पहिलो पुस्तकालयको रूपमा वि.सं १८०० को दशकमा कास्की पोखरास्थित विन्ध्यवासिनीका पराजुली पण्डितहरूले खोलेको पण्डित पुस्तकालयलाई मानिन्छ । पं. हेमराज पाण्डे (१९३५–२०१०) ले वि. सं. १९५१ देखि व्यक्तिगत रूपमा पुस्तक संकलन गर्न शुरु गरी विकसित हुन पुगेको भारती भवन पुस्तकालय तथा केसर शमशेर राणाले सन् १९०८ (वि.सं १९६६) देखि पुस्तक सङ्कलन गरी विकसित हुन पुगेको केसर पुस्तकालय यसै अवधिका उपलब्धि हुन् । डा. डिल्लीरमण रेग्मीले आफ्नो बाल्यवस्थादेखि नै पुस्तक संग्रह गरी विशाल रूप धारण गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय स्व. रेग्मीले वि.सं.२०४७ साल जेठ २९ गते श्री ५ को सरकारलाई हस्तान्तरण गरेका थिए। वि.सं.१९९७/९८ बाट वाल्यावस्थादेखि कमलमणि दीक्षितले पुस्तक संग्रहको थालनी गरी कमलको नेपाली संग्रह नामकरण गरिएको कमलमणि दीक्षितको व्यक्तिगत पुस्तकालय २०१३ सालमा मदन पुरस्कार पुस्तकालयमा परिणत भयो। व्यक्तिगत प्रयासबाट थालनी भई राष्ट्रिय स्तरमा स्थापित हुन पुगेका यी पुस्तकालयहरू नेपालका चर्चित र ठूला पुस्तकालय मानिन्छन्। मुलुकभर सार्वजनिक/सामुदायिक पुस्तकालयहरूको संख्या ७०० सम्म हुनसक्ने अनुमान गर्न सकिन्छ। नेपाल पुस्तकालय संघको तत्वावधानमा डिसेम्वर २००३ मा डा. साकेत विहारी ठाकुर र यस लेखको लेखकले सामुदायिक पुस्तकालयहरूको अवस्था वारे सर्वेक्षण गरेको थियो। उक्त सर्वेक्षणमा ७५ जिल्लाहरूका ३०० सामुदायिक/सार्वजनिक पुस्तकालयहरूमा प्रश्नावलीहरू पठाइएकोमा १५० पुस्तकालयहरूवाट प्राप्त जवाफका आधारमा प्रतिवेदन तयार गरिएको थियो। उक्त प्रतिवेदनअनुसार सर्वेक्षणमा सहभागी पुस्तकालयहरूमध्ये १२ ओटा २००७ सालभन्दा अघि स्थापना भएका, २००७ र २०१७ साल वीचमा १९ ओटा पुस्तकालयहरू स्थापना भएका, २०१७ देखि २०४६ सालको अवधिमा ३० ओटामात्र पुस्तकालयहरू स्थापना भएको देखिन्छ। २०४६ सालमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्वहाली भए पश्चात ७९ ओटा पुस्तकालयहरू स्थापना भएका थिए। यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने शैक्षिक वातावरणको निमित्त प्रजातान्त्रिक व्यवस्था आवश्यक हुन्छ। उक्त प्रतिवेदनमा पुस्तकालयहरूको दर्ता, सदस्यता र पाठकहरू, आयस्रोत, खर्च विवरण, व्यवस्थापन, कर्मचारी, भवन तथा भौतिक सुविधा, आधुनिक प्रविधी प्रयोग, स्थानीयस्तरमा प्राप्त सूचना तथा सूचना प्रविधी, स्थानीयस्तरमा उपलब्ध सूचना प्रविधी सेवावारे विस्तृत विवरण दिइएको छ। हालसम्म सञ्चालनमा आएका केही सार्वजनिक/सामुदायिक पुस्तकालयहरूको सूची संलग्न छ।

४.१ दर्ता सम्बन्धमा

उक्त प्रतिवेदनअनुसार ५२ प्रतिशत पुस्तकालयहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको पाइएको छ भने २४ प्रतिशत पुस्तकालयहरू जिल्ला शिक्षा कार्यालयहरूमा र २८ प्रतिशत पुस्कालयहरूमा स्थानीय निकाय अर्थात् नगरपालिकामा दर्ता भै क्रियाशील रहेको पाइएको छ। केही पुस्तकालयहरू (६ ओटा) सहकारीको रूपमा, गाविसमा आवद्धता वा सामाजिक संस्थासँग आवद्धता लिएर पनि सञ्चालनमा रहेको पाइएको थियो।

४.२ पुस्तकालय सदस्यता र पाठक सेवा

प्रायजसो पुस्तकालयहरूमा सदस्यता दिने प्रावधान रहेकोछ। एकसय जनाभन्दा बढी सदस्य हुने पुस्तकालयहरूको सङ्ख्या २१ प्रतिशत, ५१ देखि १०० जना सदस्य हुने पुस्तकालयहरूको सङ्ख्या २२ प्रतिशत, २६ देखि ५० जना सदस्य हुने पुस्तकालयहरूमा १७ प्रतिशत र २५ जनाभन्दा कम सदस्य हुने पुस्तकालयहरूको सङ्ख्या १८ प्रतिशत छ। त्यस्तै १५० पुस्तकालयहरूमा दैनिक १०० जनाभन्दा वढी पाठकहरूले प्रयोग गर्ने पुस्तकालयहरूको सङ्ख्या ३० रहेकोछ भने ५१ देखि १०० जना दैनिक पाठकहरू हुने पुस्तकालयहरूको सङ्ख्या ३७ ओटा छन्। ४६ ओटा पुस्तकालयहरूमा २६ देखि ५० पाठकहरू दैनिक आउने गर्दछन् भने ३७ ओटा पुस्तकालयहरूमा दैनिक २५ जनाभन्दा कम पाठकहरू आउने गर्दछन्। कम पाठकहरू हुने कारणमा स्थानीय सामुदायिक/सार्वजनिक पुस्तकालयहरूले सीमित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाठकहरू लक्षित गरी कार्यक्रम सञ्चालन गरेको, पुस्तक लेनदेन सेवा सीमित रूपमा दिने, पुस्तकहरूको सङ्कलन सङ्ख्या पनि थोरै हुने, भएका संकलनहरू पनि पाठकहरूको रुची र खोजिको विषयभन्दा बाहिरको भएको, नयाँ पुस्तकहरू थोरै मात्रामा मात्र खरिद गर्ने गरेको, स्वयम्सेवीहरू मार्फत् सञ्चालन गर्नुपर्ने हुनाले पुस्तकालयको सञ्चालनमा पनि अनियमिता हुने गरेको उल्लेख गरिएका छ ।

४.३ पाठक, शोधखोजका विषय र उपलब्ध सेवाहरु

सर्वेक्षणमा भाग लिएका प्राय:जसो पुस्तकालयहरूमा पाठकहरूको रूपमा बालबालिका, विद्यार्थी, साक्षरता कार्यक्रममा सहभागी, स्थानीय वृद्धवृद्धाहरू, पर्यटक, व्यापारी, उद्यमी र महिला समूहसित आवद्ध महिलाहरू रहेको पाइएकोछ । यी पाठकहरूले धेरै जसो वातावरण, सरसफाई, प्राथमिक स्वास्थ्य, साना तथा घरेलु उद्योग, कृषि तथा वनसम्वन्धी जानकारी लिने गरेको छ । पुस्तक तथा पत्रपत्रिकाहरूको सङ्कलन तथा पाठकसेवाका साथमा सबैजसो पुस्तकालयहरूले विभिन्न किसिमका सामाजिक तथा शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी आएको पाइएकोछ जसअनुसार पुस्तकालयले छात्रछात्राहरू वीच हाजिरीजवाफ प्रतियोगिता, वादविवाद, खेलकुद, साक्षरता, स्वास्थ्य परीक्षण, रक्तदान, वृक्षारोपण, साँस्कृतिक कार्यक्रम, आकस्मिक स्वास्थ्य सेवा, एम्बुलेन्स सेवा, एच.आइ.भी.एड्स सम्वन्धी चेतनामूलक कार्यक्रम, लागूऔषधी विरोधी चेतनामूलक कार्यक्रम, भित्ते पत्रिका प्रकाशन, र आयमूलक कार्यक्रमको रूपमा टेलिफोन सेवा, फोटोकपी सेवा, आदि कार्यक्रमहरू सञ्चालन गरी आएकोछ ।

४.४ आयश्रोत

सार्वजनिक पुस्तकालयहरूको आयश्रोतमा सदस्यता शुल्क, घर बहाल, सेवा शुल्क, तालिम कार्यक्रम र अन्य आय आर्जन कार्यक्रमबाट प्राप्त आम्दानी रहेको छ । केही पुस्तकालयहरूले गाविस र नगरपालिकाबाट आर्थिक सहयोग प्राप्त गर्न सफल भएको छ भने केही पुस्तकालयहरूमा व्यक्तिगत चन्दा, दान र सहयोग आयश्रोतको रूपमा देखा परेकोछ ।

४.५ शैक्षिक सामग्री सङ्कलन

सार्वजनिक/सामुदायिक पुस्तकालयहरूमा सङ्कलनको सङ्ख्या निकै कम मात्रामा रहेकोछ । अर्थात्, सर्भे गरेको पुस्तकालयहरूमा २० हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिकाहरू भएको पुस्तकालयहरूको सङ्ख्या दुई प्रतिशत मात्र रहेको छ भने ११ हजारदेखि २० हजारसम्म पुस्तकहरू रहेका पुस्तकालयहरूको सङ्ख्या १० प्रतिशतमात्र छ । त्यस्तै ४२ प्रतिशत पुस्तकालयहरूमा एकहजारदेखि दश हजारसम्म र ४२ प्रतिशत पुस्तकालयहरूसँग १००० थानभन्दा कम पुस्तकहरू रहेको छ । ती सङ्कलित पुस्तक तथा पत्रपत्रिकाहरूमा अङ्ग्रेजी भाषाको बाहुल्यता रहेकोछ, र नेपाली भाषा पछि स्थानीय भाषाका नगण्य रूपमा मात्र पुस्तकहरू रहेको तथ्याङ्क छ । जबकि अन्तर्राष्ट्रिय पुस्तकालय महासङ्घका अनुसार प्रत्येक व्यक्तिका लागि तीनओटाका दरले पुस्तकहरू रहेको स्थानीय सामुदायिक/सार्वजनिक पुस्तकालय हुनुपर्दछ जुन पुस्तकालयबाट तीनहजार बासिन्दालाई सेवा पुऱ्याउनु पर्दछ र एउटा सामान्य सामुदायिक/सार्वजनिक पुस्तकालयमा न्यूनतम नौहजार पुस्तकहरू हुनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४.६ पुस्तकालय व्यवस्थापन

सार्वजनिक/सामुदायिक पुस्तकालयहरूको व्यवस्थापनको सम्वन्धमा ८० प्रतिशत पुस्तकालयहरूमा पुस्तकालय व्यवस्था समिति क्रियाशील रहेको पाइएकोछ। यस्ता पुस्तकालय व्यवस्थापन समितिहरूको नियमित रूपमा महिनाको एक पटक वैठक वसेको छ र वैठकमा पुस्तकालयकोलागि कोष वृद्धि गर्ने विषयमा, पुस्तक तथा पत्रपत्रिका संकलन गर्ने विषयमा, पाठक सेवा विषयमा र पुस्तकालयकोलागि आय आर्जन गर्न सकिने साना साना कामहरू जस्तैः टेलिफोन सेवा, कम्प्युटर सेवा, तालिम बारे छलफल भएको पाइएकोछ । पुस्तकालय व्यवस्थापन समितिमा महिलाको प्रतिनिधित्व न्यून अवस्थामा रहेकोछ ।

४.७ कर्मचारी तथा स्वयम्सेवीहरू

सर्भे गरिएका १५० ओटा पुस्तकालयहरूमा कार्यरत सवै पुस्तकालयसेवी अर्थात् कर्मचारीहरूको गणना गर्दा जम्मा १४५ जना कर्मचारी रहेको पाइयो । यी कर्मचारीहरूमा पनि ७८ जना अर्धदक्ष जनशक्ति जसले पुस्तकालय व्यवस्थापनसम्वन्धी छाटोसमयको तालिम प्राप्त गरेका छन् र ३२ जना सहायक स्तरका र १५ जना कार्यालय सहयोगीको रूपमा काम गरी आएका रहेछन् । १४५ जना कर्मचारीहरूमा ४० जना महिला कर्मचारी रहेका छन् । ४० जना महिला कर्मचारीहरूमा २३ जना अर्धदक्ष जनशक्ति, १३ जना सहायक र ४ जना कार्यालय सहयोगी रहेका छन् । यी १४५ जना कर्मचारीहरूमा ७३ जनाले स्वयम्सेवीको रूपमा विना तलव काम गरी आएका छन् । ती ७३ स्वयम्सेवीहरूमा २७ जना महिला रहेका छन् ।

४.८ भवन तथा भौतिक साधन

सर्वेक्षण गरिएका १५० ओटा पुस्तकालयहरूमा ६८ पुस्तकालयहरूको आफ्नै भवन छ, १७ पुस्तकालयहरूले गाविस अथवा मातृसंस्थाको भवनवाट पुस्तकालय सेवा प्रदान गरी आएको छ भने २४ ओटा पुस्तकालयहरू घर भाडामा लिएर सेवा प्रदान गर्दै आएका रहेछन् । त्यस्तै, ५८ प्रतिशत पुस्तकालयहरूमा विजुलीवत्तीको सुविधा रहेको र ३६ प्रतिशत पुस्तकालयहरूमा मात्र टेलिफोन सुविधा पुगेको पाइन्छ । केही ग्रामीण क्षेत्रका पुस्तकालयहरूमा सानो जलविद्युत योजनावाट विद्युत प्राप्त गरी पुस्तकालयमा सेवा दिई आएको पनि भेटिएकोछ ।

४.९ आधुनिक उपकरण तथा प्रविधि प्रयोग

सर्भेमा भाग लिएका १५० ओटा पुस्तकालयहरूमध्ये ५४ ओटा पुस्तकालयहरूमा कम्प्युटर सेवा, सिडि रोम, फोटोकपी सेवा, रेडियो तथा टेलिभिजन सेवा उपलव्ध छ। सूचना प्रविधिमा भएको विकासको परिणाम ग्रामीण इलाकामा पुग्न नसकेको तथ्य यसले वताउँदछ र विद्युतीय माध्यममा भएको प्रगति काठमाडौं र केही शहरी क्षेत्रमा मात्र सीमित भैरहेका देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४.१० सूचना सेवा

धेरैजसो सामुदायिक/सार्वजनिक पुस्तकालयहरूमा आउने पाठकहरूले कृषि, वन, साना तथा घरेलु उद्योग, प्राथमिक स्वास्थ्य, वातावरण, सरसफाई, तथा जीविकासित सूचनाहरू माग गर्ने गरी आएको तथ्याङ्कले देखाउँछ । यसै सन्दर्भमा सर्वेक्षणको दौरानमा प्राप्त सूचनाहरू हेर्दा जन्मदर्ता गर्नेसम्वन्धी सूचना उपलब्ध गराउने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा १८ ओटा, मध्यमाञ्चल क्षेत्रमा ३६ ओटा, पश्चिमाञ्चल क्षेत्रमा १४ ओटा, मध्य पश्चिमाञ्चल क्षेत्रमा आठओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा १२ ओटा देखा परेकोछन् । ग्रामीण पुस्तिका (Village Profiles) उपलब्ध हुने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा १६ ओटा, मध्यमाञ्चल क्षेत्रमा ४० ओटा, पश्चिमाञ्चल क्षेत्रमा १८ ओटा, मध्य पश्चिमाञ्चल क्षेत्रमा ६ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा ८ ओटा छन् । सामुदायिक स्वास्थ्य सेवासम्वन्धी सूचनाहरू सङ्कलन गरी राखेका पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा २० ओटा, मध्यमाञ्चल क्षेत्रमा ४८ ओटा, पश्चिमाञ्चल क्षेत्रमा २४ ओटा, मध्य पश्चिमाञ्चल क्षेत्रमा १२ ओटा र सुदूरपश्चिमाञ्चल क्षेत्रमा १५ ओटा छन् । सामुदायिक वनसम्वन्धी सूचना सङ्कलन रहेका पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा १५ ओटा, मध्यमाञ्चल क्षेत्रमा ३६ ओटा, पश्चिमाञ्चल क्षेत्रमा १६ ओटा र मध्य पश्चिमाञ्चल क्षेत्रमा ८ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा ६ ओटा छन् । कृषि सम्वन्धी जानकारीहरू सङ्कलन गरेका पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा २२ ओटा, मध्यमाञ्चल क्षेत्रमा ४० ओटा, पश्चिमाञ्चल क्षेत्रमा २४ ओटा, मध्यपश्चिमाञ्चलमा १२ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा १४ ओटा छन् । त्यस्तै, साना तथा घरेलु उद्योगसम्वन्धी सूचना उपलब्ध भएका पुस्तकालयहरूमा पूर्वाञ्चलमा १८ ओटा, मध्यमाञ्चलमा ५० ओटा, पश्चिमाञ्चलमा २२ ओटा, मध्यपश्चिमाञ्चलमा १० ओटा र सुदूरपश्चिमाञ्चलमा १२ ओटा रहेका छन् ।

सामुदायिक/सार्वजनिक पुस्तकालयहरूले स्थानीय तथा राष्ट्रियस्तरमा प्राप्त हुने रोजगारीसम्वन्धी जानकारी, शिशु स्वास्थ्य, पर्यटन, साँस्कृतिक सम्पदा, कृषि वन, पशुपालन र हाट वजार सम्वन्धी सूचनाहरू पनि सङ्कलन गरी आएकोछ । रोजगारीसम्वन्धी सूचना प्रदान गर्ने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा १८ ओटा, मध्यमाञ्चल क्षेत्रमा ४० ओटा, पश्चिमाञ्चल क्षेत्रमा १६ ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा ६ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा तीनओटा रहेका छन् । शिशु स्वास्थ्य सेवासम्वन्धी सूचना दिने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा ५ ओटा, मध्यमाञ्चल क्षेत्रमा २२ ओटा, पश्चिमाञ्चल क्षेत्रमा १० ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा ४ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा ५ ओटा रहेका छन् । पर्यटन सेवा सम्वन्धी सूचना दिने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा १० ओटा, मध्यमाञ्चल क्षेत्रमा १० ओटा, पश्चिमाञ्चल क्षेत्रमा १० ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा ४ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा २ ओटा रहेका छन् । साँस्कृतिक सम्पदासितसम्वन्धी सूचना भएका पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा ६ ओटा, मध्यमाञ्चल क्षेत्रमा २५ ओटा, पश्चिमाञ्चल क्षेत्रमा १२ ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा २ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा १ ओटा रहेका छन् । कृषि बनसम्वन्धी सूचना दिने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा १८ ओटा, मध्यमाञ्चल क्षेत्रमा ५० ओटा, पश्चिमाञ्चल क्षेत्रमा २२ ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा १२ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा ४ ओटा रहेका छन् । पशुपालनसम्वन्धी सूचना दिने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा ८ ओटा, मध्यमाञ्चल क्षेत्रमा ३० ओटा, पश्चिमाञ्चल क्षेत्रमा २०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा १० ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा १० ओटा रहेका छन् । त्यस्तै हाट बजार (घुम्ति बजार) सम्वन्धी सूचना दिने पुस्तकालयहरूमा पूर्वाञ्चल क्षेत्रमा १२ ओटा, मध्यमाञ्चल क्षेत्रमा २६ ओटा, पश्चिमाञ्चल क्षेत्रमा १८ ओटा, मध्यपश्चिमाञ्चल क्षेत्रमा १२ ओटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा १२ ओटा रहेका छन् ।

४.११ सूचना प्रविधि सम्वन्धी सूचना

सूचना प्रविधिसम्वन्धी सुविधा र सेवाहरू प्रायः जसो शहरी क्षेत्रमा मात्र सीमित रहेको पाइन्छ । पाँचै विकास क्षेत्रहरूका स्थानीय वजारमा आईएसडी/एसटिडी सेवा, इमेल सेवा, इन्टरनेट सेवा, वेवपेज डिजाईनिंग, डाटावेस तयार गर्ने, कम्प्युटरका पार्ट पुर्जासम्वन्धी पसलहरू, कम्प्युटर तालिम केन्द्रहरू, डेस्कटप सेवाहरू उपलब्ध रहेका छन् । सर्वेक्षणमा भाग लिएका पुस्तकालयहरूमा सूचना प्रविधिसम्वन्धी सेवा तथा सूचनाहरू नगण्य मात्रामा मात्र रहेको पाइयो । स्थानीयस्तरमा सूचना प्रविधिसम्वन्धी सुविधा र सेवाहरू उपलब्ध हुनु टेलिसेन्टरको विकासकोलागि सहयोगी सिद्ध हुनेदेखिन्छ तर शहर वजारभन्दा पर ग्रामीण तहसम्म सूचना प्रविधिको उपलव्धता भने न्यून नै छ ।

५) आजको परिवेशमा आम नागरिकहरूले चाहेका कुराहरू

बहुसंख्यक नेपालीहरूले खोजेको लोकतन्त्र भनेको आदिवासी, जनजाति, दलित, महिला, पिछडिएका वर्गका साथै कर्णाली र सुदूरपश्चिमाञ्चलका मानिसहरूलाई राज्यभित्र समावेशी गराउनु र तिनीहरूलाई सशक्त नागरिकको रूपमा उभ्याउनु हो । शिक्षा, स्वास्थ तथा सवैलाई रोजगारी पुऱ्याउनका लागि राज्यमा विद्यमान सम्पत्ति वितरण प्रक्रियालाई फेर्नु हो । छुवाछुत, जातीय, भाषिक, लैगिक भेदभावजस्ता कुरीतिहरूलाई हटाउनु हो । समाजमा व्याप्त सामन्तवादी उत्पादन पद्धति र प्रवृत्ति समाप्त पार्नु हो । पिछडिएका वर्ग र दलितको समग्र विकास तथा उन्नतिका लागि शिक्षा, सम्पत्ति तथा सत्तामा सहज प्रवेश तथा उपस्थिति हुनु हो । धार्मिक, सामाजिक र जातीय शोषणको इतिहासलाई फेरी नव नेपालको निर्माण गर्नु परेको छ । पुगनपुग दुईसय वर्षदेखि चलिआएको अधिनायकवादको परम्परा तोड्न खोजिएको छ । जातीय उत्पीडन, आर्थिक शोषण, लैंगिक विभेद, हटाउन चाहेको र भ्रष्टाचार दुराचार आदि निर्मूल गर्न खोजिएको अवस्था छ ।

उल्लिखित चाहना परिपूर्तिकालागि विधिको शासन र संवैधानिक सर्वोच्चता हुनुपर्दछ । समावेशी लोकतन्त्र स्थापना हुनुपर्दछ । भाषिक, धार्मिक, साँस्कृतिक समानताको अधिकार, भूमिमाथिको अधिकार हुनुपर्दछ । सक्षम प्रहरी, प्रतिवद्ध प्रशासन, दक्ष सुरक्षा बल तथा स्वतन्त्र न्यायपालिका सहितको विधिको शासन लागू हुनुपर्दछ । भूमिहिन दलितलाई भूमि वितरण गर्नुपरेको छ । प्रभावकारी नागरिक समाज र गतिशील प्रेसको उपस्थिति हुनुपर्दछ । माथिका कुराहरूलाई व्यवहारमा उतार्न निकै चुनौतीपूर्ण छ र सामुदायिक/सार्वजनिक पुस्तकालयहरूले आफ्नो कार्यशैलीमा परिवर्तन गरी परिवर्तित सन्दर्भवाट आएका अवसरहरूलाई समेत उपयोग गर्न सक्षम हुनु परेकोछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६) परिवर्तित अवस्थामा सामुदायिक/सार्वजनिक पुस्तकालयहरूका अगाडि देखा परेका अवसर

सर्वसुलभ तरिकाले गुणस्तरीय शिक्षाको विकास गर्न र शिक्षालाई जीवनपयोगी वनाउन पुस्तकालयको महत्वपूर्ण भूमिका हुन्छ । राम्रा शिक्षक, स्तरीय पाठ्यक्रम, शैक्षिक वातावरण, राम्रो प्रयोगशालासँगै व्यवस्थित पुस्तकालय गुणस्तरीय शिक्षाको अभिन्न अङ्ग हो । पाठ्यक्रमको विविधता र सीमित आर्थिक श्रोतका वीच उच्चशिक्षा हासिल गर्ने र दक्ष बन्नै पर्ने वाध्यता आम नेपालीको भोगाई हो । पुस्तकालयलाई समयानुकूल परिष्कृत र दुरुस्त व्यवस्थापनमा राख्ने हो भने यसबाट वहुपक्षीय फाइदा लिन सकिन्छ । सामान्य सूचना प्रदान गर्नेदेखि लिएर नवीनतम सूचना प्रविधियुक्त पाठ्यसामाग्रीको सर्वसुलभ उपयोगको अवसर दिन पुस्तकालयले सेवा प्रदान गर्न सक्नुपर्दछ ।

यस सन्दर्भमा, मुलुकभर वडा र गाउँस्तरमा सार्वजनिक पुस्तकालयहरू स्थापना हुनु नितान्त आवश्यक छ । एउटा वडा/गाउँ एउटा पुस्तकालय, एउटा विद्यालय एउटा पुस्तकालयको अवधारणा अगाडि बढेको अवस्था छ । संविधान प्रदत्त सूचनाबाट सुसूचित हने नागरिक अधिकारलाई सामुदायिक पुस्तकालय र स्कूल पुस्तकालयको माध्यमद्वारा आम जनताको घर दैलोमा पुऱ्याउनु परेकोछ । समाजलाई सुसूचित गर्नु तथा समाजको सकारात्मक रूपान्तरणमा मार्ग निर्देशनको काम पनि पुस्तकालयले गर्नुपर्दछ । ५२ प्रतिशत साक्षरता भएको र ६० प्रतिशतभन्दा वढी जनता गरिवीको रेखामुनि रहेको अवस्थामा पुस्तकालयको भूमिका झन् महत्त्वपूर्ण छ । ग्रामीण जनताहरूलाई विकास निर्माण तथा सेवा सुविधाहरू प्रदान गर्नकोलागि सार्वजनिक पुस्तकालय सामुदायिक अध्ययन केन्द्र अथवा ग्रामीण सूचना केन्द्रहरू शसक्त माध्यम हुन्छन् । यस्ता केन्द्रहरू मार्फत् स्थानीय ग्रामीण जनताहरूले लिन चाहेका सेवासम्वन्धी जानकारीहरू उपलब्ध गराउन सकिन्छ । तलका केही गर्नसकिने अवसरका उदाहरण हुने । यस्ता थुप्रै काम पुस्तकालयले गर्न सक्दछ:

- जन्मदर्ता प्रमाण पत्र,
- विवाह दर्ता प्रमाण पत्र,
- नाता प्रमाणित पत्र,
- नागरिकता,
- राहदानी,
- छात्रवृत्ति - दलित, जनजाति, पिछडिएका वर्गको लागि स्कूल स्तरदेखि कलेजसम्म,
- कृषिसम्वन्धी - विउविजन, मलखाद, आदि (कहाँ कसरी प्राप्त गर्न सकिन्छ भन्ने वारे),
- स्वास्थ सेवासम्वन्धी - पोलियो, भिटामिन ए, आदि सेवाहरू बारे,
- खानेपानी - पाईप, आर्थिक तथा प्राविधिक सहयोग (कहाँ कसरी प्राप्त हुन्छ),
- देश बाहिर काम गर्न जाने वारे सूचना तथा परामर्श सेवा,
- उच्च शिक्षा बारेमा विद्यार्थी, अभिभावकलाई सूचना तथा परामर्श सेवा आदि ।

स्थानीय निकायबाट सेवा दिनमा ढिलाई भएका अथवा ग्रामीण जनतासम्म सेवा पुग्न नसकेका कुराहरूमा पनि यस्ता केन्द्रहरूमा सूचनाहरू उपलव्ध गराएर अथवा छलफल गराएर सेवा सुविधा उपलव्ध गराउन सकिन्छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- नागरिक वडापत्र - प्रजिअको कार्यालयमा एउटा वोर्डमा मात्र सीमित, गाविस अर्थात् जनताको पहुँचसम्म पुग्न सकेको छैन भने सोको जागरण गरिदिने,
- सम्पत्ति विवरण तथा कर्मचारीहरूवाट पालना गर्नुपर्ने आचारसंहिता गाविससम्म प्रचारप्रसार तथा कार्यान्वयन हुन सकेको छैन, सो गराउन पहल गर्ने,
- गाविसस्तरमा छुट्याइएका वजेट: कति, केमा, कसले, कसरी, कहाँ खर्च भएको छ सो वारे जनतालाई जानकारी नभएको या दिने चलन भएको छैन सो वारे जानकारी दिलाएर पारदर्शी बनाउन सघाउने आदि ।

७. सार्वजनिक/सामुदायिक पुस्तकालयहरूका चुनौती

पठन सँस्कृतिको निरन्तरता र अभिवृद्धि गर्नु आज नितान्त आवश्यक रहेकोछ । साक्षरता शिक्षावाट पढन लेख्न सक्ने प्रौढहरू विशेष गरी महिलाहरूले सिकेको कुरालाई निरन्तरता दिन पनि यस्ता सूचना केन्द्र/पुस्तकालयहरूमा पुस्तक, पत्रपत्रिका तथा शैक्षिक सामग्रीहरू उपलव्ध हुनुपर्दछ। विद्यालयवाट निस्केका किशोरकिशोरीहरूको निमित्त आवश्यक ज्ञानवर्धक र सूचनामूलक शैक्षिक सामग्रीहरू पनि समाजमा पढ्ने सँस्कृति वनाउन बालवालिकादेखि नै पुस्तकालयमा गै अध्ययन गर्ने बानी वसाल्न अभिप्रेरित गर्नुपर्दछ ।

साथै, पिछडिएका समुदाय र गरिव जनताको जीवनस्तरमा सुधार ल्याउन र वालवालिका, महिला तथा बृद्धहरूका साथै अपाङ्ग व्यक्तिहरूलाई प्राथमिकता दिई सार्वजनिक/सामुदायिक पुस्तकालयहरूले कार्यक्रमहरू तय गर्नु पर्दछ । वातावरण, स्वास्थ, शिक्षा, खानेपानी साथै आयमूलक र रोजगारीमूलक कार्यक्रमहरूको यथेष्ट मात्रामा सूचना तथा शैक्षिक सामग्रीहरू सङ्कलन गर्नुपर्दछ र आम नागरिकहरूलाई यी सूचनावारे जानकारी दिनुपर्दछ। समूदायको समग्र उन्नतिको लागि आवश्यक पर्ने वन जङ्गल संरक्षणका सूचनाहरू, सीप विकास तालिम, पशुपालन, घरेलु उद्योग, हस्तकला, सिलाई बुनाई, किराना पसल, टेलिफोन सेवा, आदि कामहरूमा समेत सहयोगी भूमिका खेल्नु पर्दछ । समुदायमा देखा परेका सामाजिक विकृतिका विरुद्ध, महिला, बाल मजदूर, कमैया प्रथा, वादी समुदायमा भएका अन्याय, अत्याचार र शोषणका सूचनाहरू जनमानसमा समयमा दिने काममा पनि पुस्तकालयहरू अग्रसर हुनुपर्दछ ।

माथि उल्लेखित सेवा सुविधाहरू प्रदान गर्नकोलागि पुस्तकालयहरूमा पुस्तक, पत्रपत्रिका तथा पठन सामग्रीको यथोचित व्यवस्था हुनुपर्दछ, भौतिक साधनमा सुधार हुनु पर्दछ, पुस्तकालय सेवीहरूको दक्षतामा अभिवृद्धि हुनु पर्दछ, नियमित आर्थिक श्रोतको व्यवस्था हुनुपर्दछ र पुस्तकालयसित सरोकारवालाहरू (पाठक, व्यवस्थापन समिति र पुस्तकालय सेवी) सक्रिय सहभागीता हुनुपर्दछ ।

८) निष्कर्ष

देशभित्रका सार्वजनिक पुस्तकालयहरूको संस्थागत विकास र संरक्षण गर्ने एवम् तिनीहरूको यथार्थ तथ्याङ्क सङ्कलन गर्नु अति आवश्यक रहेकोछ। सार्वजनिक पुस्तकालयहरूको वर्तमान अवस्था, तिनीहरूमा देखिएका चुनौती र सम्भावनाहरू बारे व्यापक छलफल गरी पुस्तकालय व्यवस्थापनसम्वन्धी स्पष्ट नीति तय गर्न पर्ने आजको बदलिदो परिस्थितिमा नितान्त आवश्यक देखिएकोछ। साथै, पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४ मा उल्लेख भएका तलका नीति तथा कार्यनीतिहरूलाई कार्यान्वयन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्न सकेमा सार्वजनिक/सामुदायिक पुस्तकालयहरूको अवस्थामा सुधार आई सवल, सक्षम र सुशिक्षित समाजको निर्माणमा हामी एक कदम अगाडि वढ्न सक्ने छौं:

- सार्वजनिक पुस्तकालयलाई समाजको अभिन्न अङ्गको रूपमा लिई सामाजिक शैक्षिक संस्थाको रूपमा विकास गर्न स्थानीय निकायवाट सञ्चालन तथा व्यवस्थापन गर्ने,
- सन् २०१५ सम्म सवैका लागि शिक्षा कार्यक्रमलाई सफल बनाउन प्रत्येक स्थानीय निकायमा मौजुद पुस्तकालयहरूलाई व्यवस्थित गर्ने र नभएका स्थानमा सामुदायिक/सार्वजनिक/वाल पुस्तकालय स्थापना गर्दै जाने,
- सार्वजनिक पुस्तकालयको स्थापना, सञ्चालन र दीगो विकासकोलागि स्थानीय समुदाय र सामाजिक संस्थाहरूलाई प्रोत्साहन गर्ने,
- पुस्तकालय सञ्चालनकोलागि आवश्यक जनशक्ति निर्माण गर्न नेपाल सरकारको सम्वन्धित निकायसँग सम्वन्धन लिई पुस्तकालय तथा सूचना विज्ञानसँग सम्वन्धित पेशागत संघसंस्थाहरूलाई छोटो अवधिको तालिम कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गर्ने,
- नेपाल सरकारद्वारा प्रकाशित सूचना सामग्रीहरूको सम्वन्धित विभागीय पुस्तकालयहरूले जिल्लास्तरीय निकायमार्फत सामुदायिक पुस्तकालय तथा सूचना केन्द्रसम्म पुऱ्याउने व्यवस्था गर्ने,
- ग्रामीण र कठीन यातायात भएका दुर्गम स्थानहरूमा तोकिएका जिल्लास्तरीय सार्वजनिक पुस्तकालयहरूले घुम्ति पुस्तकालय सेवा सञ्चालन गर्ने,
- आधुनिक सूचना तथा सञ्चार प्रविधिको विकासलाई ध्यानमा राखी डिजिटल तथा भर्चुअल पुस्तकालय स्थापना र विकास गर्न प्रोत्साहन गर्ने,
- पुस्तकालयहरूको प्रयोगमा अभिवृद्धि गर्न प्रचारप्रसार, सम्मेलन, गोष्ठी, प्रवचन आदिको सञ्चालन गर्ने,
- पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा कार्यरत पुस्तकालय सेवीहरूको दक्षता, क्षमता अभिवृद्धि गर्न पुस्तकालय तथा सूचना विज्ञानसँग सम्वन्धित पेशागत संघ संस्थाहरूलाई क्षमता अभिवृद्धि गर्ने कार्यको लागि सहयोग गर्ने,
- पुस्तकालय तथा सूचना सेवा केन्द्रहरूको सेवा, संग्रह र योगदानको आवधिक रूपमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने,
- सवै तह र प्रकारका पुस्तकालयहरूको अधिकतम प्रयोग गराउन नियमित रूपमा प्रयोगकर्ताहरूको लागि पुस्तकालयसम्वन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

सन्दर्भ सूचीहरू

१. नेपाल पुस्तकालय संघको प्रतिवेदन ।

२. डिल्लिरमण–कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिवाट प्रकाशित स्मारिकाहरू ।

३. काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाजको प्रगति प्रतिवेदनहरू ।

४ सार्वजनिक पुस्तकालय विकासका लागि IFLA/UNESCO को मार्ग निर्देशिका, २००१ ।

५. पुस्तकालय आवाज, वर्ष २ अंक १ ।

६. मोती (सामयिक संकलन, २०६० असोज)

७. TULSSAA Journal, October 2006

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. रामेश्वर स्मारिका, २०६४ ।
९. धौलाश्री युगवाणी बार्षिक प्रकाशन, २०६४, भूपी स्मृति थाक पुस्तकालय ।
१०. किरण पुस्तकालयका प्रकाशनहरू
११. पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति २०६४

अनुसूची १

हालसम्म सञ्चालित केही सार्वजनिक/सामुदायिक पुस्तकालयहरू

(क) २००७ सालपूर्व स्थापना भएका पुस्तकालयहरू

नेपालमा २००७ सालपूर्व जागरुक युवाहरूको सत्प्रयासबाट पुस्तकालय खुल्ने क्रम जारी रह्यो । त्यस अन्धकार युगमा पनि मुलुकका विभिन्न ठाउँमा खुलेका पुस्तकालयहरू यस प्रकार छन्: त्रिचन्द्र पुस्तकालय, सिराहा, १९७२, पशुपतिप्रताप पुस्तकालय, तौलिहवा, १९९३, आदर्श पुस्तकालय, विराटनगर, २००३, प्रदीप्त पुस्तकालय, काठमाडौं, २००३, विद्यामन्दिर पुस्तकालय, काठमाडौं, २००३, विद्यामन्दिर पुस्तकालय, वागलुग, २००३, शारदा पुस्तकालय, पाटन, २००३, प्रेम पुस्तकालय, नेपालगञ्ज, २००३, पद्म पुस्तकालय, बन्दीपुर, २००३, महेन्द्र पुस्तकालय, नेपालगञ्ज, २००३, सार्वजनिक विद्याभवन पुस्तकालय, धरान, २००३, धवल पुस्तकालय, पाल्पा, २००४, महावीर पुस्तकालय, बुटवल, २००४, शारदा पुस्तकालय, गौर, २००४, सार्वजनिक शिक्षा निकेतन, धनकुटा, २००४, हिमालय सार्वजनिक पुस्तकालय, वीरगञ्ज, २००४, छात्र पुस्तक निकेतन, तीनधारा पाठशाला, काठमाडौं, २००४, सार्वजनिक पुस्तकालय, धरान, २००४, श्रीराम पुस्तकाय, भोजपुर, २००५, त्रिभुवन मोहन पुस्तकालय, घोराही, २००५, श्वेतकाली पुस्तकालय, नरदेवी, २००७, झापा मद्रपुर नगरपालिकामा श्री भद्रपुर पुस्तकालय, २००७, महोत्तरी, ब्रम्हपुर गाविसमा जनता पुस्तकालय, २००७ आदि ।

(ख) २००७ सालपछि स्थापना भएका पुस्तकालयहरू

२००७ सालमा देशमा आएको प्रजातन्त्रसँगै अधिराज्यभर विभिन्न संघसंस्थाहरू खोल्ने, पुस्तकालय स्थापना गर्ने जस्ता सामाजिक, शैक्षिक एवम् विविध रचनात्मक क्रियाकलापहरूमा युवाहरूको सक्रियता बढ्दै गयो । यस क्रममा स्थापना भएका केही उल्लेखयोग्य पुस्तकालयहरू निम्न छन् :

२००९ सालमा कास्की पोखरामा अरण्य ज्योती पुस्तकालय, २०११ मा भक्तपुरमा बौद्धिक विकास मण्डल पुस्तकालय, २०११ सालमा काठमाडौं सांखुमा श्री उग्र पुस्तकालय, २०१२ सालमा जनकपुरमा सार्वजनिक पुस्तकालय, २०१३ सालमा जुम्लास्थित ज्ञान प्रकास पुस्तकालय, २०१३ सालमा भोजपुर टक्सारमा विद्यार्थी पव्लिक लाईब्रेरी, २०१४ सालमा रौतहत गौर नगरपालिकामा कलाकुञ्ज पुस्तकालय, २०१५ सालमा काठमाडौं, वटु, महावौद्धमा ज्ञान विकास पुस्तक निकेतन, २०१५ सालमा काठमाडौं न्हैकनतलामा विप्लवी पुस्तकालय, २०१६ सालमा जुम्लामा जावेश्वर पुस्तकालय, २०१६ सालमा चितवन भरतपुरमा नारायणी पुस्तकालय, २०१६ सालमा पर्वत खानीगाउँ गाविसमा मोती पुस्तकालय, २०१७ सालमा पाटन मित्र पुस्तकालय । यसवखत सर्वसाधारणको अध्ययन सुविधाको लागि नेपालका विभिन्न भागहरूमा पुस्तकालय स्थापना गर्ने कार्यमा मित्रराष्ट्रहरूको संलग्नतासमेत उल्लेख्य रहयो । काठमाडौंस्थित ब्रिटिश लाइब्रेरी (२००९), अमेरिकन लाइब्रेरी (२००९), नेपाल-भारत साँस्कृतिक केन्द्र (२०११), नेपाल सोभियत मैत्री पुस्तकालय (२०१३), फ्राँन्सिसी साँस्कृतिक केन्द्र, आदि यसै अवधिका उपज हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) २०१७ सालपछि स्थापना भएका सार्वजनिक/सामुदायिक पुस्तकालयहरू

पञ्चायत व्यवस्थाको शुरुआत पछि केही सार्वजनिक पुस्तकालयहरू स्थापना भएका थिए । ती पुस्तकालयहरूमा : २०२२ मा ललितपुरमा दीपावली पुस्तकालय, २०२३ मा विकास पुस्तकालय, झापा, २०२४ मा सँस्कृत छात्र पुस्तकालय, पिण्डेश्वर, धरान, २०२४ मा गण्डकी छात्र पुस्तकालय, गोरखा, ओखले, २०२४ मा सुर्खेत वीरेन्द्रनगर नगरपालिकामा हिमाली पुस्तकालय, २०२५ मा गुल्मी तम्घासस्थित किरण पुस्तकालय, २०२५ मा काठमाडौंमा पञ्च पुस्तकालय, २०२६ मा ललितपुर, वमुम्वहालको अमृत पुस्तकालय, २०२९ मा कीर्तिपुरमा नवीन पुस्तकालय, २०२९ मा जुम्लाको तलिचौरमा देवकोटा पुस्तकालय, २०३२ मा रूपन्देही सिद्धार्थ नगरपालिकामा सिद्धार्थ पुस्तकालय, २०३६ मा काठमाडौं वानेश्वरमा रत्न पुस्तकालय, २०३६ मा महोत्तरी गोनर्पुरा गाविसमा युवा पुस्तकालय, २०३७ मा वर्दिया राजापुर गाविसमा शारदा पुस्तकालय, २०४० मा मोरङ्ग विराटनगर नगरपालिकामा देवकोटा पुस्तकालय, २०४० मा पर्सा वीरगञ्जमा वीरगञ्ज नगरपालिका पुस्तकालय, २०४० मा स्याङ्गजा पुतलीवजारमा युवा पुस्तकालय, २०४० मा कैलाली धनगढी नगरपालिकामा कैलाली जन पुस्तकालय, २०४२ मा तेह्रथुम म्याग्लुंगमा श्री कृष्ण पुस्तकालय, २०४४ मा मकवानपुर हेटौडामा पुष्पलाल स्मृति पुस्तकालय ।

(घ) २०४६ सालपछि जनस्तरको सहयोगमा स्थापित पुस्तकालयहरू

२०४६ मा भक्तपुरमा स्टुडेन्ट्स पुस्तकालय, २०४६ मा दोलखा भीमेश्वर नगरपालिकामा श्री भीम पुस्तकालय, २०४७ मा मकवानपुर हेटौडामा नवजीवन ज्योती पुस्तकालय, २०४८ मा ललितपुर, वडा २ मा सामुदायिक पुस्तकालय, २०४८ मा सर्लाही भक्तिपुरमा सगरमाथा पुस्तकालय, २०४९ मा सुनसरी धरान नगरपालिकामा विमल स्मृति पुस्तकालय, २०४९ मा स्याङ्गजा पुतलीवजारमा विश्व शान्ति पुस्तकालय, २०४९ मा कास्की पोखरामा पोखरा सार्वजनिक पुस्तकालय, २०५० मा पांचथर फिदिममा नमूना सहकारी पुस्तकालय, २०५० मा ओखलढुंगा रवान्डोलुमा हिमालयन पुस्तकालय, २०५० मा दाङ त्रिभुवननगर नगरपालिका घोराहीमा वि.पि.पुस्तकालय, २०५१ मा मुस्ताङ्ग तुप्चेमा थाक पुस्तकालय, २०५२ मा तनहु व्यास नगरपालिकामा व्यासोदय पुस्तकालय, २०५३ मा झापा मेचीनगर धुलावारीमा त्रिफला राष्ट्रिय पुस्तकालय, २०५३ मै झापा गौरादहमा गौरादह सामुदायिक पुस्तकालय, २०५३ मा कञ्चनपुर महेन्द्रनगर नगरपालिकामा सुजित स्मृति पुस्तकालय, २०५४ मा चितवन भरतपुरमा रामेश्वर पुस्तकालय, २०५४ मा लमजुग वेशीशहरमा लक्ष्मीनारायण पुस्तकालय स्थापना भै वन्द रहेको), २०५५ मा चितवन भरतपुरमा रामेश्वर पुस्तकालय, २०५५ मा ललितपुरमा वातावरण पुस्तकालय, २०५६ मा संखुवासभा खांदवारीमा जनसेवा पुस्तकालय, २०५७ मा कैलाली गेटा गाविसमा श्री प्रतिभा पुस्तकालय, २०५७ मा मुस्ताङ्ग, कोवांगमा भूपी स्मृति थाक पुस्तकालय, २०५८ मा जाजरकोट खलंगा गाविसमा युगेश्वर कार्की पुस्तकालय, २०५८ मा बैतडी श्रीकोटा गाविसमा सामुदायिक जन पुस्तकालय, २०५८ मा बांके कोहलपुरमा ज्ञानोदय पुस्तकालय, २०५९ मा रसुवा धुञ्चे गाविसमा धुञ्चे सामुदायिक अध्ययन केन्द्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर पुस्तकालय

मुरारिविनोद पोखरेल*

आरम्भ

पुस्तकालयहरू सामान्यतया समाजसँगै जन्मिएको मानिन्छ । सार्वजनिक वा जन पुस्तकालय समाजकोलागि समाजद्वारा समाजकै श्रोत साधनमा स्थापना भई सञ्चालित रहने संस्था हो । तर यी दुबै मान्यताभन्दा अलिक भिन्न एउटा पुस्तकालय नेपालमा स्थापित र सञ्चालित छ, त्यो हो केसर पुस्तकालय । अर्थात सैनिक Field Marshal केसर सम्सेरको संक्षिप्त नाम जोडिएको एउटा वेग्लै स्थान राख्न सफल सर्बसाधारणका लागि सेवा दिंदै आएको पुस्तकालय । यसको जन्म सय वर्ष अघि भएको रहेछ र नै यो पुस्तकालयले जन्म शताब्दी मनाउंदैछ सन् २००८ मा । एक व्यक्तिको पाठ्यसामाग्री सङ्कलन पछि राष्ट्रलाई भवन, फर्निचर सहित समर्पण गरिएको सेवाको प्रावधानले सार्वजनिक स्वरुपको हो तापनि यो पुस्तकालयलाई अलिक भिन्न भन्न खोजिएको हो । अर्को वेग्लैपन यो पनि हो कि सामान्यतया सार्वजनिक पुस्तकालय समाजका विभिन्न क्लब, गुठी वा समूह आदिले स्थापना र सञ्चालन गर्छन् तर यो पुस्तकालय सरकारले आफै सञ्चालन गर्दै आएको छ । यसको पाठ्य सामाग्रीको हिसावले हेर्दा अनुसन्धानात्मक स्वरुपको भएकोले मलाई यदाकदा यो पुस्तकालयलाई सरकारी अनुसन्धानात्मक पुस्तकालय भन्ने कि जस्तो पनि लाग्दछ । खैर, नाममा के छ र पुस्तकालयलाई कसिमा घोट्ने कुरा भनेको यसको सङ्कलन तथा यसले प्रदान गर्ने सेवाको विविधता हैन र ?

केसर शम्सेरको जन्म सन् १८९२ जनवरी ८ मा भएको, ९ वर्षको उमेरमा Major General पदवी दिइएको, सन् १९५६ मा निज Field Marshal भएका र सन् १९६४ मा मृत्यु भएको पाइन्छ । सन् १९०८ मा कलिलै उमेरमा प्रधानमन्त्री चन्द्र शम्सेरसँग वेलायत भ्रमणमा जानपाउनु केसर शम्सेरकोलागि एउटा ठूलो अवसर थियो भने केसर पुस्तकालयको बिजारोपण पनि यहीदेखि भएको मानिन्छ । कारण सो भ्रमणबाट फर्कदा केसर शम्सेरले थुप्रै किताब किनेर ल्याएका रहेछन् । उसवेलाको एउटा गोष्ठीमा वरिष्ठ इतिहासविद, बालचन्द्र शर्माले हामी कुनै एक विधामा थोरै ज्ञाता छौं तर केसर शम्सेर थुप्रै विधाका पारखी छन् भनेका थिए रे । अर्को वाक्यमा भन्ने हो भने राणा परिवारमा जन्मिएका उनी अरू भोगविलासको सामाग्रीमा रत नभै किताबमा रुचि राख्नुले निजमा एक विद्धानमा हुनुपर्ने गुण सानै देखि रहेछ भन्न सकिन्छ । केसर शम्सेरका यस्तै शैक्षिक भोक रूपी विजको झांगिएको रुप आजको केसर पुस्तकालय हो ।

नेपालमा पुस्तकालयको स्थिति

यी विधामा छलफल गर्नुपर्दा नेपालका सवै प्रकारका पुस्तकालय प्रणालीलाई स्मरण गर्नुपर्ने हुन्छ । ती भनेका राष्ट्रिय, सार्वजनिक, विभागीय र विषेश तथा शैक्षिक पुस्तकालयहरू हुन् । एकै वाक्यमा

* संस्थापक अध्यक्ष, नेपाल पुस्तकालय संघ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै पुस्तकालयहरूको समालोचना गर्ने हो भने नेपालमा सिद्धान्ततः दक्ष जनशक्तिलेयुक्त, आवश्यक र उपयुक्त पाठ्सामाग्रीको बाहुल्य भएको, पाठकले चाहना गरेका उपयुक्त र सही सेवा निर्वाध प्रदान गरिरहेका पुस्तकालयहरु थोरै मात्र छन् पो भन्नु पर्छ कि जस्तो लाग्छ । यसका कारण धेरै हुन सक्छन् । तर पनि २०३० को दशकदेखि अर्थात भनौं त्रिभुवन विश्वविद्यालयले पुस्तकालय जनशक्ति निर्माण गर्न थालेपछिको स्थिति दिनानोदिन सुधारोन्मुख छ । नेपाल पुस्तकालय संघ २०३७ को स्थापना, त्रिभुवन विश्वविद्यालयमा पुस्तकालय तथा सूचना विज्ञान विभागको गठन, अन्य पुस्तकालय संघहरूको प्रादुर्भाव, नेपाल राष्ट्रिय पुस्तकालयको सुदृढीकरणमा युनेस्कको-डानिडाको सहयोग, नेपाल पुस्तकालय संघको IFLA मा सदस्यता आदि उल्लेख्य कुराहरु मध्ये पर्दछन् । यी सबै परिवेशले ठूला भूमिका खेलेकोले पनि होला नेपाल सरकारवाट पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति २०६४ पारित भएको छ । अव ऐन एवं नियम नियमावलीहरु बन्न वाँकी भए पनि निदृष्ट दिशा अवलम्वनगरी पुस्तकालय विकासमा अघिवढ्न मार्ग प्रशस्त भएको छ । आगामी दिनमा देशमा सबै पुस्तकालय प्रणालीको केन्द्रदेखि गाउँ तह सम्मको स्वरुप, कार्यक्षेत्र तथा रकम विनियोजनको व्यवस्था अब बन्ने नियम विनियम वा नियमावलीमा पर्ने छ र केसर पुस्तकालय जस्तो निकायको सुदृढीकरणमा उल्लेख्य पहल हुने छ भन्ने विश्वास लिन सकिन्छ ।

केसर पुस्तकालयको स्वरूप र महत्व

केसर पुस्तकालय सरकारलाई हस्तान्तरण हुंदा करीब २८ हजार कितावहरु रहेकोमा हाल यसको सामाग्री सङ्कलन ५५ हजार पुगेको छ । यस पुस्तकालयमा हजारौं वर्ष पुराना ताडपत्र, भोजपत्र तथा नेपाली कागजमा लेखिएका हस्तलिखित सामाग्रीहरु, धर्मदर्शन, खगोल, आयुर्वेद, विज्ञान प्रविधी, चिकित्सा, खेलकूद, कला, वगैंचा सजावट, सैनिक विज्ञान, जीवनी, शिकार ग्रन्थ, अंग्रेजी साहित्य, इतिहाँस लगायत शब्दकोष जस्ता सन्दर्भ सामग्रीहरु रहेकाछन् । केसर पुस्तकालयका अनुसार हजार वर्षभन्दा पुरानो सहोत्तर तन्त्र जुन वैशज्य विज्ञानमा लेखिएको सबभन्दा पुरानो हस्तलिखित ग्रन्थ हो, त्यो पनि यही छ । यसका अतिरिक्त सन् १९०० ताकाका ऐतिहाँसिक महत्वका तस्वीरहरु, ट्याक्सडर्मि गरिएका बाघ, भालु, हरिण, अर्ना, गैडाका स्वरुपहरु तथा कलात्मक मूर्तिहरु, भब्य महल, सुन्दर स्वप्न वगैंचा सबैको स्वर्णिम संयोजन हो केसर पुस्तकालय । पुस्तकालयको हस्तलिखित ग्रन्थहरु माइक्रोफिल्म गरिइनु बहुतै राम्रो कुरा हो । यस पुस्तकालयको महत्वको कुरा गर्दा विविध विषयका ऐतिहाँसिक किताबहरुको सङ्कलन भएको कारणले गर्दा पनि यसलाई अनुसन्धानकर्ताहरुले वढी प्रयोग गर्ने मान्न सकिन्छ । यसको मतलव यो हैन कि खेलकूदमा रुचि हुने वा बगैंचा सजावटमा चाख राख्ने जोकोहीले यहाँका सामाग्री उपयोग गर्दै गर्दैनन । वर्षेनी प्राप्त वजेट अनुसारका अन्य पाठ्यसामाग्री तथा सन्दर्भ किताबहरु थपिंदै जाँदा सामान्यत यो पुस्तकालय जोकोहीले पनि प्रयोग गर्ने स्वरुपको बन्दै आएको पनि छ । यो राम्रो कुरा पनि हो किनकि कुनै पनि पुस्तकालयको बढीसे वढी सदुपयोग होस् । हामी पुस्तकालय व्यवसायी त यहीनै चाहन्छौं । हालका शिक्षा मन्त्री स्वयंले केसर पुस्तकालयका सामाग्रीको उचित संरक्षणमा रुचि राखेको सुनिनु अर्को ठूलो आसलाग्दो कुरा हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केशर पुस्तकालयले कसरी नेपाली या बिदेशीलाई सघाउन सक्छ ?

यस पुस्तकालयको सङ्कलन सामाग्रीको महत्त्वलाई दृष्टिगत गर्दा, पुराना र बहुमूल्य सामाग्रीको बाहुल्यता भएकोले यो पुस्तकालयलले माथि भनेझैं अनुसन्धाताहरुलाई बढी सघाउन सक्छ । यस संस्थाको पाठ्यसामाग्रीहरुलाई विभिन्न ईकाइमा बाँडेर अमुक भाग अनुसन्धानलाई वढी प्रभावकारी हुने, अन्य भाग सन्दर्भ सूचनाकोलागि वा आजभोलिका नियमित पठनपाठनकालागि उपयोगी भनेर छुट्याइनु राम्रो हुन्छ । भन्नुको तात्पर्य पाठकका रुचिलाई अंगिकृत गरी सामाग्रीको विभाजन वा इकाई फांट बनाउनु उपयुक्त हुन्छ । कान्तिपुरका अनुसार एक विदेशीले आफुले फोटोप्रति मात्र पढन पाएको किताव यस पुस्तकालयमा सक्कलै भेटेर पढ्न पाउँदा भएको खुसीको सीमानै थिएन रे र यस्ता कुराहरुको खोज पड्ताल गरी सङ्कलित सामाग्रीको महत्त्वताको वढी उजागर गर्ने काम पनि पुस्तकालयले गर्नुपर्ने हुन्छ । केसर पुस्तकालयले नेपाली वा विदेशी जोसुकैलाई स्वअध्ययनमा सघाउनु उपयुक्त हुन्छ तर स्थानाभाव वा सामाग्रीको न्यूनता आदिको स्थितिमा पहिलो प्राथमिकतामा नेपालीले पढ्न पाउने अधिकार भने पुस्तकालयले सुरक्षित गर्नुपर्दछ ।

केशर पुस्तकालयको कमी कमजोरी

कुनै पनि संस्थामा केही कमीकमजोरी पाइन्छन् । हामीले बराबर पत्रपत्रिकामा पढेका पनि छौं । यो पुस्तकालय ठूलो ढोका र पर्खालभित्र यसरी लुकेको छ कि साधारण पाठकको ध्यान त्यहाँ पुग्दैन । बाहिर बडेमानको शिक्षा तथा खेलकूद मन्त्रालयको नाम पाटी टांसिएको छ तर केसर पुस्तकालयको नाम पाटी भने ज्यादै सानो छ । पुराना राम्रा कृतिहरु राखिएको केसर पुस्तकालय सम्वन्धित मन्त्रालय भित्रै छ तर पनि यसको उचित संरक्षण नगरेर मन्त्रालय स्वयं मूक दर्शक बनेर बसेको छ (दि हिमालय टाइम्स) । मन्त्रालयको हौवा र सुरक्षावलका हाउभाउले पनि साधारण पाठकभित्र पस्न हिच्किचाउछन् । अर्को तर्फ हाम्रा सचेतना तह पनि उस्तैछ । (बरु मोटरभित्र वा छाडा चौरमै तास खेलेर समय बिताउने पुस्तकालयभित्र नपस्ने, यो स्वरुप पनि हाम्रो छ । मन्त्री र शिक्षा सचिवहरु जस्ता उच्च शिक्षा काँधमा बोकेर हांक्ने व्यक्तित्वहरु हामीजस्ता तल्ला तहका जुवाडे कर्मचारीलाई शैक्षिक भोक निवारण तर्फ लगाउन सक्दैनन्, यो विडम्वना पनि यही छ । २०५० को दशकको कुनै एकदिन केही विदेशीलाई छोटो समय सचिव भेटाउन थप समय कुराउनु पर्ने थियो र मैले उनीहरुलाई पुस्तकालय लग्दा ती मध्ये एक तिलस्मित भएर भने अहो यहाँ यस्तो पुस्तकालय रहेछ, म दुईचार चोटी मन्त्रालय आइसकें, मलाइ त थाहै थिएन । उनको अर्को जिज्ञासा पनि थियो, यो जोसुकैलाई खुल्ला हो भने खै त पाठक भरिभराउ ? कोही भन्छन् - “हो पुस्तकालय त छ तर किताब घर लगेर पढन पाइने सुबिधै छैन” । अन्य कुरा पनि केही छन् । पुस्तकालयको लागि उपलब्ध क्षेत्रफल कम छ । मटानमा दराजहरु तेर्साएर राख्नु परेको छ, जुन उपयुक्त हैन । पुस्तकालय सिद्धान्त अनुरुप पुस्तकालयका इकाई बाँडफाँड गर्न प्राप्त स्थान मिल्दै मिल्दैन । मन्त्रालयको हौवाले केसर पुस्तकालय ओझेलमा परेको छ र यो पुस्तकालयको प्रचारप्रसार बिल्कुलै पुगको छैन । दक्ष कर्मचारीको कमी छ र यसलाई वढी प्रभावकारी बनाउन बजेटको अभाव छ, ... ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालको नव निर्माणमा केसर पुस्तकालयको स्थान के हुनसक्छ ?

कुनै पनि पुस्तकालयको देश निर्माणमा ठूलो भूमिका त हुन्छ नै । त्यसैले यस पुस्तकालयको पनि सो भूमिकामा कसैले शंकागर्न सक्दैन । तर पनि यो पुस्तकालले प्रत्यक्ष रुपमा अरुभन्दा भिन्न स्वरुप देखाउदै आएको छ । केसर पुस्तकालयको मान्यता छ - यो संस्था केवल किताव पढन दिने थलोमात्र हैन । उदाहरण :यहाँ केवल किताव मात्र छैनन् तस्वीरहरु, विभिन्न जनावरका भित्री गुदी फालिएको दुरुस्त शरीरहरु, स्वप्न वगैंचा आदि अन्यत्र पुस्तकालय वा हातामा नपाइने चीज बीज बस्तुहरु पनि यहां संरक्षित छन् । यसरी पुस्तकालयले सूचना प्रवाहमा विभिन्न प्रकारका सङ्कलन तथा ज्ञान विस्तारमा चीज बीजको पनि सजावट गराएर राम्रो भूमिका निर्वाह गर्न सक्छ भन्ने सिद्धान्त देश भरका अन्यान्य पुस्तकालयहरुलाई सिकाएको पाइन्छ । अर्को प्रसंगवाट हेर्ने हो भने सक्षम व्यक्तिहरुले यसै पुस्तकालयबाट सिकेर देश विकासका अन्यान्य राम्रा फांटमा आफ्ना सम्पत्ति सदुपयोग गरी दिने हो भने यो सानो मुलुक सुन्दर, स्वच्छ र हराभरा त छ र हुन्छ नै सोभन्दा वढी विकसित देशलाई हाँक दिनसक्ने प्रकृतिको स्वर्ग वन्न लामो समय लाग्ने छैन । तसर्थ यस पुस्तकालयको देश निर्माणमा ठूलो स्थान हुन सक्छ ।

सन्दर्भ सामाग्री

श्रेष्ठ, भोला (२०६४) केसर पुस्तकालय. सामुदायिक चेतना (मा) वर्ष ४(३). काठमाडौं, ग्रामीण शिक्षा तथा विकास (रिड), कार्तिक ०६४ (पृ ६(७)

Ghimire, Ekta. Unexploited treasure of knowledge. Kathmandu,
e-Kantipir posted on 6 – 8 –2004

Himalayan news service. Kathmandu,
The Himalayan Times January 1, 2008 (from internet)

> *"एक पुस्तकालय खडा गर्ने एक - एक टोलका सेवकलाई म अन्तरात्माले नमस्कार गर्दछु"*
>
> *- महाकवि लक्ष्मी प्रसाद देवकोटा*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वप्न वगैंचामा मेरो अनुभव

अरूण कान्त पौडेल*

केसर महलसँग जोडिएर रहेको अति मनमोहक स्वप्न वगैचा प्रकृति प्रेमी, शिक्षा प्रेमी स्व. श्री केसर शम्शेर जवराले करिव सन् १९२० मा निर्माण गरेका हुन् । ६८९५ वर्ग मिटरमा फैलिएको यस वगैचाको मौलिक विशेषता भनेको ऋतु अनुसारका फरक फरक आराम गृहहरु जुन पाश्चात्य शैलीमा निर्माण भएका छन्, मनै लोभ्याउने तलाउ, तराई पहाडका वन जंगलमा पाईने विभिन्न प्रकारका वोट विरुवाहरु, विभिन्न प्रकारका फूलहरु, कृत्रिम झरना, जापान, अमेरिका, वेलायत, अष्ट्रिया लगायत विभिन्न देशहरुवाट ल्याइएका फूल र विरुवाहरु, प्राचीन शैलीमा निर्माण भएको परगोला (Trellis), फाउण्टेनहरु, वगैचामा अवस्थित अत्याधुनिक केसर क्याफे (रेष्टुरेण्ट र वार), सांस्कृतिक र व्यक्तिगत समारोह आयोजन गर्नका लागि उपयुक्त स्थान आदि हुन् ।

काठमाण्डौको मुटु ठमेलमा अवस्थित स्वप्न वगैचाको प्राचीन स्मारक, अनि यसको सुन्दरता र माधुर्यतावाट मोहित नहुने कमै भेटिएलान् त्यसैले त यसलाई स्वप्न वगैचा नामाकरण गरिएको छ । नेपाल सरकार र अष्ट्रियन सरकार वीच जनवरी ३०, २००२ मा द्विपक्षीय सम्झौता भए वमोजिम इको हिमाल (अन्तराष्ट्रिय गैर सरकारी संस्था) ले सन् २००० देखि निर्माण शुरु गरी सन् २००७ डिसेम्वर सम्ममा निर्माण कार्य पूरा भएको यस स्वप्न वगैचा वातावरणीय र आर्थिक पर्यटकीय केन्द्रको अनुपम आकर्षणको रुपमा प्रस्तुत भएको छ । यूरोपीयन डिजाईनवाट प्रभावित भएको यस स्वप्न वगैचा राष्ट्रको कला र संस्कृतिको धरोहर र हाम्रो मौलिक पहिचान वन्न पुगेको छ । यस वगैचामा नेपालका प्राकृतिक झरनाको विम्व, पहाडका धान खेत झै लाग्ने गराहरु, हिमालमा फूल्ने लाली गुँरासको सम्मिश्रण हेर्न पाईन्छ । हाम्रो संस्कृतिको पहिचान, राष्ट्रको धरोहर, कला र संस्कृतिको विशिष्ट नमुनाको रुपमा स्थापित यस स्वप्न वगैचालाई संरक्षण र सम्बर्द्धन गर्दै देश विदेशमा प्रवर्द्धन गर्दै लैजानु हाम्रो दायित्व हो । अन्त्यमा, स्वप्न वगैचा विकास समितिको कार्यकारी निर्देशकको रुपमा काम गरेदेखि मेरो काँधमा यस स्वप्न वगैचाको सुन्दरतालाई सुरक्षित गर्ने र स्वप्न वगैचालाई आर्थिक रुपले धान्न सक्ने वनाउने गरी मुख्यतः २ वटा जिम्मेवारी भएको मैले महसुस गरेको छु । यससँग सम्बन्धित सवै निकाय र पक्षसँग अति सौहार्द सम्बन्ध स्थापित गर्दै अति सक्षमताका साथमाथि उल्लेखित जिम्मेवारी पूरा गर्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

 * कार्यकारी निर्देशक, स्वप्न वगैचा विकास समिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रसन्त सदन सन १९२०

प्रसन्त सदन र तलाउ सन २००२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केशर पुस्तकालयका हस्तलिखित ग्रन्थहरूको शिघ्र संरक्षणको खाँचो

लिला सिंह खनाल*

केशर पुस्तकालयको परिचय

व्यक्तिगत पुस्तकालयको रूपमा स्वर्गीय फिल्ड मार्शल केसर शमशेरले स्थापना गरेको यो पुस्तकालय वि.सं. २०२६ सालमा नेपाल सरकारलाई हस्तान्तरण गरी सर्व-साधारणका लागि खुला गरिएको हो । यस पुस्तकालयमा लगभग ५५,००० विविध किसिमका पुस्तकहरू लगायत पत्र-पत्रिका तथा अन्य हस्तलिखित ग्रन्थहरू रहेका छन् । हाल यो पुस्तकालय शिक्षा तथा खेलकुद मन्त्रालय अर्न्तगत केसर महलमा रहेको छ । पुस्तकालयले उपलब्ध गराउने प्राय: सवै सेवाहरू यस पुस्तकालयले उपलब्ध गराई सूचनाको प्रसार गर्दै आएको छ । यस पुस्तकालयमा पुस्तकहरूवाहेक सर्वाधिक अमुल्य गहनाको रूपमा रहेका दुर्लभ र पुराना करीव ६ सय हस्तलिखित ग्रन्थहरू पनि रहेका छन् यस्ता हस्तलिखित ग्रन्थहरू विभिन्न विषयहरू जस्तो पौराणिक, धार्मिक, ज्योतिष विज्ञान, साहित्य, राजनीति, हितोपदेश, नीतिसार आदि विधामा लेखिएका छन् । धेरैजसो हस्तलिखित ग्रन्थहरू ताडपत्रमा लेखिएका छन् र केही नेपाली कागजमा विभिन्न लिपीहरू जस्तो नेवारी, देवनागरी, वंगाली, मैथिली र तिव्वतियन लिपीमा लेखिएको छ । यस वाहेक करीव हजार बर्ष पुरानो सहोत्तर तन्त्र समेत यस पुस्तकालयमा रहेको छ ।

यी सवै हस्तलिखित ग्रन्थहरू नेपाल जर्मन हस्त लिखित ग्रन्थ संरक्षण योजनाले माईक्रोफिल्म गरिसकेको छ र ती माइक्रोफिल्महरू राष्ट्रिय अभिलेखालय र वर्लिन पुस्तकालयमा उपलब्ध छ ।

हस्तलिखित ग्रन्थ

प्रिन्टीङ प्रेसको आविष्कार हुनुभन्दा अगाडि मानिसहरूले हातले लेखेर ज्ञानको संरक्षण सम्वर्धन र विकास गर्ने गर्दथे । त्यस्ता ग्रन्थहरू लेख्न ताडपत्र, भोजपत्र, धातु, ढुंङ्गा, चर्मपत्र आदिको प्रयोग गरिन्थ्यो । नेपाली शव्दसागरका अनुसार हस्तलिखित ग्रन्थ भन्नाले हातले लेखिएको अमुद्रित लेखोट, पाण्डुलिपी, लिखतलाई जनाउनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै Oxford Advanced Learners Dictionary का अनुसार "A very old book or document that was written by hand before printing was invented" भनिएको छ ।

यसरी हातले लेखिएका र नछापिएका ग्रन्थहरू धेरै टिकाउ नहुने कुरामा दुईमत छैन । हाल केसर पुस्तकालयमा भएका करीव ६ सय हस्तलिखित ग्रन्थहरू मध्ये निम्न हस्तलिखित ग्रन्थहरू महत्वपूर्ण रहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

*पुस्तकालय अधिकृत, केसर पुस्तकालय

१) कामन्दकिय नीति सार......... २) विष्णु धर्म......... ३) श्री मद्भागवत दशयस्कन्थ......... ४) हितोपदेश ..... ५) चण्डी सप्तशति......... ६) शान्ति युक्त........७) भागवत..... ८) तत्व ज्ञान संसिद्धि ....९) अमृत कर्णिका.....१०) विष्णु सहश्रनाम......... ११) अमरकोश......... १२) वौद्ध तन्त्र.........१३) वुद्ध स्तोत्रहरू...... १४) तन्त्रसार.....१५) शिवगिता............ १६) निर्णयामृत.....१७) नीतिसार......... १८) विवाह विधि........ १९) भागवतको टीका .... २०) भगवत गीता .....२१) वीज गणित.....२२) धर्मशास्त्र.....२३) नेवारे ज्योतिष.....२४) मानव धर्मशास्त्र....२५) मनुस्मृति ....२६) संगीत.....२७) दान विधि......... २८) रस सागर......... २९) स्कन्दपुराण....३०) शान्तिसार......३१) शिव धर्म.....३२) भागवत......३३) वेदान्तसार ....साथै मनिकर्णिका स्तोत्र ३४) संख्यायण तन्त्र.......... ३५) स्वस्थानी महात्म्य......३६) गीता....३७) हितोपदेश भाषा.... ३८) भोटे अक्षरको....... गरी जम्मा गरी करीव ६ सय जति विभिन्न भाषमा र लिपीमा लेखिएका छन् । यसरी यी ग्रन्थहरूलाई संरक्षण र प्रवर्द्धन गर्न सकिएन भने आगामी पुस्ताहरूले त्यस्ता ग्रन्थहरूमा रहेका दुर्लभ सूचनाहरू प्राप्त गर्नवाट वञ्चित हुनेछन् ।

हस्तलिखित ग्रन्थहरूको संरक्षण कसरी गर्ने ?

हस्तलिखित ग्रन्थहरूको आयु छोटो हुनाले यिनीहरूलाई उचित संरक्षण गर्नुपर्दछ । जसको लागि निम्न उपायहरू अवलम्वन गर्न सकिन्छ :-

क) पुस्तकको रूपमा छापेर प्रकाशन गर्ने

हस्तलिखित ग्रन्थहरूलाई पुस्तकको रूपमा छाप्न उपयुक्त हुन्छ किनभने हस्तलिखित ग्रन्थहरू प्राय:जसो ताडपत्र, भोजपत्र र नेपाली कागजमा लेखिने हुनाले टुट्ने, भाँचिने र च्यातिने संभावना वढी हुन्छ । यस कारण हस्तलिखित ग्रन्थलाई पुस्तकको रूपमा निकाल्दा पढ्न सजिलो हुनाका साथै Orginal Copy को पनि सुरक्षा हुन्छ, वढीभन्दा वढी पाठकले प्रयोग गर्न सक्छ, अध्ययन गर्न सजिलो हुन्छ, वढि भन्दा वढी कपि निकाल्न सजिलो हुन्छ, एकभन्दा बढि भाषामा प्रकाशन गर्न सकिन्छ ।

ख) उपलब्ध सामग्रीको सुरक्षा गर्ने

पुस्तकालयमा उपलब्ध सम्पूर्ण सामग्रीको सुरक्षा गर्नु पुस्तकालयको जिम्मेवारी हो । त्यसमध्ये पनि हस्तलिखित ग्रन्थको संरक्षण गर्नु अति आवश्यक छ यसको सुरक्षाको लागि Temperature / Humidity को सन्तुलन गर्नु आवश्यक हुन्छ । यसलाई संरक्षण गर्नु Step by Step वा Pigeon hole जस्तै घर्रा भएको दराजमा राख्नु उपयुक्त हुन्छ । हस्तलिखित ग्रन्थ एक अर्कामाथि कहिले राख्नु हुँदैन किनकी यसको पेज Damage हुने संभावना वढी हुन्छ । समयसमयमा औषधी प्रयोग गर्नुपर्दछ जसले गर्दा Fungus वाट वचाउन सजिलो हुन्छ ।

ग) Microfilm तयार गर्ने

हस्तलिखित ग्रन्थहरू वहुमुल्य भएकोले यस्को सुरक्षा गर्नु ठूलो चुनौती भईसकेको छ । हस्तलिखित ग्रन्थको अस्तित्व राख्नको लागि Microfilm गर्नु नितान्त आवश्यक छ । यसले गर्दा हस्तलिखित ग्रन्थको आयु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वढ्नुको साथै पढ्न सजिलो हुने, च्यातिने, टुटने संभावना कम हुने, वढीप्रति निकाल्न सकिने र यसलाई ठूलो वा सानो पारेर हेर्न सकिन्छ ।

घ) Digitized गर्ने

पुराना हस्तलिखित ग्रन्थहरू जीर्ण अवस्थामा भएकोले यसको सुरक्षाको लागि डिजिटाइज प्रविधिको प्रयोग गरी सुरक्षित राख्न सकिन्छ । साथै वेवसाइटका माध्यमवाट विश्वव्यापी रूपमा प्रवोधीकरण गर्न सकिन्छ ।

ङ) दक्ष जनशक्तिको व्यवस्था

हाल पुस्तकालयमा हस्तलिखित ग्रन्थहरूको संरक्षण र संम्वर्द्धन गर्ने प्राविधिक ज्ञान भएको दक्ष जनशक्तिको अभाव भएकोले दक्ष जनशक्तिको व्यवस्थावाट पनि हस्तलिखित ग्रन्थहरू सुरक्षित राख्न सकिन्छ ।

यसको लागि के गर्ने ?

केसर पुस्तकालयमा रहेका हस्तलिखित ग्रन्थहरूको यकिन गरी त्यसको संरक्षण तथा सम्वर्धन र Digitize गर्न आवश्यक वजेटको लागि अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थामा अनुरोध गर्ने । यसरी जीर्ण भएर केसर पुस्तकालयमा थन्किएका अमुल्य हस्तलिखित ग्रन्थहरूको संरक्षण, सम्वर्द्धन र विकास गर्न सकिएमा यसले भावी पिढींहरूलाई अमुल्य ज्ञानको उज्यालो छर्ने कुरामा दुईमत छैन । यसका लागि सरकारी तथा गैरसरकारी निकायलगायतले वेलैमा पहल गर्नुपर्ने देखिन्छ ।

"I attach great importance to Libraries .... Books represent a tremendous force"

–Lenin

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तकालय धर्म र आचारसंहिता

इन्द्रप्रसाद अधिकारी*

शुरूआत

भनिन्छ कि जव मानिसहरुको समुदायको वृद्धि भयो तव उनीहरुबीच स्वार्थको लडाईं शुरू भयो । तव ती मध्ये परिपक्व र ज्ञानी व्यक्तिहरुले शान्तिपूर्ण सहअस्तित्वको लागि केही आधारभूत नियमहरुको व्यवस्था गर्ने सोच लिए । ठीक के हो बेठीक के हो छुट्याई काम गर्दा अरूको कुभलो नहोस् भन्ने नैतिक नियम बाँधे । मानवहरुको पहिलो प्रामाणिक आचारसंहिता हम्मुराबीको कानून (Code of Hammurabi) लाई मानिन्छ जुन १७५० इ.पू.मा तत्कालिन बेविलोन (वर्तमान् इराकको छेउछाउ) का राजा हम्मुराबीले तयार गरेका थिए । त्यसो त कुनै ऐतिहासिक प्रमाण नभएतापनि हिन्दू धर्मका वेद् उपनिषदहरु नै प्रथम नैतिक आचारसंहिता थिए भनिन्छ । चार्वाक नामका सन्यासीले त हिन्दू धर्मका नियम र आचारसंहिताको खिल्ली उडाउँदै "ऋणं कृत्वा घृतं पिवेत" अर्थात ऋण गरेर पनि घीउ खाउ भनेर चरम स्वार्थी र भौतिकवादी सिद्धान्तको प्रतिपादन गरे । तर उता जैन धर्मावलम्बीहरुले चाहिं हिंड्दा कमिलासम्म पनि नटेकियोस भनेर चरम अहिंसावादी सिद्धान्त अपनाए । लाओत्सेले आफूलाई दु:ख दिनेलाई पनि सहायता गर भन्ने नीति लिए भने कन्फ्युसियसले आफू जस्तो चाहन्छौं अरूलाई पनि त्यस्तै व्यवहार गर भन्ने आचार सिकाए । यस्तै गरी सोक्रेट्स, एरिस्टोटल र प्लेटोले पनि आचारसंहिताको पक्षमा ठूलो वकालत गरेका थिए ।

देश, काल, परिस्थिति र आचारसंहिता

हुनत एउटै व्यवसायभित्रका सवै ठाउँका व्यक्तिहरुको आचारसंहिता एकैनासको हुनुपर्ने हो तर पनि त्यस्तो कुनै एक मानक आचारसंहिता देखिँदैन । एउटा देशमा ठीक मानिएको आचारसंहिताका केही बुँदाहरु अर्को देशमा कानूनी रुपमा समाजविरूद्ध र एवम् दण्डनीय मानिन्छ । उदाहरणको लागि "Free Access to Information" र "Freedom of Expression" लाई धेरै प्रजातान्त्रिक देशहरूमा नागरिकको मौलिक हकमा राखिएको छ भने यसैलाई कुनै देशहरुमा पूर्णत: निषेध गरिएको छ । यसो हुनुमा खासगरी स्थानीय धर्म, संस्कृति र रीतिथितिको प्रभाव हो ।

आचारसंहिताको आवश्यकता र यसले दिने फाइदा

समयको क्रमसँगै शिक्षाको प्रचारप्रसारले धेरै व्यावसायिक संघ संगठनहरू अस्तित्वमा आए ।

* लाईब्रेरियन, शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि.कीर्तिपुर,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आआफ्नो व्यावसायिक कार्यपालनाको क्रममा धेरै किसिमका नैतिक द्विविधाको स्थिति र एकआपसमा स्वार्थ वाझिने अवस्था आउनु स्वाभाविकै हो । खासगरी जनतासँग प्रत्यक्ष सम्पर्क हुनेखालका स्थापित वौद्धिक व्यावसायहरुलाई कार्यपालनाको क्रममा असमझदारी र अप्ठ्याराहरु हटाउन वा आउन नदिन ती व्यावसायिक संघहरुले आचारसंहिता निर्माण गर्नुपर्ने भयो र यही उद्देश्यले आआफ्नो क्षेत्रमा आचारसंहिताहरु वन्न थाले । डाक्टरहरुले पनि आचारसंहिता वनाए, सञ्चारकर्मीहरुले पनि आचारसंहिता वनाए, वकिलहरु, इन्जिनीयरहरु आदि धेरै व्यावसायिक संघ संगठनहरुले आचारसंहिता वनाउन थाले । यही श्रृंखलामा लाइव्रेरियनहरुको आचारसंहिता पनि एक हो । यस्ता आचारसंहिताले -

- व्यावसायीहरुको लागि एक सर्वमान्य आचरण परिभाषित गर्दछ,
- उच्चस्तरीय कार्यविधिलाई प्रोत्साहन गर्दछ,
- व्यावसायिक परिपक्वताको परिचय दिन्छ,
- व्यावसायीहरुलाई आत्ममूल्याङ्कन गर्ने एक आधारभूत मापदण्ड तयार गर्दछ आदि ।

पुस्तकालय संगठनहरु र आचारसंहिता

अमेरिकी पुस्तकालय संघले सन १९३९ मा निकालेको पुस्तकालय आचारसंहिता नै संसारको पुस्तकालयक्षेत्रको पहिलो आचारसंहिता थियो । १९३९ मा पाँचओटा धारामा सीमित रहेको उक्त आचारसंहिता १९८१ को संशोधनमा छओटा धारा वनाइयो त्यसपछि सन १९९५ को संशोधनमा जम्मा आठओटा धारा वनाइयो । यसै सन्दर्भमा सन् १९९७ मा IFLA(International Federation of Library Associations and Institutions) को एजेन्सी FAIFE (Free Access to Information and Freedom of Expression) स्थापना भएपछि यो संस्थाले पुस्तकालय व्यवसायमा आचारसंहिताको महत्त्ववारे विश्वव्यापी रुपमा जोडदार वकालत गर्दै आएको छ र विभिन्न देशका पुस्तकालय संगठनहरुलाई आचारसंहिता निर्माण गर्न अभिप्रेरित गरिरहेको छ । IFLA/FAIFE ले आफ्नो वेवसाइट <www.ifla.org/faife/ethics> मा जम्मा ३१ ओटा देशका आचारसंहिता राखेको छ । अमेरिकाका करीव १८ ओटा पुस्तकालय संघहरुले आआफ्ना आचारसंहिता निर्माण गरेका छन् । अस्ट्रेलियाको पुस्तकालय संघले पाँचवटा धारा भएको आचारसंहिता निर्माण गरेको छ । तिनीहरुमा-

- लाइव्रेरियनले उच्चस्तरीय सेवा दिनुपर्ने,
- सेन्सरसीपको विरोध गर्नुपर्ने,
- पाठकहरुको गोपनीयताको रक्षा गर्नुपर्ने,
- आपसी स्वार्थ वाझिन दिनु नहुने आदि ।

क्यानेडियन हेल्थ लाइव्रेरिज असोसिएसन र अमेरिकन मेडिकल लाइब्रेरि असोसिएशनले संयुक्तरुपमा आचारसंहिता निकालेका छन् । यसका पाँचओटा धारामा क्रमश: पाठक, संस्था, व्यवसाय र व्यक्ति (आफू)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तोकिएको छ । हङकङ लाइब्रेरि संघले आफ्नो आचारसंहिताको जम्मा पाँचओटा वुँदाहरुमा सन्तुलित संग्रह, सूचनामा निर्वाध पहुँच, पाठकको गोपनीयता, व्यावसायिक दक्षता र उच्चस्तरीय व्यावसायिक अखण्डता राखेको छ । यसैगरी फिलिपिन्स लाइब्रेरि असोसियसनको आचारसंहितामा पाँचओटा धारा र ३१ ओटा उपधारा छन् । यसमा समाज र राज्यप्रतिको सम्वन्ध, पाठकप्रतिको सम्वन्ध, व्यवसाय र सहकर्मीहरुसँग सम्वन्ध, एजेन्सीसँगको सम्बन्ध र आफूसँगको सम्वन्ध रहेका छन् । नेपालको सन्दर्भमा कुरा गर्दा वि.सं.२०१० सालमा स्थापित भएर २०३७ सालमा पुन:स्थापित भएको नेपाल पुस्तकालय संघले हालसम्म कुनै आचारसंहिता वनाएको पाइन्न ।

पुस्तकालय आचारसंहितामा हुनुपर्ने गुणहरु

- काम गर्ने सिलसिलामा नैतिकतासम्वन्धी द्विविधा आए त्यस्तो अवस्थामा कुनलाई प्राथमिक दिने भन्ने मार्गदर्शन गर्न सकोस्,
- आचारसंहिताले व्यवसायीहरुले सर्वमान्य आचरणको आदर्श स्थापित गर्न सकोस्,
- उच्चस्तरीय कार्यविधिलाई प्रोत्साहन देओस् ताकि सो व्यवसायले समाजमा राम्रो प्रभाव पारोस् ।
- सामान्यतया पाठक हितको ख्याल गरोस् । कर्तव्यपालनाको क्रममा द्विविधा आउने थुप्रै अवस्था पर्न सक्छन् । सो अवस्थामा प्राथमिकताको क्रम (Order of precedence) निर्धारण भएमा सो द्विविधामा पनि सरलतासाथ निर्णय लिन सकिन्छ । सामान्यतया यस्तो स्थितिमा प्राथमिकता क्षेत्र तालिकाको क्रमवद्धता निम्नानुसार कायम गरिन्छ ।

(क) मानवता (ख) राष्ट्रिय स्वार्थ ग) समाज (घ) मातृसंस्था (ङ) पाठक/प्रयोगकर्ता (च) व्यवसाय (छ) सहकर्मी (ज) व्यावसायिक सहकर्मी र (झ) आफ्नो भलाई । उदाहरणका लागि मानिलिउँ एकजना पाठक (ङ) ले बम बनाउने जानकारी भएको सूचना (पुस्तक) माग गर्छ भने वा अन्य कुनै सम्वेदनशील सूचना माग गर्छ र यो उसले सूचनाको अधिकार (Right to information) भित्र पर्छ भनेर तर्क दिन्छ भने पुस्तकालयले सो सूचना प्रदान गर्दा समाज (ग) लाई खतरा उत्पन्न हुने देखिन्छ, यस्तो अवस्थामा उक्त तालिकामा पाठक (ङ) भन्दा समाज (ग) नै प्राथमिकताको तालिकामा अगाडि आउने भएकोले पाठकको माग अस्वीकृत गर्नुपर्ने हुन्छ । अर्को उदाहरणमा यदि मातृसंस्था (घ) को स्वार्थ राष्ट्रिय स्वार्थ (ख) सँग वाझिने स्थिति आयो भने राष्ट्रिय स्वार्थ सो तालिकामा अगाडि हुनाले राष्ट्रिय स्वार्थलाई पालना गर्नुपर्दछ । जहाँ व्यावसायिकताको कमजोर आचारसंहिता छ त्यहाँ व्यक्तिगत भलाई (झ) ले सवै क्रमवद्धतालाई उल्लंघन गरेको हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तकालय आचारसंहितामा समावेश गरिनु पर्ने कुराहरू

एउटा सर्वमान्य आचारसंहिता बनाउनु गाह्रो कार्य हो । माथि भनिए झैं एउटा देशको आचारसंहिता अर्को देशमा उपयुक्त नहुन सक्छ । त्यसैले आचारसंहिता पनि देश, काल, समाज र व्यावसायिक स्थिति सापेक्ष हुन्छ । तलका केही बुँदाहरु एक आदर्श आचारसंहिता बनाउनका मार्गदर्शनका लागि लिन सकिन्छः

- मानवता र समाजप्रतिको उत्तरदायित्वको बोध,
- पाठकहरूप्रतिको उत्तरदायित्व (निष्पक्षता, गोपनीयता, सूचनाको अधिकार, स्वाभिमानको सम्मान, सरल र छिटो, सही सूचना),
- लेखकहरुप्रति : वौद्धिक सम्पत्तिमाथिको अधिकारको रक्षा, प्रतिलिपी अधिकारको रक्षा,
- मातृसंस्थाप्रतिको उत्तरदायित्वः संस्थाको उद्देश्य र लक्ष प्राप्तीमा सहयोग पुग्ने खालका कार्यहरु गर्ने,
- व्यावसायिकताप्रतिः व्यावसायिक स्तरीयता वृद्धि हुने गरी काम गर्ने, सम्पूर्ण व्यावसायिकतामा आँच आउने गरी काम नगर्ने,
- सहधर्मी/सहकर्मीहरुप्रतिः आफ्ना सहधर्मी र सहकर्मीहरुलाई नोक्सान हुने कार्य नगर्नु, उनीहरुको आत्मसम्मान र व्यावसायिक दक्षता, योग्यता अभिवृद्धिमा सहयोग पुऱ्याउनु,
- आफैप्रतिः आफ्नो पदलाई व्यक्तिगत लाभको लागि प्रयोग नगर्नु । आफ्नो योग्यता र दक्षता अभिवृद्धिमा सहयोग पुऱ्याउने कार्यमा सचेत रहनु ।

आचार संहिताको नमूना

अमेरिकन लाइब्रेरि असोसिएसनको पुराना आचारसंहिताहरुमा संशोधन भएर अन्तिम पटक सन् १९९५ मा निकालेको आचारसंहिताको प्रतिलिपिको भावानुवाद तल दिइएको छ ।

१ हामी सबै पुस्तकालय प्रयोगकर्ताहरुलाई उपयोगी र संगठित संकलनका माध्यमले सुगम, सही, निष्पक्ष र आदरपूर्ण व्यवहारकासाथ उच्चस्तरीय सेवा प्रदान गर्दछौं ।

२ हामी बौद्धिक स्वतन्त्रताको सिद्धान्तप्रति दृढ आस्था राख्छौं र कुनै पनि किसिमका पुस्तकालय सूचनासामग्रीमाथिको सेन्सरसीपको विरोध गर्दछौं ।

३ हामी प्रत्येक पाठकले चाहने, प्राप्त गर्ने तथा सम्प्रेषण गर्ने हरेक सूचनासम्वन्धी कुरामा पाठकको एकान्त तथा गोपनीयताको अधिकारको रक्षा गर्छौं ।

४ हामी बौद्धिक सम्पत्तिमाथिको अधिकारको सम्मान गर्दै अधिकारवाला तथा सूचना प्रयोगकर्ताबीच

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उचित सन्तुलन कायम बनाइराख्न जोडदार वकालत गर्दछौं ।

५ हामी आफ्ना सहकर्मी तथा सहधर्मीहरुलाई समुचित आदर, निष्पक्षता र विश्वासकासाथ व्यवहार गर्दछौं । रोजगारीका यस्ता आधारहरुको वकालत गर्दछौं जसले आफ्ना मातृसंस्थाका कर्मचारीहरुको हकहितलाई सुनिश्चित गर्दछ ।

६ हामी हाम्रा पाठकहरु, सहधर्मीहरु तथा रोजगारदाता मातृसंस्थाको हितविरूद्ध आफ्नो व्यक्तिगत स्वार्थ कदापि अगाडि आउन दिंदैनौं ।

७ हामी आफ्ना व्यक्तिगत धारणा र व्यावसायिक कर्तव्यवीच स्पष्ट पहिचान राख्न सक्छौं र आफ्ना व्यक्तिगत धारणा मातृसंस्थाको उद्देश्यसँग बाभिन दिन्नौं ।

८ हामी व्यावसायिक दक्षतामा उच्चस्तरीयता ल्याउन र आफ्नो ज्ञान एवम् सीपमा सुधार ल्याउन भरमग्दुर प्रयास गर्नेछौं, सहकर्मीहरुको व्यावसायिकता विकासमा प्रोत्साहन गर्दछौं, तथा यस व्यवसायका सम्भावित सदस्यहरुको आकांक्षा पृष्ठपोषण गर्दछौं ।

सन्दर्भस्रोतहरु

1 Byrne, Alex "IFLA and professional ethics"
2 Encyclopedia Brittannica, 2003
3 Hauptman, Robert "Ethics and Librarianship" 2002
4 Robbins, Stephen "Organizational behaviour"
5 Vaagan, Robert W. "The ethics of librarianship"
6 www.ala.org.
7 www.ethicsweb.ca/codes/
8 www.ifla.org
9 www.sis.pitt/edu/ethics

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केसर पुस्तकालयका पिता- फिल्ड मार्शल केसर शमशेर

रमेशनाथ पाण्डे*

त्यसबेला किताबप्रेमीहरु मध्ये केसर शमशेरको नाम निकै चर्चित थियो । केसर पुस्तकालय विश्वकै ठूला निजी पुस्तकालय मध्येको थियो । किताव संग्रह, संरक्षण, वातावरण प्रत्येक दृष्टिमा अत्यन्त भव्य । त्यसमा मुलुक नै गौरवान्वित थियो । यसैले विदेशी विशिष्ट पाहुनाहरु आउँदा केसर पुस्तकालय अवलोकनको कार्यक्रम अनिवार्य राखिन्थ्यो । श्री ५ महेन्द्रको शुभराज्यभिषेक समारोहमा भाग लिन आएका भारतका विद्वान उपराष्ट्रपति राधाकृष्णन पनि केसर पुस्तकालयबाट ज्यादै प्रभावित हुनुभएको थियो । २०१५ सालमा पहिलो चिनियां सांस्कृतिक प्रतिनिधिमण्डल आउँदा केसर पुस्तकालय निरीक्षण र दिवाभोजको कार्यक्रम थियो । म पनि पत्रकारको हैसियतमा निमन्त्रित थिएँ । यसरी पहिलो पटक केसर पुस्तकालय पुगेपछि केसर शमशेरसँग मेरो सम्वन्ध विस्तारै घनिष्ट भयो । पुस्तकालयमा जाने र किताव घरमा ल्याउने सुविधा पाउने ज्यादै थोरै व्यक्तिहरु मध्ये म पनि एक भएँ । केसर शमशेरको स्मरणशक्ति र कितावप्रतिको संवेदनशीलता अचम्मै खालको थियो । एक दिन इजिप्टका जनरल नगिवद्वारा लिखित 'फिलोसफी एन्ड नेचर अफ रिभोलुरन' का लागि म पुस्तकालय गएको थिएँ । केसर शमशेरले मलाई पुस्तकालयमा लग्नुभयो । खास्टो ओड्ने, रातो कपडाको नेपाली चप्पल लगाउने, होचो कदका केसरको अकारण पनि टाउको हल्लाइरहने अचम्मको वानी थियो । उहाँका किताबहरु सँधै नयाँ रहन्थे । कुन किताब कहाँ छ भन्ने वहाँलाई कण्ठै थियो । किताव राखिएका दराजहरुमा हेर्दै वहाँ अगाडि बढ्नु भयो । दराजबाट एउटा पातलो किताव झिक्नु भयो, अनि हतारिएर थन्काउनु भयो । एकै छिन पछि फेरि त्यही किताब झिकेर भन्नु भयो - "कस्तो मान्छे, छापाको गाता राखेछ र" वहाँले किताब छोपेर राखेको अखवार च्यात्नु भयो, किताव हेर्नु भयो र मलाई देखाएर भन्नु भयो -"नानीले खोजेको किताव यही त हो नि ।"

फिल्ड मार्शल केसर शमशेरको निधन पछि सरकारले संरक्षण गर्ने निहुँमा यो पुस्तकालयको दुर्दशा भयो । कुनै बेला देशकै गौरव बनेको यो पुस्तकालय अहिले नेपालको बौद्धिक सम्पत्तिप्रति अचेतन अवस्था र मानसिक दरिद्रताको लज्जास्पद उदाहरण बनेको छ । २०३० सालमा सिंहदरबारमा आगो लागे पछि क्षतविक्षत भएको केन्द्रीय प्रशासन, कार्यालय भवन नभएर अस्तव्यस्त भएका मन्त्रालयहरुलाई अस्थायी वास दिने निहुमा सरकारले शिक्षा मन्त्रालयकोलागि लिएको "केसर महल" मा स्थायी कव्जा गरेर केसर पुस्तकालयलाई शरणार्थी वनाएको छ ।

राणाशासनको अन्त पछि पटक-पटक मंन्त्री हुनु भएका, नेपाली सेनाको पहिलो फिल्ड मार्शल केसरसँग किताव लिन र फर्काउन केसर महल गएको बेलामा कहिले काहीं देशको राजनीतिक घटनाक्रम वारे पनि कुरा हुन्थे । पत्रकार भएकोले मसँग वहाँले जानकारी लिन खोज्नु, छलफल गर्नु स्वाभाविक नै थियो । म वहाँसँग राणा शासन र विशेष गरेर चन्द्र शमशेर बारे बिभिन्न प्रश्नहरु गर्दथे । यसै क्रममा एक दिन मैले नेपाल र व्रिटेन विच दौत्य सम्वन्ध कायम गर्ने चन्द्र शमशेरको निर्णय र उन्ले गरेको ब्रिटेनको भ्रमण वारे प्रश्न गरे । वहाँको जवाफ थियो "नानीलाई म बुवाले लेखि बक्सिएको डायरी देखाऊला है ।" तर वैदेसिक सम्वन्धलाई सँस्थागत तुल्याएर स्वतन्त्र व्यक्तित्व विकासमा ऐतिहासिक देन दिने व्यक्तित्वको डायरी पढ्ने मेरो चाहना पूरा हुन सकेन । केसरको मृत्यु भएको धेरै वर्ष बितिसकेको छ । तर वहाँको परिवारले प्रधानमन्त्री चन्द्र शमशेरको बहुमूल्य डायरी सार्वजनिक गरेर नेपालको अन्तर्राष्ट्रिय सम्वन्धको इतिहासलाई पूर्ण बनाउन किन सहयोग गरेनन् मैले वुझ्न सकेको छैन ।

(लेखकको प्रकाशोन्मुख पुस्तकको अंश)

* पूर्व परराष्ट्र मन्त्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तकालय तथा सूचना व्यवस्थापन: सिंगापुरबाट सिकेका पाठहरु

यादवचन्द्र निरौला*

पृष्ठभूमि

अन्तर्राष्ट्रिय पुस्तकालय महासंघ (International Federation of Library Associations and Institutions, IFLA) को स्थापना संसार भरीका पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा कार्यरत जनशक्ति व्यक्ति एवम् संस्थाहरूको विश्वव्यापी छाता संगठन हो । यसले खास गरी पुस्तकालय, सूचना केन्द्र तथा सूचनासंग सम्वन्धित पेसाकर्मीका समस्या, चुनौती, अवसर एवम् सम्भावनाका वारेमा विभिन्न गतिविधिहरू सञ्चालन गर्दछ । यो एक स्वतन्त्र, गैरसरकारी तथा मुनाफारहित अन्तर्राष्ट्रिय संस्था हो । जसले हरेकवर्ष वार्षिक सम्मेलन (Annual conference) गर्दछ । सन् २००८ को वार्षिक सम्मेलन क्यानाडाको क्यूवेक सिटीमा हुदैछ । वार्षिक सम्मेलनका अतिरिक्त यसले पुस्तकालय तथा सूचना सेवासंग सम्वन्धित समसामयिक विषयमा विभिन्न Newsletter, Guideline, Reports प्रकाशन गर्दछ । साथै अन्य अन्तराष्ट्रिय गैरसरकारी संस्था जस्तो Unesco, World Intellectual Propery Oragization आदि संग सहकार्य पनि गर्दछ । यसको केन्द्रीय कार्यालय नेदरल्याण्डको द हेगमा रहेको छ । संसारका करीव १५० भन्दा बढी मुलुकका १७०० भन्दा वढी पेसागत संगठनहरू तथा पाँचलाख भन्दा बढी व्यक्तिहरू IFLA मा आवद्ध छन् । IFLA ले आफ्ना सदस्यहरूको पेसागत क्षमता अभिवृद्धि गर्न छओटा विभिन्न मुख्य क्रियाकलापहरू (Core Activies) सञ्चालन गरेको छ । जसमध्ये Action for Libraries Through Development Programme (ALP) पनि एक हो । ALP को अफिस स्वीडेनको University of Uppsala मा रहेको छ । IFLA ले आफ्ना पेसागत क्रियाकलापहरूलाई व्यवस्थित रूपमा अगाडि वढाउन Asia and Oceanina, Africa, Latin America and the Carabian गरी सदस्य मुलुकहरूलाई भौगोलिक क्षेत्रको आधारमा तीन भागमा विभाजन गरेको छ । Asia and Oceania क्षेत्रको क्षेत्रीय कार्यालय सिंगापुरमा रहेको छ । यसको जिम्मेवारी National Library Board सिंगापुरले सम्हाल्दै आएको छ । एशिया, अष्ट्रेलिया तथा प्यासिफिक क्षेत्रका ५७ ओटा मुलुकहरू यस क्षेत्रअन्तर्गत पर्दछन् । एशिया तथा ओसिनिया क्षेत्रका पुस्तकालय तथा सूचना केन्द्रमा कार्यरत Middle level professional and technical specialists का लागि Scholarship and Training Attachment गरी दुई प्रकारका पेसागत क्षमता अभिवृद्धि गर्ने (तालिम) कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । उल्लिखित तालिम कार्यक्रममा भाग लिनका लागि हरेक वर्षको डिसेम्वर को ३१ तारिख भित्र आफूले लिन चाहेको तालिम कार्यक्रम सम्बन्धी फाराम http://www.ifla.org.VI/1/admin.scholarasia.htm वाट डाउनलोड गरी आफू कार्यरत संस्थाको संस्थागत स्वीकृतीसहित क्षेत्रीय कार्यालय सिंगापुरमा पठाउनु पर्छ । प्राप्त निवेदनका आधारमा scholarship का लागि सामान्यत: पाँचजना र Training Attachement का लागि तीनजनाको मनोनयन गर्दछ ।

*पुस्तकालय अधिकृत, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन् २००७ को ALP Training Attachement अन्तर्गत छनोट भएका तीनजना सहभागीहरूमध्ये आफू पनि परेको र सोहीअनुसार सन् २००८ को अप्रिल १ देखि २८ तारिखसम्म National Library Board सिंगापुर र अन्तर्गतका विभिन्न पुस्तकालयमा तालिम लिने अवसर प्राप्त गरेको थिए । यस लेखमा सो तालिमवाट प्राप्त गरेका ज्ञान, सीप र अनुभवहरू नेपालको सर्न्दभमा पनि उपयोगी हुने ठानी संक्षिप्त रूपमा उल्लेख गर्ने जमर्को गरेको छु ।

सिंगापुरको कूल क्षेत्रफल ६८२ वर्ग किलोमिटर छ । कूल जनसंख्या लगभग ४० लाख छ । यो संसारकै सवभन्दा बढी प्रतिव्यक्ति आय भएका मुलुकहरुमा पर्दछ । सिंगापुरमा पुस्तकालयको इतिहास वेलायतको इष्ट इण्डिया कम्पनीमा कार्यरत Stampford Raffels ले सन् १८४० को दशकमा स्थापना गरेको Raffels Library वाट प्रारम्भ भएको देखिन्छ । वास्तवामा Raffels Library विद्यालय पुस्तकालय थियो । सन् १९६५ मा स्वतन्त्रता प्राप्त गरेपछि सिंगापुर राष्ट्रिय पुस्तकालयको स्थापना भएको हो । सन् १९९५ मा राष्ट्रिय पुस्तकालयलाई स्वायत्त संस्था (Statutory board) को रूपमा बढोत्तरी गरिएपछि यसको नाम परिवर्तन गरी Natioal Library Board राखियो । हाल National Library Board अन्तर्गत तीनओटा क्षेत्रीय पुस्तकालय, १९ ओटा सार्वजनिक पुस्तकालय, १० ओटा बाल पुस्तकालय तथा भरखरै एक घुम्ती पुस्तकालय समेत खुलेको छ । साथै NLB ले Singapore Management University तथा अन्य शैक्षिक एवम् विशेष पुस्तकालयलाई पनि सहयोग गर्दै आएको छ ।

NLB पद्धति अन्तर्गत पुस्तकालय व्यवस्थापन कार्य गर्दा अपनाइएका कार्यप्रणाली र सो वाट हामीले सिक्नुपर्ने पाठका बारेमा वुँदागत रुपमा तल प्रस्तुत गरिएको छः

१. केन्द्रीय प्रशोधन प्रणाली

NLB अर्न्तगत रहेको Library Supply Center ले NLB पद्धतिअन्तर्गत रहेका सवै पुस्तकालयहरूका लागि पुस्तक लगायतका सवै पठन सामग्रीहरूको चयन (Selection), प्राप्ती (Acquisition), वर्गीकरण तथा वेवमा आधारित सूचीकरण तथा डाटावेस तयार अर्थात् पुस्तकालयका लागि गर्नुपर्ने सम्पूर्ण प्राविधिक कार्यहरू एकै ठाँउवाट गर्दछ परिणामस्वरूप काममा दोहोरोपना नआउने, समय, श्रम र जनशक्तिको समेत वचत हुन्छ । साथै राष्ट्रिय वाङ्मयसूची (National Bibliography), राष्ट्रिय सूचीपत्र (Nationial Union Catalogue) जस्ता दूरगामी महत्व राख्ने सामग्रीहरू चयन गर्न, International Standard Book Number (ISBN), International Standard Serial Number, तथा International Standard Music Number प्रदान गर्न तथा Legal depository को कार्यगर्न तथा विभिन्न व्यक्ति संस्थासंग समन्वय एवम् सहकार्य गर्न सहज भएको पाइयो । साथै सवै पुस्तकालयको एउटै डाटावेस हुने हुँदा एक पुस्तकालयमा नभएको पुस्तक वा पठन सामग्री अर्को पुस्तकालयवाट अन्तर पुस्तकालय सापटीका माध्यमवाट लिन पनि सहज हुँदोरहेछ ।

पूर्वाधारको अभावमा नेपालका सबै भागमा केन्द्रीय प्रसोधन प्रणाली अपनाउन त सकिदैन तर काठमाडौ उपत्यकाजस्ता पूर्वाधार भएका ठाँउमा स्पष्ट सरकारी नीत हुने हो भने असंभव चाहि छैन । यसवाट कुन पुस्तकालयमा कुन पठन सामग्री छ भन्ने कुरा सजिलै थाह पाउन सकिने हुन्छ । पुस्तकालयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राविधिक कर्मचारीको अभावलाई पनि केही हद सम्म पूर्ति गर्न सकिने देखिन्छ ।

२. 24 hour book drop

NLB पद्धतिअन्तर्गत रहेका बाल पुस्तकालय र घुम्ती पुस्तकालय वाहेक सवै पुस्तकालयहरूमा पाठकले अध्ययनका लागि लगेको पुस्तक आफूलाई उपयुक्त लागेको जुनसुकै समय र जुनसुकै पुस्तकालयमा फिर्ता गर्न सक्छ । यसवाट पाठकको समय बचत हुने त छदैछ पुस्तकालयप्रति जनसाधारणको आकर्षण बढाउन ठूलो सहयोग पुगेको देखियो ।

साधन र स्रोतको अभावमा नेपालमा २४ सै घण्टा पुस्तक फिर्ता गर्न सक्ने जस्तो महत्वाकांक्षी कार्यक्रम तुरुन्तै लागू गर्न त सकिदैन तर राम्रो समन्वय हुने हो भने पाठकले एउटा पुस्तकालयवाट अध्ययनका लागि लिएको पुस्तक अर्को पुस्तकालयमा फिर्ता गर्न सक्ने व्यवस्था मिलाउन सकिन्छ । यति मात्र गर्न सक्ने हो भने पनि पुस्तकालयको प्रभावकारिता र प्रयोग बढ्न सक्ने देखिन्छ ।

३. सेवा प्रवाहमा विविधता

सूचना प्रविधि लगायत विकासका सवै आयामहरूको उच्चतम् विकास भएको सिंगापुरको आधा भन्दा बढी जनसंख्या पुस्तकालयका सदस्य छन् । पुस्तकालयमा पाठकलाई कसरी आकर्षित गर्न सकिन्छ भनेर नयाँनयाँ कार्यक्रमहरू तयार गरी लागू गर्ने गरेको पाइयो । उदाहरणका लागि Born to read to bond, Ask Me, I love my Library, Singapore pages, Singapore infopedia आदिलाई लिन सकिन्छ । उल्लिखित पुस्तकालय परिसरमा वायरलेस नेटवर्क पद्धतिको जडान गरिएको हुँदा इन्टरनेट प्रयोगकर्ताको संख्या पनि उल्लेखनिय रहेको पाइयो । नेपालका पुस्तकालयहरुले पनि पाठकलाई पुस्तकालयमा आकर्षीत गर्न विभिन्न कार्यक्रमहरु तयार गरी लागू गर्न सकिन्छ ।

४. नगदविहिन कारोवार

पुस्तकालयको सेवा लिएवापतको पाठकले पुस्तकालयलाई तिर्नुपर्ने जतिसुकै सानो रकम पनि पुस्तकालयमा राखिएका E-Kisoks का माध्यमवाट भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको छ । यसका लागि पाठकले आफ्नो वैकको cash card वा रेल वा वस चढदा प्रयोग गरिने Easy link card समेत प्रयोग गर्न सक्छन् । यसरी पुस्तकालयका प्रयोगकर्ताले तिरेको रकम सिधै बैकको खातामा जम्मा हुन्छ परिणामस्वरूप पुस्तकालयले नगदसम्बन्धी कुनै झमेला बोक्नु पर्दैन ।

५. शुल्कसम्बन्धी व्यवस्था

सिंगापुरमा पुस्तकालयको सेवा लिएवापत् हरेक सेवाग्रहीले न्यूनतम शुल्क तिर्नुपर्छ । उदाहरणका लागि पुस्तकालयको कम्प्युटरवाट इन्टरनेट वा इमेल प्रयोग गर्दा प्रतिमिनेट तीन सेन्ट तिर्नुपर्छ साथै पुस्तकालयमा रहेका इलेक्ट्रोनिक खासगरी Library@esplandel मा रहेका फिल्म, संगीतसम्वन्धी सिडी, भिसिडि लगायतका सामग्रीहरू इस्यू गरी लैजानका लागि प्रतिवर्ष २१ डलर तिरेर Primum membership लिनुपर्छ । यसरी सदस्यता लिएपछि एकपटकमा चारओटा फिल्म वा आफ्नो इच्छाअनुसारका सामग्री इस्यू गर्न सक्छन् । सिंगापुरको कुनैपनि नागरिकले पुस्तकालयका लागि तिनुपर्ने कुनैपनि प्रकारको शुल्क

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(चाहे त्यो Due date fine वा अन्य कुनै प्रकारको महशुल नै किन नहोस्) समयमै तिरेको हुन्छ ।

नेपालका शैक्षिक पुस्तकालय बाहेक अन्य पुस्तकालयमा सामान्यतः शुल्क लिने चलन छैन । भएका ठाउमा पनि सकेसम्म शुल्क तिर्ने प्रवृत्ति अत्यन्त न्यून छ । शुल्क लगाउन खोज्नु पुस्तकालयमा काम गर्ने कर्मचारीले नदुखेको टाउको डोरी लगाएर दुखाउनु भन्ने उखान समान भएको पाइएको छ ।

६. Outreach programme

खासगरी NLB अन्तर्गत रहेका सार्वजनिक पुस्तकालयहरूले विभिन्न समसामयिक विषयवस्तुहरू लिएर outreach programme मा जाने र पुस्तकालयको प्रयोग गर्न विद्यार्थी, अभिभावक आदि विभिन्न उमेरसमूहका व्यक्तिहरूलाई अभिप्रेरित गर्ने गरेको पाइयो । उदाहरणका लागि इलेक्ट्रोनिक डाटावेसको प्रयोग गर्ने तरिका, इमेल इन्टरनेटको माध्यमवाट अध्ययन अनुसन्धानकार्यलाई कसरी प्रभावकारी बनाउन सकिन्छ । सन्दर्भसूचीमा वेवसाइटवाट लिइएका सामग्रीहरू राख्ने तरिका, वेवसाइटका फाइदा तथा वेफाइदा, वेवसाइटको आधिकारिकता पत्तालगाउने तरिका आदि आदि ।

